वर्ष : १५, अंक : ४५, काठमाडौं, २०७६ फागुन २३ गते शुक्रबार, 6 March 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

**कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।**

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## को बन्छ 'महामूर्ख' ?



जनकपुरधाम । जति जति होली आउने दिन नजिकिदै छ, जनकपुरमा अर्को कौतुहलता पनि त्यति नै जागेको छ । जनकपुरमा हरेक होलीसँग मनाइने 'महामुर्ख सम्मेलन' मा 'महामुर्ख'को पदवी कसलाई दिइने भन्ने कौतुहलता सर्वत्र जागेको हो ।

### हालसम्मका महामुर्खहरू

२०६१ मैथिली कवि नरेश ठाकुर
२०६२ तत्कालीन एमाले नेता शीतल झा
२०६३ जनकपुर नगरपालिकाका तत्कालीन मेयर हरिबहादुर बिसी
२०६४ मा तत्कालीन सदभावना पार्टीका नेता ओमकुमार झा
२०६५ वरिष्ठ साहित्यकार डा.राजेन्द्र विमल
२०६६ तात्कालीन नेकपाका नेता रामचन्द्र
२०६७ राजनीतिक विश्लेषक सिके लाल
२०६८ साहित्यकार रामभरोस कापडी
२०६९ नेपाली कांग्रेसका नेता रामसरोज यादव र तत्कालीन तमलोपाका नेता डा.विजयकुमार सिंह
२०७१ तत्कालीन एमाले नेता शत्रुध्न महतो
२०७२ समाजसेवी पवन सिंहानीया
२०७४ जनकपुरधाम उपमहानगरपालिकाका मेयर लालकिशोर साह
२०७५ राजपा उपाध्यक्ष वृषेशचन्द्र लाल

अहिले होली आउन चार दिन बाँकी रहे पनि जनकपुरमा होलीको उत्सव भने सुरू भइसकेको छ । सद्भाव र भाइचाराको पर्वको रूपमा लिइने होलीलाई एकअर्काप्रति व्यङ्ग्य गर्ने पर्वको रूपमा समेत लिइन्छ । होलीको अवसर पारेर एकअर्कालाई हँस्यौली ठठ्यौली गर्ने मिथिलाको परम्पराअनुसार 'महामुर्ख' सम्मेलन वर्षेनी आयोजना हुँदै आएको छ । यस वर्ष पनि होलीको अवसर पारेर 'होरी' महोत्सव र 'महामूर्ख' सम्मेलनको तयारी गरिएको छ । वास्तविक जीवनमा कोही पनि आफूलाई 'महामुर्ख' कहलाउन चाहँदैनन् । तर होलीको अवसरमा दिइने 'महामूर्ख' को उपाधि पाउन तँछाडमछाड हुन्छ । होलीको अवसरमा दिइने 'महामुर्ख' को उपाधि पाउने व्यक्ति आफूलाई गौरवान्वित ठान्ने गर्दछन् । उपाधि 'महामुर्ख'को रहेपनि पाउने व्यक्ति समाजका चर्चित राजनीतिज्ञ, साहित्यकार,

*बाँकी अन्तिम पृष्ठमा*

# तराई-मधेश समृद्धि कार्यक्रममाथि गम्भीर प्रश्न

## मागै नभएकामा बजेट, कार्यकर्ता पोस्ने नियत

**मधेशवाणी डेस्क**

काठमाडौं । मानव विकास सूचकांकमा पछाडि परेका तराई-मधेशका स्थानीय तहमा आर्थिक, सामाजिक रूपान्तरण गर्दै जनताको सार्वजनिक सेवामा पहुँच अभिवृद्धि तथा जीवनस्तरमा सुधार ल्याउन सञ्चालन गरिएको 'तराई-मधेश समृद्धि कार्यक्रम'मा अनियमितताको आशंका गरिएको छ ।



मुलुक संघीयता कार्यान्वयनको महत्वपूर्ण घडीबाट अघि बढिरहेका बेला उक्त कार्यक्रम केन्द्रीकृत शासन प्रणालीको झल्को दिने गरी माथिबाटै कार्यक्रम छनोट गर्ने गरिएको र आफ्नो मान्छे भएको क्षेत्रमा मात्रै कार्यक्रम दिएर अनियमितता गरेको भन्दै सांसदबाट गम्भीर प्रश्न उठेको छ ।

प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिका सदस्यले राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा पुष्प कँडेललाई उक्त योजनाबारेमा स्थलगत अध्ययन गरी वास्तविक अवस्था पत्ता लगाएर अनियमिता रोक्न आग्रह गरेका छन् ।

नेकपाका सांसद यशोदा गुरूङ सुवेदीले स्थानीय तहबाट माग भई आएका कार्यक्रमलाई स्थान नदिई माथिको (मन्त्रालयको) चाहनाअनुसार कार्यक्रम सञ्चालन भएको आरोप लगाउँदै क्षेत्रमा अत्यधिक कार्यक्रम गएको र कुनै क्षेत्रमा जान नसकेको पाइएको बताए । उक्त कार्यक्रममा अनियमितता भएको भन्दै समितिमा यसअघि नै उजुरी परेको थियो ।

समितिको बैठकमा 'तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि २०७५' माथि छलफल भएको थियो । छलफलमा भाग लिँदै सदस्य सुवेदीले भने, 'नामअनुसार उत्पादन बढाउनुपर्ने कार्यक्रमको बजेट बाटो र भवन निर्माणमा प्रयोग गरिएको छ, यसलाई कृषि, उद्योग, सिँचाइ, तटबन्धजस्ता अत्यावश्यक क्षेत्रमा लगाउनु जरूरी छ, त्यसतर्फ ध्यान जाओस् ।'

छलफलमा नेपाली कांग्रेसका सांसद दिलेन्द्रप्रसाद बडुले कार्यक्रम कार्यान्वयनमा कार्यविधि पालना नभएको बताए । सन्तुलितरूपमा वितरण गर्न नसकिए संघीयताको उपहास हुन्छ भन्दै उनले त्रुटि सच्याएर अघि बढ्न सुझाव दिए । गत वर्षदेखि तराईका २१ जिल्लाका २७६ स्थानीय तहका दुई हजार ६०० बढी वडामा उक्त कार्यक्रम लागू गरिएको छ । कार्यक्रम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नेतृत्वमा सुरू भएको हो ।

सीमा क्षेत्र विकास कार्यक्रमलाई विस्थापित गरी तराई-मधेश समृद्धि सञ्चालन कार्यविधि २०७५ पारित गरी लागू गरिएको कार्यक्रममा संघबाट ९० प्रतिशत र स्थानीय तह वा उपभोक्ताबाट १० प्रतिशत हाल्नुपर्ने प्रावधान छ । यसपटक स्थानीय तहबाट ४१ अर्ब रूपैयाँको योजना माग गरिएको भए पनि सरकारले दुई अर्ब रूपैयाँ हाराहारीको कार्यक्रम छनोट गरेको थियो । स्थानीय तहले योजना तर्जुमा गरी केन्द्रमा पठाउने र केन्द्रले स्वीकृत गरेर पठाएको योजनामा स्थानीय तहले कार्यान्वयन गर्छ ।

सांसदहरूले भने कार्यविधिअनुसार कार्यक्रम सञ्चालन हुन नसकेकाले प्रभावहीन बन्दै गएको बताए । समितिका सदस्य तथा पूर्वसंघीय मामिला तथा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितले कार्यक्रमको बचाउ गर्दै यसलाई अझै व्यवस्थित गर्न सांसदहरूको सुझावको खाँचो रहेको बताए ।

समितिमा सांसदहरूले उठाएको प्रश्नको जवाफ दिँदै आयोगका उपाध्यक्ष डा. कँडेलले यस्ता योजनाको अनुगमन र मूल्यांकन गर्ने आयोगको अधिकार क्षेत्रभित्र रहेकाले आवश्यकता अनुसार अघि बढ्ने आश्वासन दिए । तराई-मधेशका आर्थिक, सामाजिकरूपले पछाडि परेका वर्ग, समुदाय र भौगोलिक क्षेत्रको पहिचान गर्न, स्थानीय तहलाई उपलब्ध गराइने स्रोतलाई प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने आधार र प्रक्रियाबारे स्पष्टता कायम गर्न उक्त कार्यक्रम आएको हो । कार्यक्रम सञ्चालन कार्यविधिमा आयोजना तर्जुमा र व्यवस्थापनलाई सरल, पारदर्शी र व्यवस्थित गरी प्रभावकारी तथा उत्तरदायी बनाउने, उपलब्ध स्रोतबाट अधिकतम लाभ हासिल गरी सार्वजनिक सेवामा जनताको पहुँच अभिवृद्धि गर्ने, पहिचान भएका वर्ग, समुदाय र क्षेत्रका जनताको जीवनस्तरमा सुधार ल्याई गरिबी न्यूनीकरणमा प्रत्यक्ष टेवा पुऱ्याउने कार्यक्रमको उद्देश्य रहेको उल्लेख छ ।

सरकारले मानव विकास सूचकांकमा पछाडि परेका तराई-मधेशका २१ जिल्लाका २७६ स्थानीय तहमा विकास-निर्माणका योजना सञ्चालन गरी जनताको जीवनस्तरमा सुधारका लागि तराई मधेश समृद्धि कार्यक्रम लागू गरेको हो । झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपुर, परासी, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका स्थानीय तहमा उक्त कार्यक्रम सञ्चालन भएको छ ।

तराई मधेश समृद्धि कार्यक्रम निर्देशिका २०७५ अनुसार सामूहिक आवास भवन, सामुदायिक पूर्वाधार, सडक, कृषि विकास, खानेपानी तथा सरसफाइ, सिंचाइ तथा नदी नियन्त्रण, ऊर्जा, विपत् न्यूनीकरणलाई यो कार्यक्रमले समेटेको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## प्रदेश २ को नामाकरण निर्वाचनमार्फत्



काठमाडौं। प्रदेश २ को नामकरण र स्थायी राजधानीबारे सहमति जुटाउन नसकेपछि प्रदेशसभामा निर्वाचनमार्फत राजधानी र नामको टुङ्गो लगाउने तयारी भएको छ। प्रदेशसभा सचिवालयले मतदानमार्फत प्रदेश २ को नाम र स्थायी राजधानी टुङ्गो लाग्ने भएको जनाएको हो।

प्रदेश २ को नामकरण र स्थायी राजधानी टुंगो लगाउन फागुन २३ गते मतदान हुने भनिएको कार्यक्रम स्थगित गरी चैत १ गतेका लागि तोकिएको छ। कार्य सम्पादन समितिको बैठकले फागुन २२ गते प्रदेश सभाको बैठक बसेर २३ गते मतदान गर्नेनिर्णय गरेको थियो। सोही निर्णयका आधारमा प्रदेश सभा सचिवालयले सूचना पनि जारी गरियो तर विशेष कारणवश सो कार्यक्रमलाई स्थगित गरेको हो।

सभामुख सरोजकुमार यादवले प्रदेशको नामकरणका लागि चार र राजधानीका लागि तीन प्रस्ताव दर्ता भएको भन्दै सबै प्रस्तावमा छलफल गरेर दुईतिहाइ मतबाट पारित गर्ने बताए।

*बाँकी अन्तिम पृष्ठमा*

## राजदूत क्वात्राले बुझाए ओहोदाको प्रमाणपत्र



काठमाडौं । नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्राले बुधबार राष्ट्रपति भवन शीतलनिवासमा आयोजित एक विशेष समारोहमा आफ्नो ओहोदाको प्रमाण पत्र राष्ट्रपति विद्यादेवी भण्डारी समक्ष पेश गरेका छन् । उनी नेपालका लागि २५औं राजदूत हुन् । डिसेम्बर २०१९ मा पूर्वराजदूत मञ्जीव सिंह पुरीको कार्यकाल पूरा भएपछि क्वात्रा नयाँ राजदूतको रूपमा नियुक्त भएका छन् ।



छिटो, छरितो र भरपर्दो माध्यम
आइएमई बाटै पैसा पठाऔं
IME
Toll Free
16600 151515
+977 1 4430600
+977 1 4425800
info@imeremit.com.np
facebook.com/imeremit
www.imeremit.com.np

**समय सन्दर्भ**

मौसमीकुमारी कुशवाहा



# भर फागुन बुन्हउ देवर लगिहे

*होली सुन्ने बितिकै सयौं रङ्गका छिटाहरू उडन थाल्छन,*
*आँखामा सिङ्गो सृष्टि सतरङ्गी रङ्ग भई लोलाउन थाल्छ,*
*बालापनका हरेक पिचकारीको रङ्गले एकै चोटि यौवन अन्तरमनलाई रङ्ग्याउँदा*
*जीवमा सयौं उर्जाका तारहरू तरङ्गीत हुनथाल्छन,*
*आफ्ना अग्रजको आषिस लागि शिर टोलाउन थाल्छ,*
*सुरजको रापले पनि न्यानो स्पर्ष गराउन थाल्छ,*
*वसन्ती हावा सदभावको नशालु गीत गुनगुनाउँ थाल्छ ।*

**होली हाम्रो सांस्कृतिक पर्व भएको नाताले यो हामी सबैको कर्तव्य हो कि हामी होलीको मुल भावनालाई विकृत हुनबाट र यसको अस्तित्वलाई लोप हुनबाट जोगाऔं कि भविष्यको पुस्ता हामीप्रती गौरव महसुश गरून् ।**

होली रङ्ग र गुलालले मनाइने एक पर्व हो । होलीको दिन हरेक मानिस रङ्ग र गुलालमा सराबोर भई सतरङ्गी भएको हुन्छ । विशेष रूपले तराईमा र मित्र राष्ट्र भारतमा भव्य रूपमा यो पर्व मनाईन्छ । होली फागुनको वसन्त पुर्णीमाका रातमा होलिका दहन गरि भोलिपल्ट खेल्ने गरिन्छ । सानाले आफ्नो अग्रजलाई अबिरले ढोग गरेर आशिष लिन्छन् भने बच्चाहरू र युवायुवतीहरू रङ्ग गुलाल एक अर्कामाथि खन्याएर होली मनाउने गर्छन् ।

वर्षौंको रिस द्वेषलाई भुलेर नयाँ सम्बन्ध सुरू गर्ने एक सशक्त माध्यम होली हो । हिन्दुहरूको प्रसिद्ध चाडपर्वको रूपमा रहेको होलीको आफ्नो छुटै आस्था र अस्तित्व रहेको हुन्छ । अरू पर्वको तुलनामा होलीलाई ठीक उल्टो तरीकाले मनाईन्छ । तराईका जति पर्वहरू छन्, सबमा भोकै व्रत बस्नु, पुजापाठ, नियम पालन, भगवान्को स्तुति गर्नु जस्ता कार्य गरेपनि होली त्यसको उल्टो दिनभरी विभिन्न परिकार बनाएर खानु, ठुलो सानोमा भेद नगरी प्रेमको भावनाले जिस्कने रमाइलो गर्ने विभिन्न लोक सङ्गीतको आधार बनाई कटाक्ष व्यङ्ग्य गर्ने गरिन्छ ।



हाम्रो हिन्दु संस्कृतिमा हरेक चाडपर्व सबै पौराणिक घटनासँग, अध्यात्मसँग जोडिएको हुन्छ । होली पनि पौराणिक घटना मै अधारित रहेको छ । सत्ययुगमा हिरण्यकश्यप नामको एउटा ठूलो दैत्य थियो । उ आफैलाई भगवान ठान्ने भएकोले उसको आफ्नै छोरा प्रहलाद विष्णुको ठुलो भक्त भई मन्त्र जप गर्न थाले । यस घटनाले आफ्नै छोरालाई अनेकौ शारीरिक यातना दियो । अन्त्यमा व्रम्हासँग अग्निको वरदान पाएकी आफ्नै बहिनी होलिकाको

*बाँकी पृष्ठ २ मा*

# सम्पादकीय

## मधेशको कृषि प्रणाली

नेपालको २३ प्रतिशत क्षेत्रफल रहेको मधेशको भूभागमा आधीभन्दा बढी जनसंख्या कृषिमा आश्रित छन् । मधेशमा कृषिको अपार सम्भावना पनि रहेको छ । मधेशको समथल भूभाग, अधिकांश भूमि उर्वर, जमीनमा माटो गहिराई, धेरै नदीनाला, भूमिगत जल तथा जलाशय भएको, सजिलै सिंचाई गर्न सकिने, मौसममा विविधता भएको, ठूलो परिमाणमा उत्पादन गर्न सकिने, ठुल्ठूला मसिन उपकरण एवं प्रविधि प्रयोग, सजिलो यातायातले ओसार पसार, प्रशोधन, भण्डारण गर्न सकिनुका साथै प्रशस्त जनशक्तिको परिचालन गरी वर्षौंभरि विभिन्न थरीका वस्तु कम लागतमा उत्पादन लिन सकिने जस्ता विषेशता हुन् ।

यति ठूलो संभावनाका वावजुद मधेशमा कृषिले प्रतिफल हासिल

**मधेशको अति उत्पादनशील मत्स्यपालन, पशुपन्छी पालनको प्रवर्द्धन गर्नुपर्ने हुन्छ। कृषिलाई मर्यादित, नाफामूखी बनाउन कृषकहरूको समूह, सहकारी, संगठन तथा निजी क्षेत्रको माध्यम आवश्यक पहल गरिनु जरूरी छ।**

गर्न सकेको छैन । खाद्यान्न उत्पादनमा कुल क्षेत्रफलको ७० प्रतिशत धानबाट ७१ प्रतिशत उत्पादन र ५८ प्रतिशत गहुँबाट ६५ प्रतिशत उत्पादन भएको २०७१ र ७२ को तथ्यांकबाट देखिन्छ । त्यस्तै दलहन बालीमा नेपालको मसुरोको ९५ प्रतिशत क्षेत्रफलबाट ९५ प्रतिशत नै उत्पादन हुन्छ भने चनाको ७३ प्रतिशत क्षेत्रफलबाट ७८ प्रतिशत नै उत्पादन र अरहरको पनि ९७ प्रतिशत क्षेत्रफलबाट ९७ प्रतिशत नै उत्पादन हुने गर्दछ ।

बदलिंदो परिस्थितिमा सामाजिक न्याय तथा समानताको सिद्धान्तमा मौलिक तथा संवैधानिक हकसमेतमा प्रत्याभूत हुने गरी आर्थिक समृद्धिको प्रमूख अव्यवको रूपमा कृषिलाई अंगिकार गर्नु मधेशको विकासको मूलमन्त्र हुन सक्दछ । मधेशको हरेक सम्भावनालाई दृष्टिगत गरी अन्नबालीमा धान, गहुँ र मकै, दलहनमा मसुर, अरहर, चना, केराउ, मूग र मास, तेलहनमा तोरी, सूर्यमूखी, बदाम, तिल र कुसुम, विभिन्न नगदे तरकारी बालीमा आलु, प्याज, लसुन, टमाटर, खुर्सानी, उँखु, सूर्ती, कपास, जुट आदिका साथै र फलफूलमा आँप, लिची, कटहर, केरा, अम्बा, मेवा, सोहजन, अनार तथा विभिन्न किसिमका फूलहरूको उत्पादनमा जोड दिनु आवश्यक देखिन्छ ।

त्यस्तै मधेशको अति उत्पादनशील मत्स्यपालन, पशुपन्छी पालनको प्रवर्द्धन गर्नु पर्ने हुन्छ । कृषिलाई मर्यादित, नाफामूखी बनाउन कृषकहरूको समूह, सहकारी, संगठन तथा निजी क्षेत्रको माध्यम आवश्यक पहल गरिनु जरूरी छ ।

अत: यी सबै कुरालाई मनन गरी राजनीतिक विराम पछि सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, बौद्धिक वर्ग, कृषक तथा कृषिसँग आवद्ध युवा, समुदाय, समूह सहकारी, अगुवा, व्यापारी, उद्योगी, संचार जगत, आदिले तराई मधेश बनाउने अभियानमा लाग्यो भने मधेशमा गरिबी, पछौटेपन र विपन्नताबाट समृद्धि तर्फ लाग्ने विश्वास गर्न सकिन्छ ।

## साताको सात बात


तीन तहका सरकालाई लोकप्रिय बनाउनका लागि पार्टीले देशव्यापी रूपमा पार्टी सुदृढीकरणको अभियान चलाएको छ । सरकारलाई परिणाममुखी बनाउन पार्टी र सरकारबाबीचको सम्बन्ध सुमधुर हुनुपर्छ । **माधवकुमार नेपाल, वरिष्ठ नेता, नेपाल कम्युनिष्ट पार्टी**


पार्टी एकताका लागि राजपाले राखेको सर्तअनुसार नै समाजवादी सरकारबाट अलग भएको हो । बाहिर चर्चामा आए जस्तो राजपा विश्वसघात गरेर सरकारमा सामेल हुँदैन । हामी छिट्टै पार्टी एकता गर्छौं । **उपेन्द्र यादव, अध्यक्ष, समाजवादी पार्टी**


टीकापुर घटनापश्चात् थारूहरूलाई जसरी मनोवैज्ञानिक रूपमा दबाइयो, सयौंको संख्यामा फसाइयो, छ, ती सबैको रिहाइका लागि हामीले पटकपटक सरकारलाई आग्रह गरिसक्यौं तर सुनुवाई भएको छैन । हामी एउटा सशक्त आन्दोलनमा जानुपर्छ भन्नेमा छौं । **लक्ष्मण थारू, संयोजक, थरूहट/थारूवान मोर्चा**


सरकारले सिफारिस गर्ने र राष्ट्रपतिले मनोनयन गर्ने राष्ट्रियसभाको एउटा सिट बाँकी रहेको अवस्थामा व्यक्ति भन्दा पार्टी ठूलो हुन्छ पार्टीको सुझावलाई नै प्रधानमन्त्री कार्यान्वयन गर्नुहुनेछ । **सुवास नेम्बाङ, संसदीय दलका उपनेता, नेपाल कम्युनिष्ट पार्टी**


कुनै समय नेपालको शैक्षिक जनशक्तिको स्रोत मधेश नै थियो । हिमालदेखि पहाडसम्म मधेशका शिक्षकहरू गएर पढाउँथे । देशका कुनाकाप्चासम्म मधेशका शिक्षक हुन्थे । तर अहिले बाटोमै पुगेका छन् । हाम्रो शिक्षा प्रणाली नै खत्तम भएको छ । तर जनशक्ति अझै पनि छ । **डा. हरिवंश झा, विश्लेषक**


राजपालाई उपसभामुख र दुई/तीनवटा मन्त्री दिएर सरकारमा ल्याउने पहल भइरहेको छ । राष्ट्रियसभा चुनावमा भएको सहकार्यलाई निरन्तरता दिँदै विश्वासको वातावरण बनाउने तर्फ राजपा र नेकपाको प्रयास भईरहेको छ । **मेटमणि चौधरी, सांसद, नेपाल कम्युनिष्ट पार्टी**


राज्य इमान्दार नहुँदा बेपत्ता परिवारले अझै न्याय पाउन सकेका छैनन् । बेपत्ता पारिएको परिवारलाई न्याय दिलाउन राज्य इमान्दार हुनुपर्छ । केही दिनभित्रै बेपत्ता परिवारले न्याय पाउनेछन् । **मो. लालबाबु राउत, मुख्यमन्त्री, प्रदेश २**

# शासकवर्गको परिवर्तनसँगको सम्बन्ध

**विचार - विश्लेषण** भाग-६१


उपेन्द्र झा

नेपालको छोटो राजनीतिक ईतिहास खण्डमा वंश, महिषपालकवंश, किरातवंश लिच्छवी र मल्लवंशका राजाहरूले राजाहरूले अफ्नो कोशल, पराक्रम अनुसार शासन गरे । लामो समयसम्म आफ्नो आफ्नै वंश परम्पराको अस्तित्व कायम राखी नेपाली शासनमा उल्लेखनीय योगदान गरेपनि परिवर्तनको आँधीलाई छेक्न सकेन र परिवर्तनको तीव्र प्रवाहमा आफ्नो वंश परम्परा विलिन भयो ।

सानो सानो भूखण्डमा जात, वंशको विकसित भएको वर्चस्व अनुसार राज्य कायम गरि शासन गर्ने परम्पराको थालनी यो हिमक्त खण्डमा सुरू भयो । कौतुहलको विषय के हो भने जनककालीन प्राचीन भारतको नकशामा वर्तमान नेपालको ठाउँमा "हिमावत श्रेणी" लेखिएको छ (प्राचीन भारतका राजनीतिक इतिहास,-डा. हेमचन्द्र राय चौधरी, पृष्ठ ४५) यसले के साबित गर्दछ भने वर्तमान नेपाल त्यतिबेला राजनैतिक स्वरूप धारण गर्न अभ्यास गरिरहेको थियो । यही क्रममा उपरोक्त शासकहरको उदय भएको थियो ।

पृथ्वीनारायण शाहको पालामा बाईसी, चौविसे, तथा अन्य साना राज्यहरू एकीकृत भई नेपालको विशाल शासकीय क्षेत्रको निर्माण भयो । यहीँबाट शाहवंशीय राज्य परम्पराको शुरूवात् भयो । राज्यहरूलाई हात पार्ने "युद्ध अभियान" मा सबै राजनीतिका लडाकू दस्ता तयार गरि आधुनिक नेपाल बनाउन सफल पृथ्वीनारायण शहले सेना र राज्यसत्ता संचालनको कार्यबाट खसवर्गलाई नै सुम्पेको, उनको दिव्योपदेशमा स्पष्ट उल्लेख छ ।

खस शासकवर्गलाइृ नेपाल अधिराज्यको शासन सत्ता धरोहरको रूपमा सुम्पेर पृथ्वीनारायण शाह पृथ्वीलाई छोडे । "पिता, पुर्खाले अर्ज्याको मुलुक" भनेर एकसूभीय वर्गीय भावना फैलाएर नेपालको शासन सत्तामाथि खसवर्गको एकाधिकार कायम भएको छ । आफ्नै वर्गमा शासनको विरूद्ध हत्या, हिंसाद्वारा सत्ता कब्जा गर्ने घटनाहरू बेला, मौकामा नभएको होइन, तर सत्ता खसवर्गभन्दा बाहिर गएन । राणाहरू १०४ वर्ष शासन गरि राजालाई अप्रत्यक्ष कैदमा राखेको प्रत्यक्ष इतिहास छ । राणाहरू खसवर्गकै शासक हुन् । नेपालमाथि आफ्नो मात्र अधिकार बुझ्ने कट्टर विचार राख्ने आफूलाई असली गोर्खाली ठान्दछन् । तथा पृथ्वीनारायण शाहका अनुयायी पनि कहलाउँछन् । यही वर्गमा राजनीतिक अभ्यासमा क्रममा विकसित उदारवादका समर्थकलाई गोर्खालीहरू अगोर्खालीको रूपमा हेर्ने दृष्टिकोणले अन्तर्द्वन्द्व जन्माएको छ । यही दुई शक्तिबीच बेलाबेला टकराहट भई सत्ता कब्जा गर्ने काम हुँदै आएको छ । २००७ सालको क्रान्तिलाई "प्रजातान्त्रिक जीत भनिए पनि राणाबाट सत्ता खोसेर राजालाई दिने परिवर्तन थियो । कालान्तरका राजनीतिक दृश्यले यसको पुष्टि गर्दछ ।

विश्वको बरलिदो परिवेश, जनता राजनीतिक चेतना पाएर जागृत हुनु, शासनको स्वेच्छाचारित, शासनमा स्वार्थ पूरा हुन नसकेकाको जमातको पारस्परिक असन्तुष्टताको एकाकारले ठूलो विद्रोहलाई जन्म दिन्छ र एउटा शासकलाई अपदस्थ गरि अर्को शासक बनाउने परिवर्तनले आफ्नो कार्यभार पूरा गर्दछ । परिवर्तनको यो स्वाभाविक प्रक्रिया नेपालमा पनि देखिएको छ । तर नेपालको जुनसुकै आन्दोलनले सरकार परिवर्तन त गऱ्यो तर वर्ग परिवर्त्तन गर्न सकेन । पटक पटक सत्तामा एउटै वर्गका फरक फरक अनुहार शासन गर्न गए । परवर्तनको राप र तापलाई आत्मसात गरि बडो चमत्कारी ढंगले आफ्नो वर्चस्व कायम राख्ने चातुर्थ्य धेरै शासकमा हुँदैन ।

नेपालको शासनमा गोर्खाली होस् वा अगोर्खाली पालैपालो खसवर्गको शासकीय परम्परालाई कुनै परिवर्तनले बदल्न सकेको छैन । २५० वर्षदेखि खसवर्गीय शासकीय परम्परा कायम छ । खसवर्गीय राज्यसत्तालाई धक्का दिन आएका जनपक्षीय आन्दोलनलाई पनि शासकहरूले आफ्नो सर्वोच्चिता कायम राख्दै जुन आवाजलाई स्वीकार गरि राज्य पुनर्संरचना समेत गरेर देखायो । संघीय सरकार प्रादेशिक अधिकार सबैकुरा गरेर देखाए पनि केन्द्रीय तथा प्रदेशमा खसवर्ग कै वर्चस्व कायम रहेको कुरा कसैलाई बुझाई राख्नु पर्दैन ।

मधेशी, जनजाती, थारू, मुस्लिम, महिला आदिको जनसंख्या बढ्दै गएको र राज्यसत्तामा समान अधिकार नरहेकोले यिनको असन्तुष्टता पनि समान छ । हक, अधिकारको लडाई पनि समान रहेकोले एकतावद्ध संघर्षको स्वाभाविकतालाई नकार्न सकिंदैन । एकतावद्ध संघर्ष पनि भयो । सरकारले माँग स्वीकार गरि सम्झौता पनि गऱ्यो । तर पनि संघर्षरत समुदायले अपेक्षित सफलता पाउन सकेन । शासकवर्गभने परिवर्तनको भयंकर आँधीमा पनि बिना क्षति आफ्नो अस्तित्व बचाउन सफल रह्यो । उपरोक्त समुदाएको एकीकृत संघर्ष जनसंख्याको हिसावले ८० प्रतिशत शासकवर्गले विगत १३ वर्षमा कसरी प्रबन्ध मिलाए, अध्ययन र अनुसन्धानको विषय हो ।

विभिन्न विचार लिएर भिन्नभिन्न पार्टी खोलेर बसेको खसवर्गीय शासकहरूले मधेशी, जनजाती, थारू, मुस्लिम, महिला आदिको अधिकार दिने कुराको विरोधका कसरी सबै एकजूट भई मोर्चा बनाए संविधान सभाको तस्वीर साक्ष्यु प्रमाण दुरूस्त छ । कहिले कम्युनिष्ट, कहिले कांग्रेस, कहिले राजाको शासन प्राप्त गर्न यो तीन शक्तिले उठाएको आन्दोलन भनी जनताबाट शहादत दिलाउन तत्पर यी शासकवर्गको जनतालाई दिने अधिकारप्रति खासै चासो देखिदैन ।

भिन्न मतावलम्वी खस शासकलाई सत्तारोहण गराउन उठाईने पटक पटकको आन्दोलनले जनताको राजनैतिक चेतनालाई उत्कर्षमा उठाई सकेको छ । हरेक आन्दोलनमा शासक जीतेको र जनता हारेको अवस्थामा जनतामा राजनीतिक परिपक्वता बढेर गएको छ । शासकवर्गको रणकोशल र कूटनीतिक चातुर्च्यलाई जनतालाई गम्भीरतापूर्वक हेरे । पाएको असफलताले जनतालाई परिष्कृत आन्दोलन उठाउने हौसला प्रदान गरेको छ । शक्तिशाली सरकारको निकम्मापनले जनतालाई पुन : उठ्नमा विलीन भई सकेकाले वर्तमान शासकहरू शाश्वत हुन भन्न कुरा कसले विश्वास गर्ला । सृष्टिका तेजस्वी, प्रतापी सूय पनि १२ घण्टापछि अस्तित्वहीन हुन्छ भने खसवर्गीय शासनको के महत्व ? आवश्यकता छ यो शासकको कूटनीतिक चातुर्यको अध्ययन गर्नु र सोही बमोजिम आन्दोलनको सूभपात गर्नु ।

"बाहुको सबार भन्याको बयल हो, पातक लाग्छ, ठकुरीको सबार भन्याको सिंघ हो पछाडि दगा हुन्छ, मग्रको सबार भन्याको टागन घोडा हो, ढिलो हुन्छ, षसको सबार भन्याको ताजि तुर्कि घोडा हो, षसको सवार गऱ्या चाःडो होला............ ।"

*janukjha24@gmail.com*

> वभिन्न विचार लिएर भिन्नभिन्न पार्टी खोलेर बसेको खसवर्गीय शासकहरूले मधेशी, जनजाती, थारू, मुस्लिम, महिला आदिको अधिकार दिने कुराको विरोधका कसरी सबै एकजूट भई मोर्चा बनाए संविधान सभाको तस्वीर साक्ष्यु प्रमाण दुरूस्त छ ।

## भर फागुन...

काखमा बसाएर आगो लगाएर मृत्युदण्ड दिने योजना बनाए । फलस्वरूप त्यही आगोमा होलिका जलेर भष्म भइन् तर प्रहलादलाई आगोले कुनै असर गरेन । यसर्थ यस घटनाबाट के सन्देश पाइन्छ कि असत्य माथि सत्यको विजय हुन्छ ।

होली एक पारिवारिक प्रेम मिलन हो । आफन्तसँग मेलमिलाप सामाजिक सदभावना स्वरूप रङ्ग र अबिरको साहाराले अङ्कुरण गराउने माध्यम हो । वर्षौंदेखि आफन्तसँग भेट्न नपाएकाहरूका लागि भेटेर माया, प्रेम र सद्भावको एक बहाना पनि हो । होलीको दिन आफुभन्दा अग्रजसँग आशिष लिने सानालाई माया र आशिष दिने गरिन्छ । परिवारमा छिमेकमा विभिन्न कारणले उत्पन्न भएको मनमुटाव, रिस, द्वन्दलाई होलीको माध्यमले भुलाउने गरिन्छ । एक आपसमा बढेको नकारात्मक भावनामा रङ्गको सहाराले सद्भावको, प्रेमको रङ्ग चढाइन्छ । विभिन्न किसिमका मिठो मिष्ठान पकाएर आफन्त छिमेकमा बाड्ने, आपसी एकतालाई अझ बलियो बनाउने र भेटघाट गर्ने अंकमाल गर्ने र भाइचाराको भावना स्थापित गर्ने गरिन्छ ।

भोजपुरी भाषाका विद्वान डा. हरिन्द्र हिमकर अनुसार:-

***फागुन बिना उमंग के, होली बिना तरंग ।***
***राधा मोहन भाव बिनु, चढत न तन मन रङ्ग ॥***

उमंग बिनाको फागुन र तरंग बिनाको होलीको कुनै अर्थ हुँदैन । जबसम्म राधामोहनको प्रेम जस्तो मन कोमल, आत्मसमर्पणको भावना जाग्रित हुँदैन तबसम्म हामी होली खेल्नको लागी तयार हुन सक्दैनौं तबसबम्म मनमा प्रेमको रङ्ग चढ्न सक्दैन । फागुन महिना यस्तो महिना हो जसको हावा, पानी, माटो, सुर्यको रापमा, रातको अँध्यारोमा पनि, प्रेम स्वरूप रङ्ग चढेको हुन्छ, हर्षोल्लास, उत्तेजना, तरंग एउटा छुट्टै नशा छाएको हुन्छ । हरेक मानिसको मन प्रेमले ओतप्रोत र उत्तेजित भएको हुन्छ । भोजपुरीमा एउटा उखान छ "भर फागुन बुन्हउ देवर लगिहे" भनाईको अर्थ फागुन मसान्तसम्म एउटा वृद्ध पनि देवर नै देखिन्छ । उमेरको कुनै हद न राखी होली खेल्ने गरिन्छ । होलीमा न भाषा, न जाति, न उमेर, न कुनै धर्मको भेद रहन्छ मात्र मानवको भावना रहन्छ । यो एक सामन्त र विपन्न बिचको दुरीलाई घटाउँछ । कमसेकम होलीको दिन हरेक मानिस बराबर भई सद्भावना जाग्रित गर्ने गरिन्छ । सब एक समान भई आपसी मेलमिलाप र सद्भावको डोरीमा बाँधिने गरिन्छ । दैनिक जीवनको हरेक समस्या, दु:खलाई बिर्सेर सम्पूर्णमा खुसि र प्रेम बाड्ने भएकोले यसलाई मित्र मिलनको नामले पनि चिन्निछ । होलीको दिन पिचकारी, लोलामा रङ्ग भरि मान्छेलाई भिजाइछ तर त्यो पिचकारीमा मात्र रङ्ग र पानि नभई मनका मिठो भावना मिसिएको हुन्छ । जीवनको हरेक बेरङ्गलाई सतरङ्गी रङ्गबाट रङ्ग्याउने गरिन्छ । होली रास रङ्गको नामले पनि प्रसिद्ध छ किनकी यसमा नृत्य सङ्गीत, लीला, रङ्ग, अबिर, गुलालको सदाबहार मिश्रण रहन्छ । फागुनको वसन्त ऋतुसँगै वृक्षमा नयाँ पालुवा, खेतमा लहलहाउँदो अन्नबालिले घरमा लक्ष्मी भित्रिन्छ । हिन्दु धर्मावलम्बीहरूले पञ्चतत्वको पुजा गर्ने भएको कारणले अन्नबालिको केहि अंशमा आगो बालेर होलिका दहन गरिन्छ ।

होलीलाई वर्तमान भन्दा बितेको समयमा भिन्न रूप रहेको थियो । फागुन महिनाको सुरूवातदेखि नै घर, टोल, छिमेक, खेतखलिहानमा होलीको लोक गीत घन्किन्थ्यो तर अचेल यो परम्परा लोप हुँदै गएको छ । बितेको समय होलीको अवसरमा मन्दिरमा राम कृष्णको नामयुक्त होलीको भजन गुञ्जिन्थ्यो भने गाँउ नगरमा ढोल, मञ्जिराको तालसँग लोकगीत गाइन्थ्यो । बदलिँदो समयसँगै आजभोली होलीको नाममा अश्लिलता भित्रिएको छ । भोजपुरी सङ्गीतकारहरूले आफ्ना मार्यादा, सिमालाई बिर्सेर विभिन्न अश्लिल शब्दको प्रयोग गरी यो सँस्कृतिलाई विकृत बनाएका छन् । नयाँ युवा पुस्ताहरूले होलीको नाममा धेरै मासु खाने, विभिन्न किसिमका पेयपदार्थ, लागु पदार्थ र नसायुक्त पदार्थको सेवन गरि धुर्त भएको हुन्छ । आफ्ना सिमा र मर्यादाको ख्यालै नगरी जवरजस्ती कपडा चिथार्ने, फोहोर पानी फाल्ने, एक्लै केटि देख्दा गिज्याउने जस्ता लजास्पद कार्यले होलीलाई बदनाम गरिएको छ । अचेल काठमाडौं उपत्यका लगायत पहाडका अन्य क्षेत्रमा पनि होली खेल्ने गरिएको छ । पहाडी समाजमा दिइको स्वतन्त्रताको गलत तरिकाले उपयोग गरेको देखिन्छ । केटीलाई एक्लै देख्दा जिस्क्याउने, कालो मसी दल्ने, होलीको नाममा केटाहरू नसाको सेवन गरि विना जट्टाधारी कलयुगका शङ्कर बनेर जतातते डुलिरहने, केटिहरू पुरै तिघ्रा देख्ने गरि छोटो पाइन्ट र नाइटो देख्ने टिसर्ट लगाएर आफ्नो छुट्टै समुह बनाएर अल्लारे छाटमा दिनभरि घुमेका हुन्छन् । यस्ता घटना समाजमा बढ्दै गएको कारणले होलीप्रती वितृष्णा बढ्दै गएको छ । वर्तमान युगमा होलीलाई यसको अस्तित्व भन्दा उल्टो रूपरेखा बनाइएको छ ।

होली पर्व एउटा सन्देश लिएर आउँछ । हरेक मानव आफ्ना इर्ष्या, द्वेषहरू भुलेर समानता र प्रेमको दृष्टिकोण अपनाउन । चारैतिर मोजमस्ती र मनोरञ्जनको साथै हाँसो खुसी छाउँछ । होली हाम्रो साँस्कृतिक पर्व भएको नाताले यो हामी सबैको कर्तव्य हो कि हामी होलीको मुल भावनालाई विकृत हुनबाट र यसको अस्तित्वलाई लोप हुनबाट जोगाउँ कि भविष्यको पुस्ता हामीप्रती गौरव महसुश गरून् ।

# राजपाले उपसभामुख पाउने सम्भावना छ

**राजपाले उपसभामुख पाउने सम्भावना छ। राजपा फरक दल हो। उहाँहरूसँग यो प्रसंगमा कुराहरू चलेको छ। राजपालाई हामीले प्रतिपक्षी दलभन्दा पनि फरक दलको रूपमा मानेका छौं। अहिले जसरी सहकार्य भएको छ, त्यसलाई मूर्तरूप दिइयो र केही केही विषयमा सहकार्य हुने स्थिति बन्यो भने सत्ता साझेदार पनि बन्न सक्छ।**



देवेन्द्र पौडेल

प्रतिनिधिसभा सदस्य, नेपाल कम्युनिष्ट पार्टी

**० नेकपाको आन्तरिक विवाद दिनप्रति बढ्दै गएको देखिन्छ, यो केको संकेत हो ?**

– पार्टीभित्र देखिएका विवादहरू मिल्छ। पार्टीभित्र बहस, छलफल, क्रिया-प्रतिक्रिया हुन्छ, यसले पार्टीलाई प्रगतिशीलता प्रदान गर्छ। कुनै विषयमा पार्टीभित्र विभिन्न धारणाहरू प्रकट हुनु जीवन्त पार्टीका लागि राम्रो हो। त्यसैले पार्टीभित्र उठेका यी विभिन्न विषयहरू अन्ततः समाधान हुन्छ।

**० वामदेव गौतमको विषयमा नेकपाको सचिवालयले गरेको निर्णयप्रति प्रधानमन्त्री असन्तुष्ट हुनुहुन्छ। यो विवाद होइन त ?**

– अहिले प्रधानमन्त्री उपचारको क्रममा हुनुहुन्छ। विवादको कुराहरू गर्नुभन्दा पनि हामीले उहाँको स्वास्थ्यलाभको कामना गर्न चाहन्छौं। पार्टीले संस्थागतरूपमा नै उहाँको स्वास्थ्य लाभको कामना गरेको छ। त्यसैले, विवादका कुराहरू गर्नुभन्दा पनि उहाँको स्वास्थ्यलाभको कामना गर्नु र पार्टीलाई एक ढिक्का बनाएर लैजानु नै आजको ऐतिहासिक आवश्यकता हो।

**० नेकपा सचिवालयले वामदेव गौतमलाई नै पठाउनुपर्ने निर्णय किन गऱ्यो ?**

– वामदेव गौतम पनि पार्टीका एक जना वरिष्ठ नेता हुनुहुन्छ। उहाँ राष्ट्रियसभामा जाने योग्य पार्टीका एउटा नेता हुनुहुन्छ। त्यसैले सचिवालयले उहाँलाई राष्ट्रियसभा पठाउने निर्णय गरेको हो। उहाँ राष्ट्रियसभामा जानै हुन्न भन्ने कहीं कतै लेखिएको छैन।

**० तर, राष्ट्रियसभामा राष्ट्रपतिबाट मनोनित हुने व्यक्ति गैरराजनीतिक पृष्ठभूमिका, ख्यातिप्रापत र गन्यमान्य हुनुपर्ने होइन र ?**

– उहाँ पनि गन्यमान्यमा पर्नुहुन्छ, पहिला पनि उहाँ उपप्रधान तथा गृहमन्त्री भइसक्नुभएको व्यक्ति हुनुहुन्छ। गैरराजनीतिक व्यक्ति नै हुनुपर्ने भन्ने छैन। वरिष्ठ, परिपक्क, विषयविज्ञता भएको व्यक्तिलाई राष्ट्रपतिले नियुक्त गर्ने संविधानमा उल्लेख छ। त्यस्तो क्राइटेरिया नभएकोलाई हाम्रो पार्टीले सिफारिस गर्ने कुरा पनि हुन्न।

**० कुनै व्यक्तिकै लागि संविधान संशोधन गर्न खोज्ने नेकपाले यस्तो अपरिपक्क निर्णय कसरी गर्न पुग्यो त ?**

– कुनै व्यक्तिका लागि मात्र संविधान संशोधन गर्ने भन्ने कुरा बाहिर आएको हल्ला मात्रै हो। त्यो विषयलाई लिएर कुनै कार्यदल पनि बनेको होइन। संविधान संशोधन आवश्यक छ कि छैन भन्ने कुराको विषयमा चर्चा चलेको थियो। तर, उहाँका लागि मात्रै संविधान संशोधन गर्न खोज्या हो भन्ने कुराको बाहिर प्रचार भयो, त्यो साँचो होइन।

**० भनेपछि नेकपाले माधवकुमार नेपालको संयोजकत्वमा संविधान संशोधन गर्न कार्यदल गठन गरेको थिएन ?**

– प्रसंग चलेको थियो, त्यो कार्यदलले कुनै मूर्तरूप लिएन। संविधान संशोधनको कुरा पहिलेदेखि नै चलेकोले केही विषयमा संशोधनको आवश्यकता छ, एकपटक बुझ्नुपर्छ कि भन्ने कुरा उठेको हो। तर, अहिले त्यो प्रसंग नभएकोले त्यसबारे फरक प्रकारले प्रचार भएकोले त्यसले आकारै ग्रहण गर्न सकेन।

**० संविधान संशोधनको माग गर्दै आएका राजपा लगायतका दलहरूको विषयमा नेकपाको धारणा के छ ?**

– संविधान संशोधन नै गर्नु हुन्न भन्ने नेकपाले कहिल्यै पनि भनेको छैन। संशोधनको एजेन्डा, तथ्य, आवश्यकता र औचित्यता पुष्टि भइसकेपछि ती विषयहरूमा नेकपाले प्रवेश गर्न चाहन्छ। अमूर्तरूपमा संविधान संशोधन गर्नुपऱ्यो भनेर हुँदैन।

**० भनेपछि अहिलेसम्म संविधान संशोधनको आवश्यकता र औचित्य पुष्टि भएको छैन ?**

– अहिले त्यस्तो सशक्त कुरा भइसकेको छैन।

**० राष्ट्रियसभा चुनावमा जसरी राजपासँग सहकार्य भएको थियो, त्यो सहकार्य त्यतिसम्म मात्र थियो कि अगाडिको यात्राका लागि पनि केही गृहकार्य हुँदैछ ?**

– पछिल्लो राष्ट्रियसभाको चुनावमा जुन किसिमको सहमति बन्यो, सहकार्यका लागि त्यो राम्रो संकेत र विश्वासको वातावरण पैदा गरेको छ। त्यसलाई थप सुदृढ गरेर अझ आगामी दिनमा कतिपय साझा चुनौतीहरूको सामना गर्नका निम्ति सरकारमा समेत रहने गरी सहकार्य गर्ने पक्षमा हामी छौं। हामीले अपील पनि गरेका छौं। त्यसका निम्ति के-के विषय, कसरी मिलाउनुपर्छ भन्ने कुरा टेबुलमा प्रस्तावित भएपछि मात्रै हामी टुंगो लगाउँछौं। यो विषयमा धेरै पटक अनौपचारिकरूपमा कुराकानी चलेको छ। आगामी यात्राका लागि पनि हामी सहकार्य गर्न तयार छौं। सरकार, विकास निर्माणका कुराहरू, संविधान कार्यान्वयनका कुराहरू, संविधानमा छुटेका कुराहरू सम्बोधन गर्न सहमति जुटाउने विषयमा हामी पछिसम्म पनि कार्यगत एकता र सहकार्य गर्ने पक्षमा छौं।

**० राजपालाई उपसभामुख दिने र सरकारमा सहभागी गराउने लगायतका कुराहरू पनि आइरहेको छ नि ?**

– राजपालाई उपसभामुख दिने र सरकारमा सहभागी गराउने कुरामा चर्चाहरू भइरहेका छन्, अनौपचारिकरूपमा कुराहरू पनि भइरहेका छन् तर निर्णय भइसकेको छैन। संवैधानिक व्यवस्थाअनुरूप नै सभामुख र उपसभामुख फरक पार्टी र फरक लिंगको हुनुपर्ने हुन्छ। नेकपाले सभामुख चुनिसकेको छ र अब स्वाभाविकरूपमा उपसभामुख अर्को दललाई दिनुपर्ने हुन्छ। उपसभामुखको विषयमा अलि बढी छलफल चलेको राजपा नेपालसँग नै हो।

० राजपाले उपसभामुख पाउँछ त ?

– राजपाले उपसभामुख पाउने सम्भावना छ। राजपा फरक दल हो। उहाँहरूसँग यो प्रसंगमा कुराहरू चलेको छ। राजपालाई हामीले प्रतिपक्षी दलभन्दा पनि फरक दलको रूपमा मानेका छौं। अहिले जसरी सहकार्य भएको छ, त्यसलाई मूर्तरूप दिइयो र केही केही विषयमा सहकार्य हुने स्थिति बन्यो भने सत्ता साझेदार पनि बन्न सक्छ।

**० अहिलेकै अवस्थामा राजपालाई सरकारमा ल्याउन सक्नुहुन्छ ?**

– सरकारमा आउने वा नआउने विषयमा राजपाले निर्णय गर्ने कुरा हो। सरकारकै लागि बहुमत पुऱ्याउन राजपालाई सरकारमा ल्याउने बाध्यात्मक अवस्था छैन। तर सहकार्य, समझदारी र विश्वासको वातावरण बनाउन सबै पक्षसँग छलफल गर्ने कुरामा त्यसमध्ये राजपा पनि एउटा महत्वपूर्ण दल भएकोले सरकारमा आउन हामीले अपील गरेका छौं।

**० तर, राजपाले उठाउँदै आएका मागहरू सम्बोधन नभएसम्म सरकारमा जाने अवस्था छैन भन्ने कुराहरू आइरहेको छ नि ?**

– यी कुराहरू बाहिर प्रचार गर्नुभन्दा पनि टेबुलमा बसेर टुंगो लगाउनुपर्ने हुन्छ। टेबुलमा बसेर कुन विषय टुंगो लगाउन सकिन्छ, के विषय सकिँदैन अथवा पछि गर्छौं भन्ने कुरा हो।

**० रेशमलाल चौधरीको विषयमा नेकपाका शीर्ष नेताहरूले सकारात्मक प्रतिक्रिया दिइरहेका छन्, उहाँ रिहा हुनुहुन्छ ?**

– अदालतको कुरामा राजनीतिज्ञहरूले पक्क-पक्क बोल्न असजिलो हुन्छ। फेरि पनि जुन मुद्दाहरूले राजनीतिक आकार ग्रहण गरेका हुन्छन्, राजनीतिक उद्देश्यका निम्ति भएका घटनाहरूलाई फौजदारी अभियोगमा जोड्नु हुँदैन। उहाँ लगायत कतिपय मुद्दाहरूमा राजनीतिक रूपमा टेबल भयो भने त्यहींअनुरूप प्रक्रिया टुंगो लगाउने गरी हामी अगाडि बढ्छौं।

**० रेशमलाल चौधरीमाथि लागेको मुद्दा लगायतका बारेमा छानबिन गर्न तत्कालीन सरकारले नै आयोग गठन गरेको थियो, त्यसको प्रतिवेदन किन सार्वजनिक हुँदैन त ?**

– मधेश-थरूहट आन्दोलनका क्रममा भएका घटनाहरूको छानबिन गर्न बनेको उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदनका विषयमा पनि कुरा चलेको छ। वार्ताको टेबुलमा यो विषय प्रस्तावित भएको छ। अहिले यो विषय छलफलकै क्रममा रहेको छ।

**० लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न के अप्ठ्याराहरू छन् त ?**

– कतिपय विषयहरू कोर्टमा गएको हुन्छ, त्यसलाई कानूनी विधि र प्रक्रिया अपनाएरै राजनीतिक निर्णयतर्फ लिएर जानुपर्छ। शक्ति पृथकीकरणको सिद्धान्तअनुसार कार्यपालिका र न्यायपालिकाका आआफ्नै फरक-फरक प्रकारका जिम्मेवारीहरू हुन्छन्। त्यसकारणले यो विषय राजनीतिक हो र राजनीतिकरूपमा टुंगो लगाइसकेपछि मात्रै अरू कानूनी विधि र प्रक्रियाहरूतिर जान सकिन्छ।

**० संविधान संशोधनको आवश्यकता छैन भने दलहरूसँग बार्गेनिङ्ग गर्ने वा सहमति गर्ने काम सरकारले किन गर्छ ?**

– संविधान संशोधन जनताका लागि गर्ने हो, कुनै दलका लागि होइन। दलीय प्रणालीमा दलहरूले नै जनताको प्रतिनिधित्व गरेका हुन्छन्। त्यसैले दलहरूसँग विभिन्न मुद्दाहरूमा विभिन्न चरणमा आइपरेका मुद्दासँग दुई दलबीच कुरा मिल्यो भने कार्यगत एकता, सहमति, सहकार्य हुन्छ। जनताले अनुमोदित गरेका कुराहरू अगाडि बढाउन अप्ठ्यारो पऱ्यो वा बहुसंख्यक जनताले त्यो महसुस गऱ्यो भने त्यस्तो अवस्थामा त्यो विषयमा संविधान संशोधन गर्न सकिन्छ। संविधानलाई कार्यान्वयन गर्न मौलिक कसम्बन्धी कतिपय कुराहरू लागू गर्न विधेयक बनाएर अगाडि बढ्ने बेलामा हामी प्रवेश गरेका छौं। तै पनि हामी सहमतिका आधारमा वार्तामा बसिसकेपछि कतिपय विषयहरू टुंगो लगाएर जाऔं भन्ने हिसावमा अगाडि बढ्न सक्छौं।

# प्रदेश १ को नाम भूगोल र पहिचानको आधारमा हुनुपर्छ



जयराम यादव

प्रदेश १ का संसदीय दलका नेता, समाजवादी पार्टी

**राजपाकै शर्तअनुसार समाजवादी सरकारबाट बाहिरिएको हो। हामी सरकारमा हुँदा राजपाका नेताहरूले सरकारबाट बाहिर नआएसम्म वार्ताको प्रक्रिया अगाडि बढ्दैन भन्दै आएका थिए। त्यहीं आशयका साथ नै समाजवादी सरकारबाट बाहिरियो।**

**० प्रदेश १ को प्रदेश प्रदेशसभाको दुई वर्षे कार्यकाल कतिको सफल रह्यो त ?**

– नेपाल पहिलोपटक संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास गरिरहेको छ। यसलाई संस्थागत गर्नका लागि प्रदेश सरकारहरू लागि परेका छन्। त्यही क्रममा प्रदेश १ को सरकारले प्रदेशस्तरका कानून र विधेयकहरू बनाइरहेको छ। अहिलेसम्म प्रदेश १ मा ३९ वटा विधेयकहरू पास भएका छन्। अन्य विधेयकहरूमाथि सैद्धान्तिक छलफलहरू सुरू भएको छ। अहिले प्रदेश १ को पाँचौं अधिवेशनमा छ। अहिले हिउँदे अधिवेशन चलिरहेको छ। समग्रमा अहिले नवनिर्माणको क्रममा रहेको हुनाले यो दुईवर्षे अवधि सन्तोषजनक नै छ।

**० प्रदेश सरकारको कामप्रति जनता सन्तुष्ट छैनन् नि ?**

– स्वाभाविक हो। हाम्रो पार्टी प्रदेश १ को सरकारमा नरहे पनि प्रदेश सरकार असफल नै भयो भन्न मिल्दैन। किनभने यो संरचना नयाँ हो, विभिन्न ऐन कानूनहरू बनाउनुपर्ने हुन्छ। अहिलेसम्म प्रदेश सरकारले एउटा आंशिक र दुईटा पूर्ण बजेट ल्याइसकेको छ। बजेट कार्यान्वयनको सवालमा केही कमजोरी देखिएकै हो। तर, विगत दुई दशकमा नभएका कामहरू गत दुई वर्षमा भएका छन्।

**० प्रदेशसभा गठन भएको दुई वर्ष भइसक्यो तर नामको ठेगान छैन। नामाकरण किन गर्न हुन नसकेको हो ?**

– अस्ति मात्रै प्रदेशसभाले सबै दलसँग छलफल र कुराकानी गरेर सहमतिकै आधारमा प्रदेशको राजधानी विराटनगर नै रह्ने टुंगो लगाएको छ। प्रदेशको नामाकरण पनि यही अधिवेशनमा टुंगो लगाउने छलफल भइरहेको छ।

**० प्रदेशको नामाकरणका लागि केकस्ता प्रस्तावहरू आइरहेका छन् ?**

– हामीले विगतदेखि नै पहिचानको आधारमा प्रदेशहरूको नामाकरण हुने भन्दै आएका छौं। तत्कालीन राज्य पुनर्संरचना आयोगले जुन प्रतिवेदन बुझाएको छ, त्यसमा प्रदेशको नामांकन र सीमांकन पहिचान र सामर्थ्यको आधारमा हुनुपर्छ भन्ने कुरा उल्लेख थियो। सीमांकन त भइसकेको छ, नामको सन्दर्भमा प्रदेश सरकारले सदनमा प्रस्ताव ल्याएपछि त्यसमा छलफल हुन्छ। समाजवादी पार्टी पहिचानको पक्षमा छ, त्यहींअनुसार नामाकरण हुनुपर्छ भन्ने हाम्रो मान्यता हो।

**० प्रदेशको नामाकरणबारे समाजवादीको धारणा के छ त ?**

– पहिचानको आधारमा नामाकरण हुनुपर्छ भन्ने स्पष्ट धारणा समाजवादी पार्टीको छ। नेकपाले अन्य प्रदेशहरूको नाम जसरी नदीनालाहरूको नाममा राखेको छ, त्यसमा हामी सहमत छैनौं। यस प्रदेशमा रहेका पहिचानसम्बन्धी लिम्बूवान, किराँत, विराट रहेका छन्। सत्तापक्षले कोशी सगरमाथा राख्ने भन्ने कुराहरू बाहिर आएको छ। तर, प्रदेशसभामा नेकपाकै दुई तिहाइ रहेकोले नामको प्रस्ताव के आउँछ त्यो हेर्न बाँकी छ।

**० अहिलेसम्म नामाकरण भइसकेका प्रदेशहरू पहिचानको आधारमा भएका छन् त ?**

– विभिन्न कुराहरूलाई आधार मानेर नामाकरण गर्न सकिन्छ। हाम्रै छिमेकी मुलुक भारतमा पनि विभिन्न आधारहरूमा प्रदेशहरूको नामाकरण गरिएको छ। नदीनाला र खोलाको नाममा भारतमा एउटा पनि प्रदेशको नामाकरण गरिएको छैन। तर हाम्रो देशमा कर्णाली नदी, गण्डकी नदी, बागमती नदी लगायतको आधारमा नामाकरण गरिएको छ, यसको कुनै अर्थ छैन। भूगोल र विगतमा भएका आन्दोलनहरूको मर्मलाई ध्यान दिएर बाँकी रहेका प्रदेशहरूको नामाकरण गर्नुपर्छ।

**० भनेपछि नदीनालाहरूको आधारमा नामाकरण उपयुक्त छैन ?**

– विगतमा पनि नदीनालाहरूको नाममा अञ्चलहरूको नामाकरण छँदै थियो भने यो परिवर्तन केका लागि भएको हो। प्रदेशको नामाकरण भूगोल र पहिचानको आधारमा भएन भने हामी कुनै ठोस निर्णय गरेर अगाडि बढ्छौं। त्यसमा हाम्रो असहमति हुन्छ।

**० प्रदेश सरकारलाई संघीय सरकारबाट कतिको सहयोग वा असहयोग भइरहेको छ ?**

– जुन हिसावले संघीय सरकारले प्रदेश सरकारहरूलाई सहयोग गर्नुपर्ने थियो, प्रदेशप्रतिको दायित्व निर्वाह गर्नुपर्ने थियो त्यस्तो भइरहेको छैन। यो कुरामा संघीय सरकार उदासीन देखिएको छ।

**० जसरी प्रदेश २ को सरकारले संघीय सरकारप्रति असन्तुष्टिहरू देखाउँछ त्यसरी त अन्य प्रदेशका सरकारहरूले गरिरहेको देखिँदैन किन ?**

– सातवटा प्रदेशमध्ये ६ वटा प्रदेशमा एउटै पार्टीको संघ र प्रदेशमा सरकार भएकोले विरोध गर्न वा आवाज उठाउन सकेको छैन। तर, यहाँका पनि मुख्यमन्त्रीले बेला-बेलामा कुराहरू उठाएकै हुन्छन्। संघमा आफ्नै पार्टीको सरकार भएकोले आफ्नो हकका बारे बोल्न अप्ठ्यारो हुनु स्वाभाविक नै हो। प्रदेश सरकारलाई संस्थागत गर्नका लागि संघीय सरकारले सहयोग गर्नुपर्छ, त्यो कुरा देखिँदैन।

**० तपाइँ समाजवादी पार्टीका केन्द्रीय सदस्यसमेत हुनुहुन्छ। राजपासँग समाजवादीको एकताको कुरा लामो समयदेखि चल्दै आएको छ, केही प्रगति भएको छ ?**

– जनताको भावनाअनुसार राजपा र समाजवादी मिलेर अगाडि बढे भने राम्रो हुन्छ। सबै धारणा पनि त्यहीं रहेका छन्। समाजवादी पार्टी संघीय सरकारबाट बाहिरियो भने एकता प्रक्रिया अगाडि बढ्छ भन्ने माग राजपाको थियो। त्यहीअनुसार समाजवादी सरकारबाट बाहिरिएको अवस्था छ। एकताका विषयमा कुराकानी अगाडि बढिरहेको छ।

**० भनेपछि राजपाकै शर्तअनुसार समाजवादी संघीय सरकारबाट बाहिरिएको हो ?**

– राजपाकै शर्तअनुसार समाजवादी सरकारबाट बाहिरिएको हो। हामी सरकारमा हुँदा राजपाका नेताहरूले सरकारबाट बाहिर नआएसम्म वार्ताको प्रक्रिया अगाडि बढ्दैन भन्दै आएका थिए। त्यहीं आशयका साथ नै समाजवादी सरकारबाट बाहिरियो।

**० राजपाको शर्तअनुसार समाजवादी सरकारबाट बाहिरियो कि सरकारले नै बाध्य बनायो ?**

– राजपाको पहिलो र मुख्य शर्त त समाजवादी सरकारबाट बाहिर आओस् भन्ने नै थियो। राजपाका अध्यक्षमण्डलका नेताहरूले सार्वजनिकरूपमा भन्दै आएका थिए। जहाँसम्म छ कि सरकारले नै समाजवादीलाई सरकारबाट बाहिरिन बाध्य बनायो, यस्ता कुराहरू त आएको छैन। सरकारले त समाजवादी पार्टी सरकारबाट बाहिरियोस् भनेको थिएन। यस्ता मनगढन्ते कुराहरू हुन्।

**० तर, सरकारले पटक-पटक समाजवादी पार्टीलाई अपमानित हुने निर्णयहरू गर्दै आएको कुरा समाजवादीकै नेताहरू भनिरहेका थिए नि ?**

– सरकारले गर्ने गरेका ती चलिरहने नियमित प्रक्रिया हो। सरकारले कुनै मन्त्रीलाई अर्को मन्त्रालयमा पठाउँदा अपमान हुँदैन। सधैंभरि एउटा मान्छे एउटै मन्त्रालय सम्हालिराख्नुपर्छ भन्ने छैन। विभिन्न मन्त्रीहरू फेरबदल भएका थिए, कतिपयलाई हटाएर नयाँलाई अवसर पनि दिएको थियो। त्यहीं क्रममा हाम्रा पार्टी अध्यक्ष मन्त्री हुँदा अर्को मन्त्रालयमा पठाएको थियो। त्यो भइ नै रहन्छ। त्यसलाई स्वाभाविकरूपमा नै लिनुपर्छ।

**० समाजवादीसँग कुनै सल्लाह नै नगरी राज्यमन्त्रीलाई समेत हटाइदिएको थियो ?**

– त्यो स्वाभाविक थियो।

**० अब तपाइँहरू संविधान संशोधनका लागि कसरी अगाडि बढ्नुहुन्छ ?**

– हामी संविधान संशोधन गर्ने वातावरण तयार गर्दैछौं। संविधान जारी गर्नेमध्ये एक जना संवैधानिक परिषद्का अध्यक्ष डा.बाबुराम भट्टराई अहिले हाम्रै पार्टी हुनुहुन्छ। उहाँले संविधान जारी भएकै बेला भन्नुभएको थियो कि यो संविधान भनेको आधा गिलास पानी र आधा गिलास खाली छ। त्यहीं माहौल बनाउने प्रक्रियामा हामी पार्टीका संगठन विस्तारदेखि लिएर हाम्रो विचारसँग मिल्ने अन्य राजनीतिक दल र विभिन्न संघसंस्थाहरूसँग मिलेर हामी अगाडि बढिरहेका छौं।

**० संगठन विस्तार र अन्य दलहरूसँग सहकार्य गर्दैमा संविधान संशोधन हुन्छ त ?**

– संविधान संशोधन राष्ट्रकै लागि आवश्यकता देखिएको छ। विगतमा संविधान संशोधनकै लागि हामी सरकारमा गएका थियौं। करिब डेढ वर्षसम्म हामी सरकारमा बस्दा पनि नेकपाको सरकारले संशोधनको प्रक्रिया अगाडि नबढाएपछि बाध्य भएर हामी बाहिरबाट दबाब दिन सरकारबाट बाहिरियौं। संविधान संशोधन गर्न यो सरकार जति ढिलो गर्छ त्यति नै हामीलाई राजनीतिकरूपमा फाइदा हुन्छ। यही मुद्दालाई लिएर मुलुकमा भएका सम्पूर्ण उपेक्षित वर्ग समुदायलाई एक ठाउँमा ल्याएर हामी अगाडि बढ्छौं। बुहमतको दम्भमा चूर रहेका दलहरू नै भोली संविधान संशोधन गर्न बाध्य हुनेछन्।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# संविधान संशोधन र मधेश



**प्रस्तावना** - नेपालको राजनीतिक परिवर्तनहरूमा मधेसको प्रमुख भूमिका रहदै आएको छ। लोकतान्त्रिक व्यवस्था प्राप्ति हेतु भएको एकतन्त्रिय जहानिया राणा शासन विरूद्धको आन्दोलन देखि नै मधेसले सक्रिय सहभागिता जनाउदै आएको ऐतिहासिक तथ्य छ। नेपाली राजनीतिका प्रमुख दलहरूको जन्मथलो मधेस नै हो। मधेसले उठान गरेका मुद्दाहरू राष्ट्रीय महत्वको भएपनि त्यसलाई उपेक्षित तुल्याउने क्रममा मधेसको अस्तित्व र भूमिका माथि नै प्रश्न उठ्ने गरेको छ। दक्षिण तर्फको खुला एवं निर्बाध सिमानाको निष्कण्टक सुरक्षा गर्दै आएपनि मधेसको राष्ट्रियता सामुदीयक रूपमा शंकाको घेरामा हुने गर्दछ। यस्ता विभेदकारी आचरण र संवैधानिक रूपमा नै पीडित भएको महसुस गरेका कारण मधेस बारम्बार आन्दोलित हुदै आएको छ। विगतमा भएको मधेस आन्दोलनको क्रममा तत्कालिन आन्दोलनकारी एवं राज्य पक्ष बीच ८ बूँदे र २२ बूँदे सहमित भएपनि सो विषयमा बहस जारी नै राखिएको देखिन्छ। नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भएर सबै तहको निर्वाचन सम्पन्न भइसकेको अवस्थामा मधेसले उठाएका मुद्दाहरू ओभ्केलमा पर्दै गएको छ। त्यसर्थ संविधान संशोधन कोलागि मधेसका तात्कालिक मुद्दाहरूको संश्लेषण गरि प्रमुख राजनीतिक विषयलाई पुन: जनमानस बीच पुर्याउन र सम्पूर्ण राष्ट्रलाई मधेस बारेको भ्रम समाप्त पार्न यो दस्तावेज प्रस्तुत गरिएको छ।

(१) संसदीय निर्वाचन क्षेत्र जनसंख्याको आधारमा पुनर्निर्धारण

(२) राष्ट्रियसभाको सिट संख्या सम्बन्धित प्रदेशको जनसंख्याको आधारमा

(३) न्यायपालिका, सुरक्षा निकाय लगायत सबै सरकारी निकायको समायोजन समानुपातिक समावेशिताको आधारमा

(४) झापा, मोरङ्ग, सुनसरी, कैलाली र कञ्चनपुर सहितको समग्र मधेस प्रदेश

(५) राज्यका सबै पदहरूमा सबै नागरिकको समान अधिकार

(१) संसदीय निर्वाचन क्षेत्र जनसंख्याको आधारमा पुनरनिर्धारण :- संविधानको धारा २८६ बमोजिम संसदीय निर्वाचन क्षेत्र निर्धारण आयोग गठनको व्यवस्था गरिएको छ। जस अनुसार सो आयोगले संसदीय निर्वाचन क्षेत्र निर्धारण गर्दा उपधारा ५ बमोजिम जनसंख्या र भुगोललाई आधार मानेर संसदीय क्षेत्र निर्धारण हुने व्यवस्था गरिएको छ। यसरी निर्धारण भएको निर्वाचन क्षेत्रको पुनरावलोकन उपधारा १२ बमोजिम प्रत्येक २० बर्षमा हुने व्यवस्था गरिएको छ। वर्तमान सामाजिक संरचनामा शहरी बसोवासमा भई रहेको वृद्धि र प्रत्येक १० बर्षमा हुने राष्ट्रीय जनगणनाले दिने तथ्यांक भन्दा सर्वथा भिन्न यो व्यवस्था पूर्णत: बेमेल भएकोले संशोधन हुनु पर्दछ। उदाहरणका लागि राष्ट्रीय जनगणना अनुसार काठमाण्डौको जनसंख्या २००१ मा १०,८१,८४५ रहेकोमा २०११ मा बढ़ेर १७,४४,२४० भएको छ। त्यस्तै झापाको ६,८८,१०९ बाट ८,१२,६५० सर्लाहीको ६,३५,७०१ बाट ७,६९,७२९ र रूपन्देहीको ७,०८,४१९ बाट ८,८०,१९६ पुगेको छ भने मनाङ्गको ९,५८७ बाट घटेर ६,५३८ र मुश्ताङ्गको १४,९८१ बाट १३,४५२ भएको छ। यस बमोजिम अबको २० बर्षमा निर्वाचन क्षेत्रको पुनरावलोकन हुँदा काठमाण्डौको जनसंख्या दोब्बर हुनेछ भने मनाङ्गको आबादी केही शयमा सीमित हुन सक्छ। यही व्यवस्था कायम गरेर निर्वाचन हुदै गएमा अबको बीस बर्ष पछि शहरी जनघनत्व र प्रतिनिधित्वमा कुनै तालमेल रहने छैन। महानगरहरूको जनसंख्या जिल्लाहरूको जनसंख्या भन्दा बढ़ीहुने देखिन्छ। तर संवैधानिक बाध्यताको कारण प्रतिनिधित्वको विषयमा उचित सम्बोधन हुने छैन। त्यसर्थ प्रतिनिधित्वको सम्भावित विषमता र सो कारणले हुन सक्ने अव्यावहारिकतालाई समाप्त पार्न संविधानको धारा २८६ को उपधारा (१२) लाई संशोधन गरि राष्ट्रीय जनगणना संगै निर्वाचन क्षेत्र जनसंख्याको आधारमा पुनरनिर्धारण हुनु पर्ने व्यवस्था गरिनु पर्दछ।

**(२) राष्ट्रिय सभाको सीट संख्या सम्बन्धित प्रदेशको जनसंख्याको आधारमा** :- संविधानको धारा ८६ बमोजिम राष्ट्रीय सभाको गठन गरिने व्यवस्था गरिएको छ। जस अनुसार प्रत्येक प्रदेश बाट तीन जना महिला, एक दलित र एक जना अपांगता भएको वा अल्पसंख्यकलाई अनिवार्य रूपमा निर्वाचित गर्दै जम्मा आठ जना प्रतिनिधि राष्ट्रीय सभाको लागि पठाउनु पर्ने व्यवस्था गरिएको छ। यो व्यवस्था प्रादेशिक जनसंख्याको तुलनामा सही देखिदैन। वर्तमानमा प्रदेशहरूको जनघनत्वमा फराकिलो अन्तर रहेको देखिन्छ।

## राजनीतिक दस्तावेज

(क) प्रदेश नं. १ - ४५,३४,९४३
(ख) प्रदेश नं. २ - ५४,०४,१४५
(ग) प्रदेश नं. ३ - ५५,२९,४५२
(घ) प्रदेश नं. ४ - २४,१३,९०८
(च) प्रदेश नं. ५ - ४४,८८,९५५
(छ) प्रदेश नं. ६ - १५,७०,५८४
(ज) प्रदेश नं. ७ - २५,५२,५१७

स्पष्ट रूपमा देख्न सकिन्छ कि प्रदेशको जनसंख्या १५ लाख ७० हजार देखि ५५ लाख २९ हजार सम्मको छ अर्थात लगभग चार गुणा सम्मको फरक कायम छ। तर प्रत्येक प्रदेश बाट हुने समान प्रतिनिधित्वले न्यून जनसंख्या भएको प्रदेशलाई लाभको अवस्था दिएको छ भने अधिक जनसंख्या भएको प्रदेशले उचित प्रतिनिधित्व पाएको छैन। त्यसर्थ राष्ट्रीय सभाको सीट संख्या सम्बन्धित प्रदेशको जनसंख्याको आधारमा कायम हुने गरि संविधान संशोधन आवश्यक छ।

**(३) न्यायपालिका, सुरक्षा निकाय लगायत सबै सरकारी निकायको समायोजन समानुपातिक समावेशिताको आधारमा :-** वर्तमान संविधानको प्रस्तावनामा देशलाई समानुपातिक समावेशिताको आधारमा प्रस्तावित गरिएको छ। "……..सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै; बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै; जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली……..''। विगतमा राज्यको शासन प्रणाली केन्द्रीकृत रहेकोले प्रशासनिक संरचना असन्तुलित भई असन्तोषका कारक भएको स्वीकार गरेर यो संविधान जारी हुनु पूर्व नै समानुपातिक समावेशिताको आधारमा राज्यको विभिन्न अंगमा अनिवार्य नियुक्तिको व्यवस्था गरिएको थियो। त्यही अनुरूप लोक सेवा आयोग लगायत सरकारी सेवामा भर्नाको लागि जिम्मेवार निकायहरूलाई नियमबद्ध गरिए पनि कालान्तरमा विभिन्न बहानामा सो व्यवस्थालाई निष्प्रभावी बनाइएको देखिन्छ।

वर्तमान संविधानमा पनि समावेशी समाजको परिकल्पना अनुरूप नै राष्ट्रीय समावेशी आयोग सहित मधेसी, दलित, महिला, आदिवासी/जनजाति, मुस्लिम लगायतका आयोगहरूको गठन गरिने व्यवस्था भएतापनि सो लाई परिणाममूलक हुन नदिन अनेकों विधि अपनाइएको देखिन्छ। यस्ले गर्दा संसदीय निर्वाचनको परिणाम पनि परिकल्पना भन्दा फरक हुन गएको छ। त्यसर्थ समाज भित्रको द्वन्द्वलाई व्यवस्थित गर्न को लागि पनि छल-कपट रहित ढंगले राज्यको प्रत्येक अंगलाई पूर्ण समानुपातिक समावेशिताका आधारमा हुने गरि संविधान संशोधन आवश्यक छ।

**(४) झापा, मोरङ्ग, सुनसरी, कैलाली र कञ्चनपुर सहितको समग्र मधेस प्रदेश :-** मधेस आन्दोलनले स्थापित गरेको संघीयताको आधार स्तम्भ रहेको प्रादेशिक शासन प्रणालीलाई वर्तमान संविधानमा कपटपूर्ण तरिकाले निस्तेज बनाउने प्रयास गरिएको छ। मधेस आन्दोलनको प्रथम एवं मुख्य माँग नै समग्र मधेस एक स्वायत्त प्रदेश थियो। सोहि आधारमा तत्कालिन राज्य र आन्दोलनकारी शक्तिहरूका बीच भएको ८ बूँदे र २२ बूँदे सम्झौतामा दक्षिणको २२ जिल्लालाई मधेसको रूपमा स्वीकारिएको छ। त्यसैले सो २२ जिल्लाको प्रमुख जिल्ला अधिकारीहरूलाई लोक सेवा लगायतको सरकारी सेवा निमित्त मधेसी समुदायलाई प्रमाणित गर्ने अधिकार राज्यले प्रदान गरेको थियो। तर यो संविधानमा मधेसलाई पाँच टुकामा विभाजन गरिएको छ। संविधान जारी हुना साथ सम्पूर्ण मधेसले उक्त विभाजनलाई अस्वीकार गर्दै आन्दोलन गरेको थियो र आजपनि मधेसले समग्रमधेस प्रदेशको अवधारणा यथावत कायम राखेको छ। यस निर्वाचन मार्फत मधेस केन्द्रित दलहरू सहित अन्य दलमा पनि ती २२ जिल्लाहरूमा मधेसी/थारूहरूको अधिकतम सफलताले सो अवधारणालाई पृष्टपोषण गरेको छ। यसै सन्दर्भमा राज्य पुनर्संरचना आयोगले दिइएको प्रतिवेदनमा मधेसको २२ जिल्लालाई बढ़ीमा दुई प्रदेश हुने गरि सिफारिश गरेको थियो। तर राज्यले पर्साको ठोरी र नवलपरासी जिल्लालाई टुकाउन मंजुर गरेपनि मधेसको पहिचानलाई अस्वीकार गर्दै आएको देखिन्छ। आफ्नो भूमिमा सामुदायिक स्वशासन र केन्द्रमा सहभागितामूलक शासनलाई नै संघीयताको मूल आदर्शको रूपमा लिदै झापा, मोरङ्ग, सुनसरी, कैलाली र कञ्चनपुर सहितको समग्र मधेस प्रदेशको गठन गर्न संविधान संशोधन आवश्यक देखिन्छ।

**(५) राज्यका सबै पदहरूमा सबै नागरिकको समान अधिकार :-** यस संविधानको भाग - ३ मा मौलिक हक सम्बन्धी व्यवस्था गरिएको छ। जस अनुसार सबै नागरिकलाई समान अधिकार प्राप्त हुने छन र कुनै पनि नागरिक संग कुनै किसिमको भेदभाव गरिने छैन भनिएको छ। संविधानको धारा १८ मा समानताको हक सम्बन्धी व्याख्या गरिएको देखिन्छ।
" १८. समानताको हक : (२) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन।….."
धारा १८ को उपधारा २ ले स्पष्ट छ कि वैवाहिक कारणले कसै संग कुनै भेदभाव नगर्ने प्रत्याभूति यो संविधानले दिइएको छ। पछिल्लो संविधानमा समेत कायम रहेको वैवाहिक अंगिकृत नागरिकता प्राप्ति सम्बन्धी प्रावधानहरूलाई जटिल बनाउदै विभिन्न संवैधानिक उच्च पदमा वैवाहिक अंगिकृत नागरिकलाई बन्देज गरिएको छ। लोकतान्त्रिक व्यवस्थाको मूल आधार नै मौलिक हक र मानव अधिकार भएकोले यस्ता विभेदकारी प्रावधान स्वीकार्य हुन सक्दैन। त्यसर्थ वैवाहिक नागरिकता प्रप्तिको प्रकियालाई पछिल्लो संवैधानिक प्रावधान अनुसार कायम गर्दै राज्यका सबै पदहरूमा सबै नागरिकको समान अधिकारको सुनिश्चितता हेतु संविधान संशोधन अपरिहार्य छ। *मधेश सम्वाद समूह नेपालले फागुन १० गते आयोजना गरेको 'संविधान संशोधन - औचित्य र आवश्यकता' विषयक अन्तरक्रिया कार्यक्रममा राजनीतिक विश्लेषक देवेश झाले प्रस्तुत गरेको कार्यपत्र।*

## नेपाल-भारत सीमा बैठक सम्पन्न



बैतडी। बैतडीमा नेपाल-भारत सीमा बैठक बसेको छ। बैठकले सीमानाबाट कोरोना भाइरस सङ्क्रमितलाई भित्रिन नदिन दुवै देशले उच्च सतर्कता अपनाउने निर्णय गरेको छ। झुलाघाटमा मोटरेबल पुल निर्माण, सीमामा हुने अखेटोपहार तस्करी, प्राकृतिक विपद्,सांस्कृतिक सम्बन्ध सुदृढ गर्नेलगायत सातवटा एजेन्डामा छलफल भएको छ।
बुधबार जिल्ला प्रशासन कार्यालय बैतडीमा बसेको सीमा बैठकमा सहभागी हुन भारतीय अधिकारीको टोलीसहित बैतडी आइपुग्नुभएका पिथोरागढ जिल्ला प्रमुख डाक्टर विजयकुमार जोगदण्डेलाई बैतडीका प्रमुख जिल्ला अधिकारी आनन्द पौडेलले स्वागत गरेका थिए। प्रमुख जोगदण्डेले त्रिपुरासुन्दरी मन्दिरको दर्शनसमेत गरे। सीमा बैठकमा भाग लिन दार्चुलाका प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेल पनि बैतडी आएका थिए।
सीमा बैठकपछि पत्रकार सम्मेलन गर्दै सातवटा विषयमा गहन छलफल भएको बैतडीका प्रमुख जिल्ला अधिकारी आनन्द पौडेलले बताऐ। प्रजिअ पौडेलले भने, शान्तिसुरक्षा र सीमामा हुने तस्करी नियन्त्रण, कोरोना भाइरस रोक्न दुबै देशका केन्द्र सरकारसम्म पुऱ्याउने, महाकाली नदी तटीय समुदायले भोग्नुपरेको प्राकृतिक विपद्, भारतीय सुरक्षा फौजबाट निवृत्त भएका नेपालीको परिवारले पाउने पेन्सन सुविधालाई सहज बनाउने र सांस्कृतिक सम्बन्धलाई अझ सुमधुर निर्णय भएको छ।

## कार्यभार सम्हाल्न आइपुगे राजदूत

काठमाडौं। नेपालका लागि नवनियुक्त भारतीय राजदूत विनयमोहन क्वात्रा काठमाडौं आइपुगेका छन्। आफ्नो कार्यभार सम्हाल्न आइतबार बिहान ११ बजे उनी त्रिभुवन विमानस्थलमा ओर्लिएका हुन्। उनलाई विमानस्थलमा काठमाडौंस्थित भारतीय दूतावासका डीसीएम अजय कुमारलगायतले स्वागत गरेका थिए। क्वात्रा यसअघि फ्रान्सका लागि भारतीय राजदूत थिए। फ्रान्सबाट फर्किएलगत्तै उनलाई प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालको राजदूत नियुक्त गरेका हुन्। सन् १९८८ मा भारतको परराष्ट्र सेवामा



प्रवेश गरेका उनले एक समय व्यापार, अर्थ व्यवस्था र वृत्त ब्यूरोको प्रमुखका रूपमा दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)मा भारतको प्रतिनिधित्व गरेका थिए।

## मधेश अपडेट

### 'रोजगारी आजको प्रमुख आवश्यकता'

जनकपुरधाम। मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले युवाहरूलाई शिपसहितको रोजगारी दिनु आजको प्रमुख आवश्यकता रहेको बताएका छन्। ुवा तथा साना व्यवसायी स्वरोजगार कोषले जनकपुरमा आयोजना गरेको स्वरोजगार कर्जा सम्बन्धि प्रदेशस्तरीय कार्यशाला गोष्ठीको उद्घाटन गर्दै मुख्यमन्त्री राउतले युवाहरूलाई शिपसहितको रोजगारीमा लगाउनु पर्ने बताए। मानव संशाधन सबैभन्दा ठूलो शक्ति भएपनि त्यसलाई मुलुकले अहिलेसम्म परिचालन गर्न नसकेकै कारण मलुकु गरिब भएको उल्लेख गर्नु हुँदै मुख्यमन्त्री राउतले युवाहरूलाई शिप सहितको रोजगारी दिन सकिए समृद्धि सम्भव रहेको विश्वास समेत व्यक्त गरे। युवाहरूलाई शिपयुक्त बनाउन प्रदेश सरकार प्राविधिक विश्वविद्यालयको अवधारणालाई अघि बढाएको बताउँदै मुख्यमन्त्री राउतले प्रत्येक स्थानीय तहमा प्राविधिक शिक्षालय स्थापनाको लक्ष्य लिएको बताए।स्वारोजगारको नाउमा उपलब्ध गराउने ऋणमा रहेको झन्झटिलो प्रक्रियाले लक्षित वर्गहरू सुविधा प्राप्त गर्न नसकेको टिप्पणी गर्दै उनले स्वरोजगारका लागि दिइने कर्जाको प्रक्रिया सहज गर्न कोषलाई सुझाव समेत दिए।

### मुशायरा एवं कवि सम्मेलन कार्यक्रम सम्पन्न

इमरान खान, रौतहट। जिल्लाको राजपुर नगरपालिका पानीटंकी बजारमा इन्डो नेपाल मुशायरा एवं कवि सम्मेलन कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमको मुख्य उद्देश्य सामाजिक सद्भाव कायम राख्न रहेको थियो। नेपालमा मुशायरा एवं कवि सम्मेलन हुन त हुन्थ्यो तर यो पहिलो पटक हिन्दू मुस्लिम कौमी एकता मंचद्वारा भएको छ। यसको प्रभाव र सामाजिक सद्भाव कायम रहोस् भन्ने विभिन्न तर्फमा जति भएपनि ज्ञानको भण्डार नै रहेछ। हिन्दू मुस्लिम कौमी एकता मँच तथा बालबिवाह दाइजो प्रथा कवि सम्मेलनको माध्यमबाट आयोजक मो.मोमताज अनुजले आफ्नो कविताको मार्फत हिन्दू मुस्लिम एकता सधैंका लागि कायम रहोस् भन्दै संदेश दिएका थिए। सि.वि.ओजका सचिव मो.नसरूल्लाह आसमान नेपालमा शिक्षा लगायत हिन्दू मुस्लिम भाइचाराको एकता बनी रहोस् बारेमा स्थानीयबासी लगायत जनसमुदायलाई संदेश दिएका थिए। सामाजिक सद्भाव कायम रहोस् शिक्षा तालिम र बाल विवाह जातपात जस्ता भेदभावहरू नहरहोस् भन्ने अफ्नो शायरबाट बताएका थिए।

### इन्डो-नेपाल मंचद्वारा कम्बल वितरण

इमरान खान, कपिलवस्त। जिल्लाको कृष्णनगर नगरपालिका वडा नम्बर १ बढायामा इन्डो-नेपाल सामाजिक मंचद्वारा कम्बल वितरण गरिएको छ। प्रत्येक वर्ष इन्डो-नेपाल सामाजिक मंचद्वारा गरीब दिव्यांग तथा असहाय व्यक्तिहरूलाई कम्बल वितरण गर्दै आएको छ। इन्डो नेपाल सामाजिक मंचका अध्यक्ष, समाजसेवी एवम् युवा नेता अकरम पठानको अगवाईमा कम्बल वितरण गरिएको छ। कार्यक्रममा बोल्दै इन्डो-नेपाल सामाजिक मंचका अध्यक्ष समाजसेवी एवम युवा नेता अकरम पठानले सबै देशबासीहरूले यस्तै सानो कार्यक्रम गरी आफनै जिल्लामा रहेका गरीब, दिव्यांग तथा असहाय व्यक्तिहरूलाई धेरै नभए यस्तै थोरै सहयोग गरियो भने यस्ता गरिब, विपन्न तथा असहाय ब्यक्तिहरूलाइ ठुलो राहत मिल्ने बताए।

### अभियन्ता सम्मेलनलाई व्यापक बनाइने

वीरगन्ज। वीरगन्जमा हुन लागेको अभियन्ता सम्मेलन २०२०, प्रदेश २, नेपाललाई अझ विस्तृत, समग्र र ग्राउन्डेड बनाउने तयारी समितिले निर्णय गरेको छ। अभियन्ता सम्मेलनको तयारी समिति बैठकले सम्मेलनलाई अझ विस्तृत, समग्र र ग्राउन्डेड तथा प्रत्येक गाउँभित्र पस्ने गरी आयोजना गर्नुपर्ने ठोस प्रतिक्रिया तथा प्रतिबद्धताहरूसहित थप मार्ग देखाएको जनाएको छ।
त्यसअनुरूप, अभियन्ता सम्मेलन २०२०, नेपालको मुल समारोह आयोजना गर्नु अघि प्रिइभेन्टको रूपमा यस सम्मेलनलाई गाउँ-गाउँ प्रवेश गराउनु पर्ने निर्णय गरेको भोरका अध्यक्ष राजकुमार महतोले जनाएका छन्। प्रदेश २ का १३६ वटै स्थानीय तहमा अभियन्ता सम्मेलनलाई प्रवेश गराउने र प्रत्येक पालिकास्तरमा गएर गाउँ समाजमा सेवा गरिरहेका र बाहिर नदेखिएका अभियन्ताहरूसहित सबै अभियन्ताहरूको खोजि गर्नुपर्ने निर्णय गरेको छ। यसरी प्रत्येक पालिका स्तरबाट अभियन्ताहरूको नामावली तयार गरिनेछ। प्रत्येक पालिका अनुसारको अभियन्ताहरूको नामावली तयार भए पछि, प्रदेश २ का आठ वटै जिल्लामा जिल्ला स्तरीय एक दिने अभियन्ताहरूको सेमिनार आयोजना गरिनेछ, जहां अभियन्ताहरूलाई अभियन्ता सम्मेलन २०२०, नेपालको बारेमा अभिमुखिकरण गर्ने, अन्य आवश्यक विषयवस्तु र मुद्धाहरूमा अन्तरक्रिया गर्ने र अभियन्ता प्रोफाईल प्रकाशनको लागि अभियन्ता प्रोफाइल फरमेट त्यही बेला भर्न लगाउने निर्णय गरेको छ।

### सरकारविरूद्ध नेविसंघद्धारा प्रर्दशन

तौलिहवा। सरकारले पुस्तकमा लगाएको कर, पेट्रोलियम पर्दाथमा गरेको मुल्य वृद्धि र सरकारमा बसैकै मन्त्रीहरूले गरेको भष्ट्राचार विरूद्ध नेपाल विद्यार्थी संघले सडक आन्दोलन गरेको छ। नेपाल विद्यार्थी संघ जिल्ला कार्य समतिले कपिलवस्तु बहुमुखी क्याम्पस तौलिहवा अगाडी व्यानर प्लेकार्ड सहित नाराबाजी गर्दै १ घण्टा चक्का जाम गरेको थियो। सरकारले गरिव जनताका छोराछोरीले अध्ययन गर्ने पुस्तकमा १० प्रतिशत कर लगाएको छ त्यसको विरूद्ध कडा आन्दोलन गर्ने ने.वि.संघले जनाएको छ। त्यस्तै पेट्रोलियम पर्दाथमा प्रति लिटर ५ रूपैंया बुद्धि गरेर गरिब जनतालाई ढाड सेक्ने काम गरेको समेत नेविसंघले आरोप लगाएको छ। विरोध सभामा वोल्दै नेविसंघका जिल्ला सभापती राकेश पाण्डेयले वर्तमान सरकार काण्डै काण्डको सरकार भएको र जनताको खुन पसिमा चुस्ने काम गर्ने मात्र गरेको हुँदा अव विद्यार्थी एक भएर आन्दोलनमा उत्रने बेला आएको बताए। साथै पाण्डेले सरकारले गरेका गलत कार्यहरू अव जनताले सहन नसक्ने पनि बताए। त्यस्तै क्षेत्रीय सभापती आनन्द कुमार चौधरीले केन्द्रिय सर्कुलर अनुसार विभिन्न आन्दोलनका कार्यक्रमहरू गर्ने बताए। कार्यक्रममा सयौं विद्यार्थीहरूको सहभागिता रहेको थियो।

### म्याद गुज्रिएका औषधि बिक्रीवितरण

विराटनगर। औषधि व्यवस्था विभाग विराटनगरका विभिन्न फार्मेसीबाट म्याद गुज्रिएको औषधि बरामद गरेको छ। सेवाग्राहीले गुनासो गरेपछि आइतबार छापा मारेको विभागको प्रादेशिक कार्यालयको टोलीले हाम्रो फ्रेन्डसिप फार्मेसीबाट १५ प्रकारको १ सय ३९ पिस औषधि बरामद गरेको हो।
औषधी व्यवस्था विभागका फार्मेसी अधिृकत चतुर्भुजप्रसाद यादवको नेतृत्वको पुगेको टोलीले विकास मण्डलले सञ्चालन गरेको फार्मेसीबाट म्याद गुज्रिएका औषधि बरामद गरेको नेपाल औषधि व्यवस्था विभाग विराटनगरका निमित्त कार्यालय प्रमुख दिपेन्द्र खड्काले जानकारी दिए।

### जमुनाह नाकामा सतर्कता

बाँके। कोरोना भाइरस स्थलमार्ग हुँदै नेपाल भित्रिन नदिन नेपाल-भारत सीमाक्षेत्र जमुनाह नाकामा सतर्कता अपनाइएको छ। नेपालगञ्ज उपमहानगरपालिका स्वास्थ्य शाखाले स्वास्थ्य सहयोगीकक्ष स्थापना गरी भारतबाट नेपाल भित्रिने ज्वरो तथा अन्य बिरामीको स्वास्थ्य परीक्षण गर्दै आएको स्वास्थ्य शाखा संयोजक रामबहादुर चन्दले जानकारी दिए। उनका अनुसार नेपाल-भारत प्रवेशद्वार जमुनाह नाकामा सहयोगीकक्षका लागि आवश्यक पूर्वाधार, परीक्षण सामग्रीको व्यवस्था गरी दुई स्वास्थ्यकर्मी परिचालन गरिएको छ। भारतबाट दैनिक सयौं नेपाली जमुनाह नाका हुँदै नेपालगञ्ज प्रवेश गर्छन्। यसरी प्रवेश गर्नेमध्ये बिरामी परेका र आफैं स्वास्थ्य जाँच गर्न चाहने व्यक्तिलाई सीमानाकामा स्वास्थ्य जाँच हुँदै आएको छ।

### कारखानाको जग्गा बेच्न स्वीकृति

वीरगञ्ज। सरकारले वीरगन्ज चिनी कारखाना लिमिटेडको जग्गा बिक्री गर्ने निर्णय गरेको छ। पुन : सञ्चालनका लागि सम्भाव्यता अध्ययन भइरहेको बेला आएको उक्त निर्णयले उखु किसान निराश बनेका छन्। फागुन ५ को मन्त्रीपरिषद् बैठकले वीरगन्ज महानगरपालिका-१४ स्थित चिनी कारखानाको जग्गामध्ये ६ बिघा जग्गा बिक्री गर्ने निर्णय गरेको हो। 'विरगन्ज चिनी कारखानाको स्वामित्वमा रहेको कि.नं. ११३१ को १० बिघा ६ कट्ठा ४ धुर जग्गामध्ये ६ बिघा जग्गा बिक्री गर्न स्वीकृति दिने,' मन्त्रिपरिषदको निर्णय नं. ३ मा उल्लेख छ। यसअघि २०७१ मा सरकारले कारखानाको ६ बिघा जग्गा सशस्त्र सीमा सुरक्षा बलको कार्यालय स्थापनाका लागि दिएको थियो।

# पारदर्शिताको पनि सपथ ग्रहण आवश्यक



ललित कुमार यादव

सामान्य भाषामा भ्रष्टाचार भनेको सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो व्यक्तिगत लाभको लागि आफुलाइ सुम्पिएको सार्वजनिक शक्तिको दुरूपयोग गर्नु हो । भ्रष्टाचार भनेको बेइमानी र आपराधिक अपराध पनि हो । यसलाई भ्रष्टाचार भएको रकम र जहाँ यो हुन्छ त्यस्तै क्षेत्रको आधारमा सानो वा छिद्र, भव्य वा ठूलो र नीतिगत वा राजनीतिक गरी वर्गीकरण गर्न सकिन्छ । भ्रष्टाचार हुनुको कारणहरू विभिन्न भए पनि यसको मूख्य कारण भ्रष्टाचार गर्ने व्यक्तिमा असिमित पैसा र शक्ति आर्जन गर्ने लोभ पैदा हुनु, इमानदारिता र सदाचारको कमी हुनु नै हो । भ्रष्टाचारले व्यक्ति र समाजमा असिमित असरहरू पारी रहेको हुन्छ । यसले व्यक्तिको ज्यान समेत लिन सक्ने क्षमता राख्दछ ।

भ्रष्टाचारलाई गम्भीर अपराध भनेर संसारका सबै मुलुकले मानेको छ । भ्रष्टाचार लगभग संसारको सबै मुलुकमा विभिन्न अनुपातमा देखा पर्ने गरेको छ । भ्रष्टाचार नियन्त्रण र नियमन गर्न प्रत्येक राष्ट्रले आफ्ना आन्तरिक निकाय वा स्रोत को प्रयोग गर्दै आएको छ । नेपाल सरकारले अख्तियार अनुसन्धान आयोग लगायतका अंगहरूको प्रयोग गर्दै आएको छ । भ्रष्टाचार रोक्न संसारको सबै देश केन्द्रित रहे पनि यसलाई पूर्ण रूपमा रोक्न कमै देश सफल हुन सकेको छ । शून्य सहनशिलताको नारासहित भ्रष्टाचार नियन्त्रण गर्ने नेपाल सरकारको उद्घोष पनि फिक्का नै देखिएको छ ।

भ्रष्टाचार समाजको दैनिक संरचनाको हिस्सा हो । यो संगठित अपराधको कारकको रूपमा समेत स्थापित भैसकेको छ । कतिपय घटनामा संस्था नै यसमा संलग्न रहेको समेत देखिन्छ । यसलाइ रोक्न विभिन्न प्रयास भए गरेको पनि देखिन्छ । तर ती प्रयासहरू सफल हुन सकेको देखिदैन । हात्तीको देखाउने दाँत मात्रै साबित भइरहेको छ । भ्रष्टाचार नियन्त्रण नहुनुको कारण जनतालाई सचेतना दिन नसक्नु पनि एक हो । यसको मूख्य कारण पारदर्शिताको कमी नै हो । नेपाल भ्रष्टाचारसम्बन्धी विश्वव्यापी सूचकांकमा सुधार गर्दै ११ स्थान माथि उक्लिने सफलता हात पारेको छ । यद्यपी नेपाल व्याप्त भ्रष्टाचार हुने मुलुकको श्रेणीबाट बाहिरिन सकेको छैन र छिट्टै बाहिरिने सम्भवना कमै देखिन्छ । यस वर्षलाई अख्तियार आफैले पनि ऐतिहार्शिक वर्षको रूपमा लिएको छ । ८८ प्रतिशत मुद्दामा सफलतामा हासिल गरेको छ । तर अख्तियार आफैले स्थानीय तहमा भ्रष्टाचार बढेको ठहर गरेको छ । अख्तियारले सफलता हासिल गर्दै गर्दा भ्रष्टाचार काम भएको मानिदैन । भ्रष्टाचार कम भएको मान्न अख्तियारमा पर्ने उजुरीमा कमी आउनु र सर्वसाधारणले सार्वजनिक सेवा सहज रूपमा प्रवाह भएको महशुस गर्नु त्यति नै जरूरी हुन्छ ।

सार्वजनिक सेवा प्रवाहमा सहजता र पारदर्शिता दुबैमा कमी रहेको छ । यो समस्या प्रदेश २ को हकमा झन बढी रहेको छ । अख्तियारको प्रतिवेदन अनुसार पनि उजुरीको संख्या प्रदेश २ मै सबैभन्दा धेरै रहेको छ ।

सार्वजनिक सेवा प्रवाहमा प्रश्न उठ्नुको मुख्य कारण पारदर्शिताको कमी नै रहेको छ । पादर्शिताको कमी भएको काममा भ्रष्टाचार हुने सम्भवना र शंका गर्ने ठाउँ त्यतिकै रहन्छ । भ्रष्टाचार रोक्न पारदर्शिताको त्यती नै ठूलो भूमिका छ । पारदर्शिता कायम नगरी भ्रष्टाचार रोक्न सम्भव छैन । सरकारले सूचनाको हक सम्बन्धी ऐन ल्याउनुको मूख्य उदेश्य सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता कायम गर्नु नै हो । तर ऐनको परिकल्पना अनुसार कार्यावन्यन भएको देखिएको छैन । अझै पनि सार्वजनिक सेवा प्रवाहमा पूर्ण पारदर्शिता कायम हुन सकेको छैन ।

कतिपय सार्वजनिक निकायले सूचना लुकाउने र सार्वजनिक रूपमा प्रकाशन प्रशारण गर्नु पर्ने सूचना प्रकाशन प्रशारण नै नगर्ने काम समेत गर्ने गरेको छ । यस्तो गर्नुको एउटै उद्देश्य भ्रष्टाचार गर्नु हुन्छ । यस किसिमको काम गर्ने निकायलाई कारबाहीमा ल्याउन अत्यन्त जरूरी छ । यो संगठनिक अपराध ( भ्रष्टाचार) को नमूना हो । यसमा सूचना बाहिरिन नपाएको कारण सर्बसाधारणले भ्रष्टाचार भएको थाहा पाउने सम्भवना ज्यादै न्यून हुन्छ । एक आध ठाउँमा यस्तै भएको पनि छ । अहिले गलत वा भ्रामक सूचना प्रकाशन गर्ने काम समेत गर्ने गरेको देखिन्छ । यस्तो सूचना बाहिर ल्याउन त्यही कार्यरत कुनै कर्मचारीले हिम्मत र इमन्दारिता देखाउनु पर्ने हुन्छ । कसैले हिम्मत गरी हाले पनि उसलाई एक्लाएर निर्दोषलाई दोषी साबित गरी दिने सम्भवना निकै हुन्छ । यो समाजले सूचना ल्याउनेलाई नै बुद्धिहीन करार गरदिने सम्भवना उतिकै हुन्छ ।

भ्रष्टाचारको छानबिन गर्न नयाँ नयाँ प्रविधि र उपकरणको प्रयोग बढे संगै भ्रष्टाचार गर्ने नयाँ नयाँ तरिका र शैलीको समेत विकास हुन थालेको छ । भ्रष्टाचार भएको वा भ्रष्टाचार गरेको प्रमाणित गर्न यथेष्ठ प्रमाण चाहिन्छ । यस्ता प्रमाणहरू आम जनताले हात पार्न एकदमै कठिन हुन्छ । यस्ता खालको भ्रष्टाचार भएको उजुरी परे पनि तत्काल छानविन नहुँदा, भ्रष्टाचार गर्नेले कागजात मिलाउने राम्रो अवसर प्राप्त गर्ने र निर्दोष साबित हुने सम्भवना उतिकै रहन्छ । सूचना लुकाउने कामले भ्रष्टाचार गर्न सहज हुनेमा शंका छैन । अधिकतम पारदर्शिता कायम गर्न नै सूचनाको हक सम्बन्धी ऐन ल्याएको हो । यो ऐन पूर्णरूपमा कार्यावन्यन भएमा यसले भ्रष्टाचार नियन्त्रणमा उल्लेखनीय सफलता हात पार्न सकिन्छ ।

कतिपय भ्रष्टाचार भएको घटना थाह भए पनि कति रकम बराबर भ्रष्टाचार भयो ? थाहा हुन नसकेको हुन्छ । यस सम्बन्धी प्रमाणहरू समेत प्राप्त गर्न नसकिरहेको हुन्छ । यस्ता भ्रष्टाचारको घटनाहरू प्रमाणित हुन नसकेर भ्रष्टाचार गर्ने व्यक्ति कारबाहीको दायरामा आउन सकेको हुँदैन । कतिपय भ्रष्टाचार दुई पक्षीय लाभको लागि भएको हुन्छ । यस्तो घटनामा पीडित पक्ष नै नरहने भएकोले यस्ता घटना बाहिरिने सम्भावना ज्यादै नै न्यून हुन्छ । तेस्रो पक्षले थाहा पाए पनि चासो नलिने हाम्रो समाजको चरित्र रहेको छ । कतिपय घटनामा सेवाग्राहीले सानो रकम घुस दिएकोले वास्ता गर्दैन । यस्ता घटनामा सेवाग्राहीले सेवा पाउनु पर्ने आफ्नो अधिकार खोज्नुको सट्टा केही रकम दिनु नै सजिलो उपायको रूपमा रोजिरहेको हुन्छ । सेवा पाउन घुस दिनै पर्ने मानसिकता नै विकसित भइसकेको छ । राज्यले सार्वजनिक निकायको कामकारबाही सम्बन्धी सूचना माग गर्ने अधिकार जनतालाई दिएको छ । संगै सार्वजनिक निकायमा र सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार वा अनियमितता भए/गरेको थाह भएमा सूचना दिन अनुरोध समेत गरेको छ । राज्यलाई सूचना दिने व्यक्ति सुरक्षित रहने विश्वास दिन सक्नु राज्यको दायित्व हो । राज्यले पाएको सूचनाको सदुपयोग हुनु पर्छ । जनताले दिएको सूचनाको आधारमा छानबिन गरी सत्य तथ्य बाहिर ल्याउन राज्यले कसर बाँकी राख्नु हुदैन । कतिपय घटनामा सूचना दिने ब्यक्ती पीडित हुनु परेको दृष्टान्त रहेको छ । यस्ता घटनाले सूचना दिने सचेत नागरिकको मनोबलमा गिरावट आउने गरेको छ । सूचना दिदा समेत कारबाहीबाट बच्न सफल भ्रष्टाचारीहरूको भ्रष्टाचारी साहस बढने गरेको छ ।

भ्रष्टाचार बौद्धिक व्यक्तिले आफ्नो बौद्धिकताको प्रयोग गरेर गर्ने अपराध हो । यो अपराध प्रक्रिया र कागजात मिलाउन आफ्नो सम्पूर्ण बौद्धिकता प्रयोग गरेर गरेको हुन्छ । यसमा ऐन नियममा रहेको कमजोरीलाई आरोपबाट बाच्ने उपायको रूपमा प्रयोग गरेको हुन्छ । यसमा प्राय:जसो तलदेखि माथि सम्मको अधिकारीहरू संलग्न रहेको हुन्छ । यो राज्यले विश्वास गरेको कुशल र सर्वोत्कृष्टहरूबाट हुने उच्चकोटीको अपराध हो । यो अपराधीले जानी, बुझी, सोची र सम्झी गर्ने अपराध हो ।

भ्रष्टाचार वा अनियमितता राज्यले विश्वास गरेर देश र जनताको हितमा काम गर्न राज्य शक्तिको प्रयोग गर्न अख्तियारी दिएको उत्कृष्ट बौद्धिक ब्यक्तीले गर्ने गरेको हुन्छ । आफ्नो बुद्धी र विवेकले भयाएसम्म देश र जनताको हितमा काम गर्ने प्रतिब्धता समेत जाहेर गरेको हुन्छ । तर काम गर्दा आफ्ना सम्पूर्ण बुद्धी र विवेक भ्रष्टाचार वा अनियमितता गर्न खर्चिरहेको हुन्छ । भ्रष्टाचार वा अनियमितत गर्नुमा नैतिकता र इमानदारिताको कमि पनि हो । यो अनजानमा भन्दा जानाजान आर्थिक लाभको लोभमा गरिन्छ ।

भ्रष्टाचारमा कर्मचारीहरू संलग्न रहेको छ । तर सबै कर्मचारी भ्रष्टाचार गर्न सक्रिय छ भन्न मिल्दैन । केही कर्मचारी आफ्नै संस्था वा कार्यालयमा भएको भ्रष्टाचारको भण्डाफोर गर्न साहस समेत गर्ने गरेको छ । तर ती कर्मचारीले आफ्ना उच्च पदस्थ अधिकारीबाट उल्टै कारवाहीको धाक र धम्की पाउने गरेको हुन्छ । उच्च पदस्थ अधिकारी समेत संलग्न रहने भएकोले यस्ता घटना लुकाउन हर सम्भव प्रयास हुन्छ र अनियमितता भएको सूचना दिने कर्मचारीलाई विभागिय कारवाहीको त्रास देखाएर तह लगाउने काम हुन्छ । यस्तोमा कर्मचारी आफुले फेला पारेको प्रमाण आरोप साबित गर्न प्रयाप्त छ की छैन ? भन्ने अन्योलमा पछाडी हटन बाध्य हुन्छ ।

कर्मचारीको रूपमा कुनै संस्थामा प्रवेश गरिसकेपछि त्यस संस्था र सेवा सम्बन्धी बिनियमको पालना गर्ने कर्मचारीको कर्तब्य हुन्छ । साथै नियूक्ती लिनु अगाडी लिएको पद तथा गोपनियता को सपथको पालना गर्नु पनि अनिवार्यता हुन्छ । तर के गोप्य राख्ने र के बाहीर ल्याउने अन्योलता रहेको ? यसकारण भ्रष्टाचार वा अनियमितता भएको सूचना बाहीर ल्याउन खोज्ने कर्मचारीमा कारबाहीमा पर्न सक्ने डर कायम रहेको र उच्च पदस्थ अधिकारीले गोप्यनियता भंग गरेको वा संस्थाको साख गिराएको आरोपमा विभागिय कारवाहीको धम्की दिएर घटना लुकाउने अवसर प्राप्त गर्ने गरेको । यसरी सूचना बाहीर ल्याउने कर्मचारीको मूख बन्द गराउने काम भैरहेको छ ।

सार्बजनिक पद धारण गर्ने ब्यक्तीलाइ निज नियूत्त भएको पदमा बहाल गर्नु अगाडी पद तथा गोप्यनियताको सपथ गराउने चलन रहेको छ । अहिले पारदर्शिताको आवश्यकता महशुश हुन थालेको छ । पारदर्शिता बिना भ्रष्टाचार र अनियमितता रोक्न ज्यादै कठिन छ । सरकारले समेत सार्बजनिक सरोकारको विषयमा सबैलाइ सहज रूपमा जानकारी प्राप्त होस भनी सूचनाको हक सम्बन्धी ऐनको कार्यवन्यनमा जोड दिएको छ । सार्बजनिक पद धारण गरेको व्यक्तिलाइ आफ्नै संस्थामा भएको भ्रष्टाचार र अनियमितता बाहिर ल्याउन गोप्यनियताको सपथ पनि प्रतिकुल साबित हुन सक्ने सम्भवना उतिकै रहेको छ । अब सार्बजनिक पद धारण गरेको ब्यक्तीलाइ गोप्य राख्नुपर्ने बिषय बस्तु गोप्य राख्न सपथ ग्रहण गराए जस्तै भ्रष्टाचार र अनियमितताको घटना सार्बजनिक गर्न , आफ्नो जानकारीमा रहेको सार्बजनिक हितको बिषय बस्तु सार्बजनिक गर्न साथै आफु र आफ्नो संस्थाबाट सम्पादन हुने काम कारवाहीमा पारदर्शिता कायम गर्न पारदर्शिताको समेत सपथ ग्रहण गराउनु पर्ने आवश्यकता महशुश गरिएको छ । यसको मद्दतले सार्बजनिक सेवा प्रवाहमा पारदर्शिता कायम गर्न सकिए भ्रष्टाचार र अनियमितता केही हदसम्म कम हुने आश गर्न सकिन्छ ।

> सार्वजनिक पद धारण गर्ने व्यक्तीलाई निज नियूक्त भएको पदमा बहाल गर्नु अगाडी पद तथा गोपनियताको सपथ गराउने चलन रहेको छ । अहिले पारदर्शिताको आवश्यकता महशुश हुन थालेको छ । पारदर्शिता बिना भ्रष्टाचार र अनियमितता रोक्न ज्यादै कठिन छ । सरकारले समेत सार्बजनिक सरोकारको विषयमा सबैलाइ सहज रूपमा जानकारी प्राप्त होस भनी सूचनाको हक

# किसानका समस्याहरू समाधानका लागि तीनमहिने अल्टिमेटम

काठमाडौं । विकराल अवस्थामा रहेको नेपालको कृषि र किसान समस्याहरूबारे सरकारलाई गम्भीर हुन सरोकारवालाहरूले ध्यानाकर्षण गराएको छ ।

पाँच किसान संगठनहरूले शनिबार मधेश मिडिया हाउसमा आयोजना गरेको 'नेपाली कृषि र किसानका समस्या' विषयक अन्तर-सम्वाद कार्यक्रममा सरोकारवालाहरूले किसान नीति, कृषि नीति, भूमि नीति, राष्ट्रियता सम्बन्धी नीति लगायतका विषयमा विभिन्न मागहरू राखेका छन् ।




कार्यक्रममा नेपालको कृषि र किसानका समस्याहरूबारे छलफल गरी समाधानका लागि नेपाल सरकारलाई नीतिगत निर्णय गर्ने र किसानका समस्या समाधान गर्न आवश्यक र प्रभावकारीरूपमा कार्यान्वयन गर्न कदम चाल्न आग्रह गरिएको छ ।

देशमा गणतन्त्र आएपछि, लगभग दुईतिहाई पुग्ने स्थायी र बलियो सरकार आए पनि कृषिले प्राथमिकता नपाएको, केही सुधारका कार्यक्रम घोषणा भएतापनि प्रभावकारीरूपमा लागु हुन नसकेको तथा कृषित क्षेत्र लगायत सर्बत्र ब्यापक भ्रष्टाचार बृद्धि भइरहेकोले कृषि र किसानलाई समेत ठूलो नकारातमक असर परिसरेको सन्दर्भमा कृषि क्षेत्रलाई प्राथमिकता दिई आमूल परिवर्तन गर्न ठोस कदम माग गरेका छन् ।

कार्यक्रममा कृषि विज्ञ डा.कैलाशनाथ प्याकुरेलले ६६ प्रतिशत किसान बाहुल्य भएको हाम्रो देश, कृषि क्षेत्रमा समेत ब्यापक परिवर्तन नआईकन समाजवाद उन्मुख भनिएको समृद्ध नेपाल बन्न नसक्ने निष्कर्ष निकाल्दै नेपाल सरकार प्रभावकारी रूपमा किसानका ततकालीन र दीर्घकालीन समस्याहरूलाई समाधान गर्ने दिशामा दृढतापूर्बक अग्रसर होस् भन्ने माग गरे । उनले भने, 'किसानका समस्या ब्यापक राष्ट्रियतासँग समेत जोडिएको हुनाले यो सान्दर्भिक विषय पनि हामीले उठाएका छौं । त्यसैले यी समस्याहरूको समाधानका लागि र तत्काल गर्नुपर्ने आवश्यक मागहरूको कार्यान्वयन तथा नीतिगत मागहरूको सम्बन्धमा आवश्यक प्रक्रिया अघि बढाउनका लागि तीन महिनासम्म हामी पर्खने छौं ।'

उनले यो समयसम्ममा पनि नेपाली किसानका मागहरू पूरा गर्न आवश्यक पहलकदमी नलिइएमा हामी संघर्षमा उत्रन बाध्य हुनुपर्ने अवस्थाको सिर्जना हुनेसमेत दिए ।

यसैगरी भोलामान सिंह बस्नेतले नेपाली कृषि र किसान सम्वन्धि उपर्युक्त आधारभूत, न्यायोचित, जायज मागहरू पूरा नभएमा पुरानो कृषि पद्धतिबाट नेपालको कृषि नयाँ उन्नत पद्धतिमा पदार्पण गर्न नसकिने धारणा राखे । उनले भने, 'जसले गर्दा राष्ट्रिय विकासमा समस्याले सही निकास पनि पाउन सक्तैन । पफलत नेपालको राष्ट्रियता, राष्ट्रिय एकता जनतन्त्र र जन जीबिका पनि उन्नत र सुद्धृढ हुन सक्तैन भन्ने कुरामा पनि हामी जोडदाररूपमा औंल्याउन चाहन्छौ ।'

वास्तविक जमिनमा काम गर्ने जोताहा तथा कृषि ब्यवसाय गने किसानको पहिचान, भूमिहीन तथा गरिब किसानको सबै ऋण मिनाहा, मुक्त गरियो भनिएका कमैया, हलिया, कमलरी, हलिया आदिको बसोबास, शिक्षा र रोजगारी सुनिश्चित, कृषि श्रमिकको जिउनयोग्य न्यूनतम र उचित ज्याला निर्धारण, सबै निकायहरूका किसानको प्रतिनिधित्व सुनिश्चित, कृषि बिमा र किसानको जीवन बिमा प्रभावकारी रूपमा लागु, बालीनाली, पशुपंक्षी, फलफूलको बिमामा नोक्सान भए क्षतिपूर्ति र बढी भए किसानले पाउने सहजरूपले व्यवस्था गर्नुपर्ने लगायतका मागहरू गरिएको छ । अखिल नेपाल किसान महासंघ (अफ्फा) अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) अखिल नेपाल प्रगतिशील किसान संघ, अखिल नेपाल किसान यूनियन र फ्याक्ट नेपालले संयुक्तरूपमा पत्रकार सम्मेलन आयोजना गरी किसानका विभिन्न मागहरू राखेका छन् ।

## संक्षिप्त समाचार

### मदिरा निषेधित क्षेत्र बनाउन माग

जनकपुरधाम । नेकपाले प्रदेश २ लाई मदिरा निषेधित क्षेत्र बनाउन माग गरेको छ । ११०औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस सफल पार्न तयारीस्वरूप प्रदेश २ को अस्थायी राजधानी जनकपुरमा बसेको प्रदेशका महिला नेतृहरू तथा नेकपा प्रदेश नेतृत्वको संयुक्त भेलाले मदिरा निषेधित प्रदेश घोषणा गर्न माग गरेको हो । पुरूषहरूले मदिराजन्य पदार्थको सेवन गरेर महिलामाथि हिंसा गरेकोले यस प्रदेशका महिलाहरू पीडित रहेको निष्कर्षसहित नेकपाले महिला हिंसा अन्त्यको लागि मदिरा निषेध गर्न माग गरेको हो । बैठकले दिवस मनाउन 'महिला हिंसा अन्त्यको लागि मदिरा निषेधित प्रदेश घोषणा गरौ, ११०औं महिला श्रमिक दिवस भव्यताका साथ मनाऔं' भन्ने नाराका तय गरेको छ ।

### प्राविधिक कलेज सञ्चालन हुने

बुटवल । प्राविधिक शिक्षामा सबैको पहुँच पुर्‍याउने उद्देश्यका साथ रूपन्देहीको तिलोत्तमा नगरपालिकाले प्राविधिक कलेज सञ्चालन गर्ने भएको छ । पहिलो चरणमा स्नातक तहमा बीएस्सी सीसीआईटीको अध्यापन हुनेगरी नगरपालिकाले कलेज सञ्चालन गर्न थालेको हो । कलेजको सम्बन्धनका लागि नगरपालिकाले त्रिभुवन विश्वविद्यालयमा फाइल पेश गरिसकेको छ । सम्बन्धन पाएमा आगामी शैक्षिक सत्रबाट कक्षा सञ्चालन हुने नगर प्रमुख बासुदेव घिमिरेले बताए । समयक्रमसँगै कलेजलाई बहुमुखी कलेजको रूपमा विस्तार गरी अन्य संकायका कक्षा समेत सञ्चालन गर्ने नगरपालिकाको तयारी छ ।

### वित्तीय संस्थालाई चेतावनी

नेपालगञ्ज । नेपालगञ्ज उपमहानगरपालिका प्रमुख डा.धवलशम्शेर राणाले नगर क्षेत्रमा रहेका बैंकका शाखा तथा वित्तीय संस्थालाई आम्दानीको एक प्रतिशत रकम अनिवार्य उपलब्ध नगराए कारबाही गर्ने चेतावनी दिएका छन् । बैंक तथा वित्तीय संस्था संघीय सरकारको मातहत हुन्छन् । नगर प्रमुख राणाले क्षेत्राधिकार विपरीत नेपालगञ्ज नगर क्षेत्रमा काम गर्ने सबै बैंक तथा वित्तीय संस्थाले अनिवार्य रूपमा सामाजिक उत्रदायित्वअन्तर्गतको आम्दानीको एक प्रतिशत रकम उपलब्ध गराउनुपर्ने बताउँदै राम्रो गर्नेलाई पुरस्कृत र अटेर गर्नेलाई कारबाही गर्ने चेतावनी दिएका हुन् ।

### 'कम्युनिष्ट आन्दोलन नमुना'

धनगढी । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का वरिष्ठ नेता एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले नेपालको कम्युनिस्ट आन्दोलन विश्वकै लागि नमुना बनेको बताएक्ष छन् । सोमबार धनगढीमा आयोजित नेकपाको सुदूरपश्चिम प्रदेश स्तरीय कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उनले मुलुकमा भएको कम्युनिष्ट आन्दोलनलाई देखेर विश्व नै चकित परेको बताएका हुन् । कम्युनिष्ट आन्दोलनले ७० वर्षको लामो यात्रा पार गरेको उल्लेख गर्दै उनले भने- "२००६ सालदेखि सुरू भएको आन्दोलनले पार गरेको अप्ठ्यारालाई हामी कसैले बिर्सनुहुन्न ।"

विभिन्न आरोह अवरोह पार गर्दै आज कम्युनिस्ट आन्दोलन समाजवादतर्फ उन्मुख भएको नेपालले बताए । उनले दुई ठूला कम्युनिष्ट पार्टी त्यसै एकीकरण नभएको उल्लेख गर्दै अगाडि थपे-"यो एकताको दूरगामी महत्व छ ।" राजनीतिक क्रान्ति पार गरी मुलुक अब अर्को चरणमा प्रवेश गरेको नेता नेपालको भनाइ थियो ।

### बालविवाहमुक्त घोषणा गरिने

नेपालगञ्ज । प्रदेश नम्बर ५ सरकारका सामाजिक विकासमन्त्री सुदर्शन बरालले प्रदेशलाई बालविवाह मुक्त बनाइने घोषणा गरेका छन् । नेपालगञ्जमा आयोजना गरिएको कार्यक्रममा बोल्दै उनले धर्म पालनाका लागि गरिने बालविवाह गलत भएको बताउँदै बाँकेमा अहिले पनि बालविवाहको डरलाग्दो अवस्था रहेकोमा चिन्ता व्यक्त गर्नुभयो । "यसमा धार्मिक अगुवाको भूमिका सबैभन्दा बढी महत्वपूर्ण हुन्छ", उनले थपे । प्रदेश सभाका सभासद् कृष्णा केसीले समाजमा धर्मका नाममा हुने विभिन्न खाले विकृति र कुप्रथा हटाई बालविवाह मुक्त समाज निर्माणमा सबैको सहयोग अपरिहार्य रहेको बताए ।

### बन्धक युवक मुक्त

विराटनगर । उपचार खर्च तिर्न नसक्दा विराट नर्सिङ होममा बन्धक बनाइएका युवकको साढे ७ महिनापछि सोमबार उद्धार गरिएको छ । संखुवासभा खाँदबारी नगरपालिका-१० चन्दनपुरका २० वर्षीय जीवन भुजेललाई प्रदेश १ की सांसद पदमकुमारी गुरूङको पहल र धरान संखुवासभा सरोकार समाजको अगुवाइमा उद्धार गरिएको हो । उपचारमा लागेको ७ लाख १७ हजारमध्ये पाँच लाख रूपैयाँ सहयोग संकलन गरेर अस्पताललाई बुझाइएको समाजका अध्यक्ष मिक्मा भोटेले बताए । दुई लाख १७ हजार अस्पतालले छुट दिएको छ । औषधी र चमेनागृहमा खर्च भएको एक लाख ७२ हजार रूपैयाँ भुक्तानी गरिएको अध्यक्ष भोटेको भनाइ छ । जीवन सोमबार डिस्चार्ज भएका छन् ।

### बजार अनुगमनको अभाव

रूपेन्द्र पटेल, रौतहट । होली पर्व नजिकिएसँगै रौतहटका बजार अनुगमन नहुँदा आम उपभोक्ताहरू ठगिन बाध्य भएका छन् । जिल्लाको १८ वटै स्थानीय तहका बजार अनुगमन नहुँदा सर्बसाधारण ठगिन बाध्य भएका हुन् । जिल्लाको गौर, चन्द्रनिगाहपुर ,गरूडा, समनपुर, कटहरिया लगायतका बजारमा अनुगमन हुन नसकेको हो । हिन्दु धर्मालम्बीहरूको महान् चाड होली पर्व नजिकिएसँगै पर्वमा हरेक सरसामानको व्यापार बढ्ने गर्छ । यही मौका छोपेर व्यापारीहरूले अस्वाभाविक भाउ बढाउदा सर्वसाधारण उपभोक्ता मारमा परेका छन् । चाडबाडका बेला अस्वस्थकर मिसावट म्याद गुज्रेका सामानको समेत बिक्री हुने गरेको छ । तर बजार अनुगमनमा स्थानीय तहले समेत चासो देखाएको छैन । अहिले जिल्लाको प्रमुख व्यापारिक केन्द्रहरूमा होलीका लागि किनमेल गर्नेको भीडभाड बढेको छ । अनुगमन अभावमा बजार महँगो भएकाले सर्वसाधारण उपभोक्ता ठगिने क्रम बढेको उपभोक्ता हित संरक्षण मञ्च रौतहटका जिल्ला अध्यक्ष टिका घिमिरेको भनाइ रहेको छ । चाडपर्वका बेला प्रमुख बजारहरूमा उपभोक्ताको भीड बढेको छ, यस वर्ष बजार अनुगमन नभएकाले उपभोक्ताहरू ठगिनु परेको गुनासो बढेको उनले बताएका छन् ।

### उपचारका क्रममा मृत्यु

वीरगञ्ज । फागुन १४ गतेका दिन साँझ करिब ७ बजे मालवाहक अटोले वीरगञ्ज महानगरपालिका-१६, नगवास्थित बाइपास सडक खण्डमा दिएको ठक्करबाट घाइते भएका व्यक्तिको मृत्यु भएको छ । मालवहक अटोको ठक्करबाट गम्भीर घाइते भएका वीरगञ्ज महानगरपालिका वडा नम्बर १६ नगवाका ४५ वर्षीय मनोजकुमार चौरसियाको मृत्यु भएको हो । दुर्घटनामा परी घाइते भएका चौरसियाका वीरगञ्जस्चित नारायणी अस्पतालमा उपचार हुन नसकेपछि थप उपचारका लागि वीरगञ्ज पानीट्याङ्कीमा रहेको एसएल न्यूरो अस्पताल लगिएको थियो भने आइतबार उपचारको क्रममा उहाँको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

बालबालिकाहरूलाई अनिवार्य रूपमा
विद्यालय पठाऔं,
शिक्षा दिएर असल नागरिक बनाऔं,
चर्पीमा मात्र दिसापिसाब गराऔं,
गाउँघरलाई सफा र स्वच्छ राखौं ।

जलेश्वरनाथ नगरपालिका
महोत्तरी

**मलहम** -डा. रामदेव पंडित (आयुर्वेद चिकित्सक)



# तराई-मधेशमा कोभिड-१९

विश्व कोरोनाको आतंकबाट त्रसित छ । विश्का करीब ६० भन्दा बढी देशमा कोरोना संक्रमित भेटिसकेका छन् । महाशक्ति राष्ट्रहरू पनि कोरोनाको प्रकोपबाट बच्न सकेका छैनन् । केही दिन अघि मात्र विश्व स्वास्थ संगठनले नेपाल कोरोना प्रकोपको उच्च जोखिममा रहेको देखाएको छ । तर हर्षको कुरा अहिले सम्म कोरोना संक्रमणले नेपालमा प्रवेश पाईसकेको छैन ।

यस परिस्थितिमा नेपालमा प्रवेश गर्ने कोरोनाले मधेश एवं आम मधशीहरूलाई प्रभावित गर्दैन भनेर चुपचाप बस्नु मुर्खता हुनेछ । किन कि कोरोना प्रकोपको उच्च जोखिममा रहेको नेपालमै मधेश पर्छ । जहाँको स्वास्थ संस्थाहरू सबल छैनन् । मधेशी जनतामा स्वास्थ एवं सरसफाईको चेतना स्तर कमजोर रहेको पाइन्छ । अत: मधेश अन्य क्षेत्र भन्दा थप जोखिममा छ ।

कोरोना प्रकोपले ग्रसित चीनले नेपालका सबै सीमा बन्द गरिसकेको छ । नेपालको एक मात्र अन्तराष्ट्रिय विमानस्थलबाट हुने सबै अन्तर्राष्ट्रिय उडानहरू बन्द गरिका छन् । भारतमा कोरोना देखी सकेकोछ, त्यहाँ संक्रमित र मृतकको संख्या बढदै छ । नेपालको भारतको खुल्ल सीमाक्षेत्रको अधिकाशं क्षेत्र मधेशसँग जोडिएको छन् । जहाँ मान्छेहरू निर्वाद रूपमा नेपाल भारत आउने जाने गर्दैछन् । त्यसबाट मधेशमा संक्रमण अझ सजिलै प्रवेश गर्नसक्ने देखिन्छ । दु:खद कुरा अहिले सम्म नेपाल भारतका सीमा क्षेत्रहरूमा कोरोना संक्रमण प्रवेशलाई छेक्न लागि कुनै संयन्त्र योजना भएको देखिन्न ।

यदि मधेशमा कोरोना संक्रमण भित्रिए र फैलिन सुरूभए परिस्थिति के होला ? के मधेशका स्थानीय सरकारहरू र प्रदेश सरकारहरू यस कुरा प्रति सचेत छन् त ? यस स्थितिमा मधेशका नेतृत्ववर्गहरू सचेत एवं संगठित रूपमा यस संवेदनशिल बिषयप्रति सक्रिय भएर लाग्नु आवश्यक छ ।

मेडिकल जर्नल अफ अष्ट्रेलिया र बेलायतबाट प्रकाशित हुने ल्यानसेट जर्नलमा प्रकाशित तथ्याङ्क अनुसार ९०



प्रतिशत करोरोना संक्रमित मान्छेमा निम्न ३ प्राथमिक लक्षण देखिन्छ भनिएको छ १. ज्वरो, २. खोँकी र ३. स्वास बढ्नु । यी ३ लक्षण दैखने बित्तिकै स्वस्थ परिक्षण गर्नु गराउनु पर्दछ । यसका लागि स्थानीय सरकारले सहज बातावरण बनाई दिनुपर्छ । मधेशमा मास्क लाउने चलन कमै मात्र रहेको थियो । यतिबेला स्थानी सरकारले मधेशी जनतालाई मास्को महत्व बताई उनीहरूलाई मास्क लगाउन प्रोत्सान गर्नुपर्छ । उनीहरूका लागि सहज र सुलभ रूपमा मास्क उपल्बध गराईदिनुपर्छ ।

भारतले मास्क नीर्यात बन्द गरी सकेको छ र नेपाल भारत खुल्ला सीमा क्षेत्रमा मास्को तस्करी र कालाबाजारी भईरहेको छ । त्यसलाई नियन्त्रण गर्नसक्नुपर्छ ।

मधेशमा अधिकाशं जनता किसान छन् जसलाई पटक पटक हातधुने कुर सिकाउन र गर्न बाध्य बनाउन सहज छैन । यसका लागि स्थानीय सरकार सक्रिय बन्नुपर्छ । मधेशमा स्थानीय रूपमा धेरै स्थानमा हाट बजार लाग्ने गर्दछ । जहाँ धैरे मानिसको जमघट हुने गर्दछ र संक्रमणका अनेक थरी स्रोतहरू पनि सँगै उपल्बध रहेको हुन्छ । ती हाट बजारलाई केही समयको लागि बन्द नै गर्नु पर्छ ।

जनजनलाई योगाभ्यास गर्न प्रेरित गर्नुपर्छ, भास्त्रिका, कपालभाँती र अनलोम विलोन प्राणायाम थप प्रभावकारी हुन्छ । माछा मासुको प्रयोग केही समय नगर्न सुचना प्रवाह गराउनु आवश्य छ । भोज भतेर पनि नगर्न गराउन सुचना प्रभावकारी रूपमा जारी गनुपर्छ ।

मधेशी जनता स्वयं पनि यसबेला सजगता अपनाउनु पर्छ । प्राकृतिक वनस्पतिजन्य खानेकुरा, व्यायाम, उपवास तथा तनावरहित सकारात्मक सोचबाट नै मानिसको इम्युनिटि शक्तिशाली हुन्छ । जसको लागि गुरूजी लत्तीको काढा र तुलसीको पातको रस पनि इम्युनिटि बुष्टरको रूपमा प्रयोग गर्न सकिन्छ । पटक पटक गरी दिन भरी तातो पानी वा तातो पानीमा बेसार राखेर पिउनुपर्छ । घरबाट बाहिर निस्कदा लहसुन र अदुवाको टुक्रा मुखमा राखेर सुपारीझैँ चुस्ने गर्न सकिन्छ । सार्वजनिक यातायातको यात्रालाई सकेसम्म पन्छाउने, होटलमा खान नजाने, अन्य व्यक्तिसँग स्वासप्रस्वासबाट प्रभावित (सास जुध्ने स्थिति) बाट बच्नु नितान्त जरूरी छ ।

उपयुक्त खानाका रूपमा घरमै त्यार गरिएको भेजिटेबल सुप, मुङको दाल, खिचडी, परम्परागत खानपानमा भात, रोटी, सलाद आदि स्वस्थकर खान सबैलाई प्रोत्साहन गर्नुपर्छ । लसुन, प्याज, नरिवलको तेलका साथ बनेका खानेकुराहरू, अल्मोन्ड बदाम, ओखर आदि चिजहरू पनि खाने सल्लाह दिनुपर्छ ।

हरेक तरिकाले जनजनले आफ्नो रोग प्रतिरोधात्मक क्षमतालाई सबल बनाई राख्ने प्रयत्न गनुपर्छ । संक्रमण फाटफुट रूपमा देखापर्न थालेको अवस्थामा घरबाट बाहिर ननिस्कनु र घरलाई किटाणुनासक औषधीद्वारा सुरक्षित राख्नु जरूरी हुन्छ । मधेशमा होली एक बिशेष पर्व मानिन्छ । यस बर्ष उल्लासको वातावरण नभएकोले, होली न मनाउन आग्रह गरिनुपर्छ । होलीमा हुने जमघटले कोरोना संक्रमण आउने सम्भावना रहन्छ । अत: यसबर्ष बर्ष होली पर्व पारिवारिक स्तरमा मात्र सिमित रही मनाउन सरकारले हार्दिक अपिल गनुपर्दछ ।

# वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रको संक्षिप्त परिचय

विश्वका विभिन्न द्वन्दग्रस्त क्षेत्रमा शान्ति स्थापना गर्न खट्टिने नेपाली सेनाका सकलदर्जाहरूलाई तालिम गराउन स्थापना भएको विरेन्द्र शान्ति कार्य तालिम केन्द्र राजधानीबाट करिव ४५ कि.मि. पूर्व काभ्रे पलाञ्चोकको पाँचखाल नगरपालिकामा अवस्थित छ ।

सन् १९५५ मा संयुक्त राष्ट्रसंघको सदस्यता लिए पश्चात सन् १९५८ देखि नेपालले संयुक्त राष्ट्रसंघको आव्हानमा विश्वका विभिन्न द्वन्दग्रस्त क्षेत्रमा शान्ति स्थापना कार्यमा सहभागी हुँदै आएको छ । संयुक्त राष्ट्रसंघद्धारा नेपालबाट खट्टिने शान्ति सैनिकलाई विश्वसनीय र भरपर्दो शान्ति सैनिकका रूपमा प्रशंसा गरेको पाईन्छ । नेपाली सेनाका करिव १,३०,००० भन्दा बढी शान्ति सैनिकहरूले विश्वका विभिन्न द्वन्द्वग्रस्त क्षेत्रमा सहभागी भई उदाहरणीय र प्रशंसनीय योगदान दिइसकेका छन् । वि.सं. २०४३ सालबाट पाँचखाल तालिम शिविरको नाममा



स्थापित भई यस केन्द्रमा शान्ति सैनिकका रूपमा विश्वशान्ति स्थापनामा खट्टिने नेपाली सेनाका सकलदर्जाहरूलाई एकत्रित गराई तालिम गराउँदै आएकोमा संस्थागत रूपमा वि.सं. २०५८ साल मंसिर १४ गतेबाट “श्री वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र“ को विधिवत रूपमा स्थापना भएको हो । “शान्ति गौरव“ आदर्श वाक्य रहेको यस तालिम केन्द्रले हाल शान्ति सैनिकको रूपमा खट्टिने विभिन्न गणरगुल्महरूलाई प्रिडिप्लोयमेन्ट तालिम तथा UN सम्बन्धि विशेष तालिमहरू संचालन गर्दै आइरहेको छ ।

यस तालिम केन्द्रले मित्र राष्ट्रसंगको समन्वय तथा सहकार्यमा विभिन्न राष्ट्रका सैनिहरूलाई सहभागी गराई बहु(राष्ट्रिय अभ्यास “शान्ति प्रयास“ संचालन गर्नुका साथै अन्य सुरक्षा निकायहरूलाई समावेश गरी “Integrated Training “ समेत संचालन गर्दै आएको छ ।

यस तालिम केन्द्रमा प्रि(डिप्लोयमेन्ट तालिम अन्तर्गत संयुक्त राष्ट्रसंघको परिचय, शान्ति सैनिकहरूले कार्यक्षेत्रमा पालना गर्नुपर्ने नीति नियम, गैह्र सैनिक व्यक्तिहरूको सुरक्षा लगायत सम्बन्धित मिशनको :बलमबतभ का बारेमा तालिम दिइनुका साथै सैनिक कला कौशल, हतियार तालिम र विभिन्न ट्रेड (ड्राईभिङ्ग, ईन्जिनियरिङ्ग, बम डिस्पोजल आदी ) विशेषका रिफ्रेशर तालिमहरू समेत यस केन्द्रले गराउदै आएको छ ।

प्रि-डिप्लोयमेन्ट तालिम बाहेक संयुक्त राष्ट्रसंघ सम्बन्धि अन्य विशेष तालिमहरू जस्तै United Nations Military Observers Course (UNMO), United Nations Staff OfficersÚ Course (UNSOC), United Nations Logistics Officer Course (UNSOC), United Nations Civil Military Coordination Coursel (UNCIMIC), National Investigation Course (NIO), United Nations Peacekeeping Operations Contingent Commander Course (UNPKOCCC), United Nations Peacekeeping Operations Instructor Course (UNPKOIC) जस्ता तालिमहरू समेत यस केन्द्रमा संचालन हुँदै आएका छन् । हालैमात्र यस तालिम केन्द्रमा संचालन हुने United Nations Staff OfficersÚ Course लाई संयुक्त राष्ट्रसंघको Department of Peacekeeping Operations cGtu{t Integrated Training Centre ले अन्तर्राष्ट्रिय मान्यता (UN Recognition) प्रदान गरेको छ । जुन एउटा गर्वको विषय हो । यस मान्यताले श्री वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रलाई 'Centre of Excellence' को रूपमा विकास गर्न कोशेढुङ्गा सावित भएको छ । UN बाट अन्तराष्ट्रिय मान्यता प्राप्त यस तालिममा मित्रराष्ट्रको सैनिकहरू लगायत नेपाल प्रहरी र सशस्त्र प्रहरीका अधिकृतहरू समेत सहभागी हुँदै आएका छन् ।

अहिलेको बदलिदो परिस्थितिमा शान्ति स्थापना कार्य जटिल बढ्दै गएको छ । बदलिदो परिस्थिती र समयसापेक्ष भरपर्दो, विश्वसनिय र सक्षम शान्ति सैनिकहरूको उत्पादन गर्नु र यस तालिम केन्द्रलाई “Centre of Excellence “ का रूपमा विकास गर्दै लैजानु नै श्री वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रको लक्ष्य रहेको छ ।


# विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुर्‍याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको ‘रेकर्ड’ राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
**सम्पर्क नं.** : ०१५२२३५०
**इमेल** : malcprovince2@gmail.com


**स्थानीय सम्वाद**

# व्यावहारिक र सैद्धान्तिक तालमेल मिलाउन समस्या



**हरि कुमार राना**
**मेयर, अर्जुनधारा नगरपालिका, झापा**

*यो नगरपालिका झापा जिल्लाको मध्य उत्तरमा रहेको छ । कुल क्षेत्रफल १०९.८६ वर्ग कि.मी. रहेको छ । अंक्षाश २६.६८ डिग्री र देशान्तर ८७.९९ डिग्री रहेको छ भने महिला ३२३२३ र पुरूष ३१४९२ गरी कुल जनसंख्या ६३८१५ रहेको छ । सदरमुकाम भद्रपुर देखि २३ किलोमिटर उत्तरमा रहेको यस नगरपालिकाको पूर्वमा बुद्धशान्ति गाउपालिका र मेची नगरपालिका भने पश्चिममा झापाको कनकाई नगरपालिका र इलामको माइ नगरपालिका रहेका छन् त्यसरी नै दक्षिणमा विर्तामोड नगरपालिका पर्दछ उत्तरमा इलामको रोंग गाउँपालिका रहेको छ ।*

**० जनप्रतिनिधिको रूपमा काम गरिरहँदा कस्तो अनुभूति भइरहेको छ ?**

– लामो समयसम्म मुलुकमा सामन्तवादीको चंगुलमा राज्यसत्ता रह्यो । जनताको अदम्य साहस र ठूलो बलिदानीपश्चात् त्यो राज्यसत्ताको अन्त्य र लामोसम्म संक्रमणकालसम्म देश गुज्रियो । त्यसले गर्दा नेपाली जनजीवन र राष्ट्रिय अर्थतन्त्रमा प्रतिकूल असर पर्नु र स्वाभाविकरूपले जनजीवन पछाडि पर्नु परेको थियो । लामो संघर्षपछि वि.सं. २०७२ सालमा जारी भएको संविधानले जनताको हकहित र शहीदहरूको रगतसँग साटिएको दस्तावेजहरूलाई कार्यान्वयनका निम्ति २०७४ सालबाट नेपालमा तीन तहको सरकार आएको हो । त्यसबाट नेपालका हरेक पालिकाहरूले दुईटा पूर्ण बजेटहरू पूर्णरूपमा चलाएको छ ।

**० जनप्रतिनिधिको रूपमा निर्वाचित भएदेखि जनताले महसुस गर्ने केकस्ता कामहरू गर्नुभयो त ?**

– हामी निर्वाचित भएर आइसकसेपछि यस नगरपालिकामा करिब-करिब आवात-जावत सहज बनाउनका लागि करिब ८३ वटा पुल बनाएका छौं । हाम्रा छिमेकी पालिकाहरूसँग पनि मिलेर पुल निर्माण गरेका छौं । हामीलाई आवागमनका निम्ति पुलपुलेसा र बाटाघाटाको सबभन्दा ठूलो समस्या थियो । यसको अतिरिक्त बाटाहरूमा ग्रेभेलिङ्ग गर्ने, विद्यालयहरूको समुचित व्यवस्थापन गर्दै शिक्षालाई गुणस्तरीय बनाउने र अर्जुनधारा नगरपालिका कृषिमा आधारित भएकोले कृषि पेशाप्रति पनि विश्वास र आस्था जगाउनका निम्ति कृषि क्षेत्रमा उल्लेख कामहरू गरेका छौं । कृषि क्षेत्रमा अनुदान दिने, कृषि सामग्रीहरू दिने, पशु पकेट, कृषि पकेट सामूहिक रूपमा दुध उत्पादनको दिशामा लाने प्रयासहरू गरेका छौं । उत्पादित दुधहरूलाई विधिकरण गर्नका लागि नगरपालिकामै रहेको दुग्ध सहकारी संस्थालाई सुपथ मूल्यमा उपलब्ध गराउने काममा पनि उल्लेख्य काम गरेका छौं ।

**० पर्यटनको क्षेत्रमा अर्जुनधारामा सम्भाव्यताहरू के-के छन् ?**

– पर्यटनको हिसावले अर्जुनधारा जलेश्वरधाम जो सनातन हिन्दू धर्म मान्ने जनताहरूको अन्तस्करण आस्थाको केन्द्र हो । त्यस्तै, झापा जिल्लाकै जेठा गुम्बा वडा नं. १० को कालिस्थान भन्ने ठाउँमा पर्छ । त्यो बौद्धमार्गीहरूको अन्तस्करणको आस्थाको केन्द्र हो । त्यसैगरी सोह्रौं विभूति फाल्गुनन्द महाविभूतिको फाल्गुनन्द बाटिका रहेको छ । अर्जुनधारा साबिक सनातन धर्मका लागि मौलिक धर्महरूका लागि महत्वपूर्ण रहेकाले त्यसलाई संरक्षण प्रवर्द्धन गर्दै जाने योजनाका साथ हामी बढेका छौं । नेपाल भ्रमण वर्षलाई प्रबर्द्धनका लागि वडा-वडासम्म चेतना प्रवर्द्धन गरेर प्रचार प्रसार गर्न विभिन्न कार्यहरू अगाडि बढाएका छौं ।

**० अर्जुधाराको ऐतिहासिक पृष्ठभूमि के छ ?**

– अर्जुनधाराको महाभारतकालीन ऐतिहासिक कुराहरू छन् । महाभारत कालमा अर्जुनले वाण हानेर धारा निस्किएको भन्ने ऐतिहासिक पृष्ठभूमि रहेको छ । हाम्रै नगरपालिकामा हात्तिकिल्ला, शंकराचार्य पीठ, झापाको सबभन्दा अग्लो ठाउँ सहकालेमा शिवगंगाको झरनालाई व्यवस्थित गरेर लानुपर्छ भन्ने योजनाहरू बनाउँदै बढेका छौं । हाम्रै पालामा सबै सम्पन्न हुन्छ भन्ने हामीलाई लाग्दैन तर हामीले गर्नुपर्ने कामहरूको योजनाबद्ध तरिकाले बनाएर गयौं भने आउने दिनमा उदाहरणीय बन्न सक्छ ।

**० तपाइँ जनप्रतिनिधिको रूपमा काम गरिरहँदा जनता कतिको सन्तुष्ट छन् ?**

–म काम गर्ने मान्छे, म आफै पनि अहिलेसम्म सन्तुष्ट हुन सकेको छैन । हाम्रो नगरपालिकामा बिर्तामोडदेखि शनिश्चरे हुँदै बुद्धशान्तिसम्म करिब साढे १२ किलोमिटरको बाटो छ । यसलाई स्टाटेजिक रोड नेटवर्क जो मेची र महेन्द्र राजमार्ग जोड्ने लिंक रोड हो । हामी निर्वाचित भइसकेपछि यसलाई व्यवस्थित गर्नुपर्छ भन्ने हाम्रो उद्देश्य हो । यो ठूलो राजमार्ग हो, हाम्रो स्रोतले भ्याउँदैन । जबसम्म जनता सन्तुष्ट हुँदैन तबसम्म जनताले पनि सन्तुष्टि महसुस गर्दैन । लामो समयदेखि अस्तव्यस्त भएको हाम्रो देशको अवस्था आजको भोली नै समाधान हुन्छ भन्ने कुरा हुँदैन । दीगो विकासका निम्ति स्पष्ट नीतिको आवश्यकता हुन्छ । त्यसलाई कार्यान्वयनका निम्ति जनशक्तिको आवश्यकता हुन्छ ।

**० स्थानीय निर्वाचनपश्चात् सिंहदरबार गाउँ-गाउँमा नारा लगाइएको थियो, यो नारा कतिको महसुस गराउनुभयो ?**

– सिंहदरबार गाउँ-गाउँमा भन्ने कुरा नारामा मात्रै हो । यसलाई कार्यान्वयन गर्न धेरै प्राविधिक समस्याहरू देखा परेका छन् । संघीय सरकारका धेरै मन्त्रालयहरूका शाखाहरू हाम्रोमा आउने कुरा संविधान छ, तर हाम्रो कार्यकाल सिद्धिन लागेको छ तर अहिलेसम्म सञ्चालन गर्ने कार्यविधि हामीलाई हस्तान्तरण भएको छैन । हाम्रो गाउँ हो, भूमिसम्बन्धी समस्याहरू आइरहेका छन् । हामीलाई आवश्यक जनशक्ति अहिलेसम्म हामीलाई व्यवस्थापन हुन सकेको छैन । कार्यालय सहायकभन्दा अरू राख्ने अवस्था छैन । त्यसले गर्दा नारा राम्रो हो तर यो केवल नाराको रूपमा अहिलेसम्म देखिएको छ । यसले व्यावहारिक र सैद्धान्तिक तालमेल मिलाउन सकिएको छैन । तर यो संक्रमणकालको कारणले पनि हुन सक्छ । राजनीतिक संक्रमण छिटो बिग्रिन्छ र सप्रिन्छ तर सांगठनिक र प्रशासनिक संक्रमण ढिलो बिग्रिन्छ र ढिलै सप्रिन्छ ।

**० भनेपछि सिंहदरबार गाउँमा भन्ने कुरा अहिलेसम्म नारामै सीमित छ ?**

– अर्थतन्त्रको हिसावले आएको छ । कानूनरूपबाट पाउने कतिपय अख्तियारीको हिसावले प्राप्त हुनसकेको छैन । हिजोको तुलनामा स्रोतहरू अत्यन्त आएका छन् । तर स्रोतहरू मात्रै आउनु सबै कुरो होइन । संविधानमा भनेअनुसार स्रोत मात्रै आएर त हुँदैन । त्यसलाई कार्यान्वयन गर्नका निम्ति हामीलाई चाहिने जनशक्तिहरू पनि व्यस्थित हुनुपर्छ ।

## विश्व परिवेश

# नेपाल, चीन र भारतको सम्बन्ध : एक टिप्पणी

**डा. गङ्गाप्रसाद अकेला**

विश्वका विभिन्न देशहरूको एक-अर्कासँग कूटनैतिक तथा राजनैतिक सम्बन्ध रहेको हुन्छ र रहँदै आएको छ तर कुनै-कुनै देश यस्ता पनि छन् जसको मानसिकता र दृष्टिकोण प्राय : सधैं पूर्वाग्रही नै रहँदै आएको देखिएको छ, जति राम्रा काम भएपनि त्यसको प्रशंसा गर्नुको साटो आलोचना गर्ने क्रम निरन्तर नै हुँदै आएको देखिएको छ भने त्यसको ठीक विपरीत कुनै-कुनै यस्ता राष्ट्रहरू पनि छन्, जसले निरन्तर रूपमा अवाञ्छिनीय गतिविधि संचालित गर्दै आएता पनि त्यसको विरोधमा कहिले केही प्रदर्शन र नकारात्मक जस्ता आवाजसम्म नउठ्ने गरेको देखिएको छ। यस प्रसंगमा विचार गर्दा कुनै त्यस्तो विध्वंसक र अप्रिय काम-कारबाही नभए पनि राष्ट्रविशेष प्रति आक्रोश र विरोधको क्रममा कुनै कमी आएको देखिएको छैन-त्यसको मूल कारण अरू केही नभै पूर्वग्रहीपूर्ण मानसिकता र दृष्टिकोण रहेको मात्र भन्न सकिन्छ। त्यसको ठीक विपरीत सँधै विकृतिजन्य क्रियाकलापहरूको राष्ट्रव्यापी स्तरमा संचालन गर्नेहरू विरूद्ध कहिले कुनै विरोध र आक्रोश नदेखिएपछि त्यो स्पष्ट हुन आउँछ कि त्यो पूर्वाग्रही मानसिकता र दृष्टिकोणको उपज मात्र हो र त्यस क्रममा एक राष्ट्र विरूद्ध मात्र त्यसो हुने गरेबाट त्यो छर्लङ्ग हुन आउँछ।
विश्वका विभिन्न राष्ट्रहरूबीच आ-आफ्नो आवश्यकता, व्यवहारिकता, परिस्थिति, कारोबारिक अनुनूलता अनुरूप सम्बन्ध कायम रहेको हुन्छ, जसलाई समय र खाँचो अनुरूप उभय पक्षलाई अनुकूल हुनेगरी कार्यान्वयन गरिने चलन धेरै अघि देखिनै चल्दै आएको छ। द्विपक्षीय सम्बन्धको प्रकृति पनि फरक-फरक खालको हुने गर्दछ। सम्बन्धको प्रकृति हेर्दा छिमेकी मुलुकसँगको सम्बन्धको प्रकृति टाढा रहेका राष्ट्रहरूको दाँजोमा फरक फरकको मात्रै नरहेर विशिष्ट प्रकारको समेत रहेको छ। यस सम्बन्धमा छिमेकी मुलुक भारतका पूर्व प्रधानमन्त्री अटल बिहारी वाजपेवीको भनाईलाई उल्लेख गर्नु सान्दर्भिक हुन आएको छ। उनले भनेका थिए- 'मित्रलाई फेर्न सकिन्छ तर छिमेकीलाई फेर्न सकिन्न।' भनाईको अर्थ हो कि छिमेकीको भूमिका र साहचर्य दिर्घकालिक हुन्छ, जसलाई क्षणिक आवेशमा आएर संकीर्ण सोच सीमित मानसिकताको दृष्टिबाट हेर्नु हुँदैन। छिमेकीहरूसँग धेरै सोच-विचार गरेर उदात्त विचार राखेर तद्नुरप नै पहल गर्नु हरदृष्टिले महत्वपूर्ण र फलदायी हुन्छ। क्षणिक मानसिकता र आवेशमा आएर भावनात्मक संवेगलाई संयमित राखेर मात्र व्यवहार गरेमा छिमेकीहरूसँगको सम्बन्धलाई प्रगाढ



र अनुकूल प्रकृतिको रूपमा संरक्षित गरेर राख्न सकिन्छ।
नेपालको छिमेकी विश्वका दुई ठूला विशाल राष्ट्र रहेका छन्- दक्षिण मात्र विशाल र प्रगतिशील राष्ट्र रहेको छन् कि पूर्व पश्चिम समेत भारत नै रहेको छ। त्यस्तै उत्तरमा छिमेकी विशाल राष्ट्र चीन पनि रहेको छ। यस प्रकार हेर्दा नेपाल विश्वका दुई ठूला र शक्ति सम्पन्न विशाल राष्ट्रको बीचमा रहेको छ भने दुवैतिरको विशाल र शक्तिशाली राष्ट्रहरूको संरक्षण र सहयोग समेत प्राप्त गर्दै आएको छ। स्वरूपको दृष्टिले उर्ध्वलिखित तीन राष्ट्रमध्ये चीन र भारतको विश्वकै इतिहासमा विशिष्ट पहिचान र महत्व रहेको भएपनि पौर्खक परिवेशमा भारतको भूमिका अलि बढी चर्चित र प्रभावकारी समेत रहँदै आएकोछ किनकि भारतका राष्ट्रपिता महात्मा गान्धी त्याग र समर्पणका दृष्टिले अग्रणी रहनु भएकाले उनलाई विश्वले 'वापू' का नामले समेत चिन्ने गरेको छ। त्यस्तै विश्वका राजनीतिक व्यक्तित्व तथा प्रधानमन्त्रीहरू मध्ये भारतका प्रथम प्रधानमन्त्री पंडित जवाहरलाल नेहर आफ्नो राजनीतिक दूरदर्शिता, कार्यदक्षता, निर्णायक क्षमता प्रतिभा तथा त्याग आदिका दृष्टिले समेत विशिष्ट व्यक्तित्वका रूपमा सुपरिचित रहेकाछन्। तत्कालीन विश्वको अग्रणी, सम्पन्न र धनी परिवारका सन्तान वा एकमाज पुजा भएकाले विद्यार्थी जीवसम्म शाही ठाट-बाटमा पले-बढेको भए पनि भारतको प्रथम प्रधानमन्त्रीमा नियुक्त भएपछि देशको भ्रमणका क्रममा जाँदा देशका विभिन्न भागका अधिसंख्यक जनताको जीवन-यापन र अवस्था हेर्दा उनले आफ्ना सारा घैतृक सम्पत्ति देशका नाममा समर्पित गरेर पहिलो पटक खादीको बस्त्र धारण गर्दा उनको पूरै जीउ नै रगताम्य हुन पुगेको सम्बन्धमा स्तम्भकारले वाल्यकालमानै आफ्ना पिता तथा गुरूबाट थाहा पाएका थिए। त्यति मात्र होइन कि उनकी जीवनसंगिनी कमला नेहरको एक पुत्री इन्दीराको जन्म पश्चात् उनका केही शुभचिन्तकहरूले उनलाई अर्को विवाह गर्न अनुरोध गर्दा उनले- "मोती से निकला जबाहरअब कहीं पत्थर न हो जाये" भन्ने आफ्नो दृढि भावना र अडान अभिव्यक्त गरेका थिए। पछि उनकी एक पुत्री इन्दिरा गान्धी भारतको प्रधानमन्त्री भएपछि भारतको विविध क्षेत्रबाट उनको कार्यदक्षता, निर्णय क्षमता, प्रतिभा र व्यक्तित्वको आकलन गर्दै भारतमा- Indira is India and India is Indira भन्ने गर्वपूर्ण अभिव्यक्तिको उद्घोष भारतसँगै विश्वका अन्य देशहरूमा समेत अनुगुंजित समेत भएको थियो। सहभागी गराउँदै ती दुवैको महत्वलाई समेत स्वीकार गर्दै आएको छ।
जहाँसम्म नेपालको कुरा छ, नेपालका सत्तासीनहरूले उर्ध्वलिख्विउभय राष्ट्रबाट प्रेरणा लिएर अघि बढ्ने प्रयत्न गर्नु पर्छ। असल र गलत दुबै पक्ष एक-अर्कासँग प्राय : सम्वद्ध नै रहेको हुन्छ किनकि केवल राम्रा पक्ष मात्र रहि रहेमा त्यो पनि अतिको नै प्रतीक हुन जान्छ त्यस्तै नराम्रा पक्षहरूको बाहुल्यता भएको खण्डमा विकास र निर्माणका कार्यहरू अवरोधित भै राष्ट्र नै असफल घोषित हुने सम्भावना बढी रहन्छ। हालको परिप्रेक्ष्यमा विगतमा रहेको भारत र चीन बीचको कटुलतापूर्ण सम्बन्ध गौण-प्राय : हुन गई उमय राष्ट्रबीच सौहाद्पूर्ण सम्बन्ध कायम हुन पुग्नु उमय पक्षको सकारात्मक सोचको अभिवृद्धि नै हो। नेपालमा पनि विगतमा भारतप्रति जस्तो नकारात्मक सोचसँगै भारतको टिका-टिप्पणी गर्ने मानसिकता रहेको थियो, त्यसमा विगतको दाँजोमा धेरै सुधार भै सकेको छ, जसलाई राम्रो मान्न सकिन्छ।
**निष्कर्षता** : आजको बदलिँदो विश्वको परिवेशमा सबैले अर्काको नराम्रो पक्षलाई सकेसम्म त्याग गरी राम्रा पक्षलाई आत्मसात गरी आफ्नो परिस्थिति, अवस्था, संभाव्यता, समसामयिक दृष्टिकोणलाई प्राथमिकता दिई तद्नुरूप कार्यान्वयन गर्नेतिर लागेका कुनै राष्ट्र पनि कसैको प्रगतिमा बाधक बन्ने छैन, बरू सहयोगी भएर नै सघाउनेछ ! फलस्वरूप विश्वबन्धुत्वको भावनाको विकास भै 'वसुधैव कुटुम्बकम्' को वातावरण श्रृजित गर्नमा उघाउनेछ र अंग्रेजीको यस उखान- 'One for all, All for one' को संस्कृति विकसित भै सर्वत्र- 'सर्वे भवन्तु सुखिन : सर्वे संस्कार स्थापित' हुन जानेछ। दानवताको भावनाको लोप भै त्यसमाथि मानवताको भावनाको वर्चश्व हुँदै जानेछ, जो प्रगति र विकासका लागि अपरिहार्य छ।

# जम्मु र कश्मीरको हिंसामा जमात-ए-संलग्नता

संयुक्त राष्ट्रस्थित प्रेस ट्रष्ट अफ इण्डिया, वाशिंटनको नोभेम्बर १४,२०१९ को विज्ञप्ति अनुसार कश्मीरमा हुने अधिकांश हिंसात्मक घटना जमात-ए-इस्लामीसँग सम्वद्ध विखण्डनवादी संगठनहरू तथा त्यसका सहभागीहरूसँग सम्वद्ध रहेको टिप्पणी एक प्रभावकारी अमेरिकी सांसदले गर्दै त्यस संगठनले हिन्दु लगायतका अल्पसंख्यक समुदायहरू विरूद्ध समेत संचालित गरेको समाचार सार्वजनिक गरेकाछन। सांसद जीन बैंकले हालै संयुक्त राष्ट्रको राजधानीमा दक्षिण एशिया अल्पसंख्यक सम्वद्ध संगठनको सहयोगमा आयोजित मिड्ल इस्ट फोरमको सेमिनारलाई सम्बोधन गर्ने क्रममा त्यो टिप्पणी गरेका थिए। जमात-ए-इस्लामी एउटा उग्रवादी विचारधारा भएको संगठन भएकोले त्यसले अल्पसंख्यक इसाई, हिन्दु, बौद्धमार्गी तथा अहमदीहरू विरूद्ध त्यसतो उग्र गतिविधिहरू संचालन गरेको उल्लेख उनले गरेका थिए। इण्डियानका रिपब्लिकन सांसदले भनेका थिए कि त्यो संगठन अन्य उग्रवादी संगठनहरूसाथ मिलेर जम्मु र कश्मीर लगायत अन्य क्षेत्रहरूमा अतिवाद र उग्रवादलाई सघाउँदै आएकोले आतंक विरोधी कानून अनुरूप पाँच वर्षका लागि जमात-ए-इस्लामी जम्मु र कश्मीर संगठनमाथि प्रतिवन्ध लगाईएको थियो।
उत्तर अमेरिकाको इस्लामीक सर्कल ( इकना.आई.सी.एन.ए.) को क्रियाकलाप तथागतिविधिहरूको सन्दर्भ दिँदै जीम बैंकसले भनेका थिए कि यो संयुक्त राष्ट्रको जमात-ए-इस्लामीसँग गुप्त रूपले संलग्न रहँदै आएको छ। जीम बैंकस्ले निष्कर्षपूर्ण टिप्पणी यस प्रकार गरेका थिए- "हामीले अमेरिकामा बस्नेहरूमाथि प्रभाव पार्नु अघि नै यस्ता चुनौति र गतिविधिहरूलाई विस्तारित गर्ने कार्यलाई रोक्न पर्दछ। मैले यस वर्षको शुरूमा नै एच.आर-१६० लाई यू.एस.एड र विदेश विभागको संयुक्त आहान अनुरूप त्यस्ता अन्य सहभागी संगठनहरू समेतबाट अलग्याउने उद्देश्यले, लागू गरेको थिएँ"। दक्षिण एशिया अल्पसंख्यक संगठनका अध्यक्ष र भ्वाइस अफ कराचीका प्रमुख नदीन नुसरतले समेत जमात-ए-इस्लामी बाहेक अन्य कुनै धार्मिक संगठनले पाकिस्तानीसँग सम्वद्ध आतंकवादी संगठनहरू- अल-बदर र अल-शम्ससाग सहभागी भै पूर्वको पूर्वी पाकिस्तान (वंलादेश) को स्वतन्त्रता आन्दोलन भ्कण्डैले तीन मिलियन बंगालीहरूको हत्या गरेको आरोप समेत उनले लगाएका थिए।

भविष्यको सुरक्षा,
बालापनको रक्षा ।
बालबालिकाका लागि
लगानी, समृद्ध नेपाल
निर्माणको थालनी ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# आयात कोलकाता डाइभर्ट

काठमाडौं। चीनमा फैलिएको कोरोना भाइरसका कारण नेपाल-चीनबीचका दुईवटै नाका बन्द भएपछि सामुद्रिक मार्ग हुँदै व्यापार हुन थालेको छर। रसुवा र तातोपानी नाका बन्द हुँदा त्यहाँबाट हुने व्यापार सामुद्रिक मार्ग (कोलकाता)तर्फ डाइभर्ट भएका हुनर । नाका बन्द हुँदा अहिले दुई देशले भारत हुँदै आयात-निर्यात गर्न थालेको व्यवसायीले बताएका छन्र। कोरोनाको संक्रमण फैलिनुअघि नै अर्डर भएका र नयाँ अर्डरअनुसारका मालवस्तुसमेत कोलकाता हुँदै आयात हुन लागेको हिमालय सीमापार व्यापार संघका अध्यक्ष बच्चु पौडेलले बताएर। पछिल्लो दुई महिनामा सामुद्रिक मार्ग हुँदै २३ अर्ब ९९ करोड रूपैयाँको आयात भएको छ भने तातोपानी र रसुवा नाकाबाट ६ अर्ब१६ करोड रूपैयाँको मात्रै आयात भएको भन्सार विभागको तथ्यांक छर। तातोपानी र रसुवानाकाबाट खासगरी स्याउ, लसुन, तयारी पोसाक, विद्युतीय उपकरणलगायतका सामग्री आयात हुन्छ भने सामुद्रिक मार्गबाट ठूला मेसिनरी तथा पार्टपुर्जा बढी आयात हुन्छर। अहिले दुवै प्रकृतिका मालवस्तु कोलकाता हुँदै भित्रिन थालेको पौडेलले जानकारी दिएर। नेपालमा चीनबाट जीवित पशुपक्षी, माछामासु, कस्मेटिक, चकलेट, बटर, चिज, फूल र फूलका बोट, फर्निचर, इलेक्ट्रोनिक्स, स्याउ, कफी, लत्ताकपडा, जुत्ताचप्पल, मेसिनरी, अलैंची, सोयाबिनलगायत थुप्रै मालवस्तु आयात हुने गरेको छर। कोरोना संक्रमणपछि नेपालबाट चीनमा हुने निर्यात सुस्त भएको छर। पछिल्ला दुई महिनामा नेपालबाट चीनमा २० करोड १९ लाख रूपैयाँको मालवस्तु निर्यात भएको छर।

बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय
पठाऔं, शिक्षा दिएर असल नागरिक बनाऔं,
चर्पीमा मात्र दिसापिसाब गराऔं, गाउँघरलाई
सफा र स्वच्छ राखौं ।

मटिहानी नगरपालिका
महोत्तरी

## जिल्ला समाचार

### सीमा स्तम्भ स्तरोन्नति गरिँदै

कैलाली। कैलालीमा नेपाल र भारतसँग सीमा जोडिएका सीमा स्तम्भको स्तरोन्नति कार्य शुरू भएको छ। नेपाल-भारत संयुक्त सीमा सर्भे टोलीले सीमा क्षेत्रका स्तम्भको स्तरोन्नति कार्य सुरू गरेको हो। सीमा स्तम्भ मर्मतका लागि नेपाली टोलीमा सर्वेक्षण टोली नं ४ का नापीप्रमुख सुदर्शन सिंह धामीको नेतृत्वमा छ जनाको टोलीले काम शुरू गरेको छ।
उता, भारततर्फ भारतीय टोलीका सर्भेयर नेत्र सिंह सहितको टोलीले संयुक्त रूपमा काम थालेको छ। नापी टोलीले नदीमा रहेका पिल्लर भने अहिले मर्मत नगर्ने भएको छ। नेपाल-भारतका १३ सीमा स्तम्भ कर्णाली र मोहना नदीको कटानमा परेका छन्। टीकापुर नगरपालिकाअन्तर्गत पर्ने नेपाल-भारत सीमा क्षेत्रका १३ सीमा स्तम्भ (पिल्लर) हरू कर्णाली र मोहना नदीको कटानमा परेका छन्।

### ताला खोल्न प्रयास जारी छ : पाण्डेय

मणि प्रसाद ग्रैह्रे, कपिलवस्तु। यशोधरा गाउँपालिका कपिलवस्तुको लेखा शाखामा फागुन ६ गतेदेखि ताला लगाउँदा काम कारबाहीहरू ठप्प भएका छन्। लेखा अधिकृत निराजनराज लम्सालको कामप्रति चित्त नबुझेको भन्दै वडा अध्यक्षहरूले लेखा शाखामा ताला लगाएका हुन्। ताला लगाएपछि गाउँपालिकाका कामहरू प्रभावित हुँदै आएको विषयमा गाउँपालिकामा सो विषयमा कार्यालयमा पत्रकार सम्मेलन गरी ताला खोल्ने प्रयासबारे आफूले प्रयास गरेको गाउँपालिकाका अध्यक्ष गिरिजेश कुमार पाण्डेले बताए। कर्मचारी र वडा अध्यक्षका काम तथा अन्य काममा लेखा अधिकृतले समस्या थपेकोले ताला लगाइएको प्रति विभिन्न समाचार तथा टिका टिप्पणी भएको सन्र्दभमा वास्तविकता बताउन पत्रकार सम्मेलन गरेको अध्यक्ष पाण्डेयले बताए। ताला लगाएको बारे संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्यव समिति र राजनैतिक दल संग छलफल र सहकार्य भएको हुंदा छिटै निष्कर्षमा पुगिने पाण्डेयले बताए। समाचारमा यती रकम भष्टचार गर्यो यो काम असफल भयो भनेर आएको प्रति खण्डन गर्दे त्यस्ता काम भएको भए प्रमाणित गरी समाचार लेख्न समेत पत्रकारलाई आग्रह गरे। उता वडा नं ६ का अध्यक्ष श्यामनारायण उपाध्यायाले लेखा अधिकृत अर्को नै पठाएर काम गर्न सहजता गरिदिन आग्रह गरे। लेखा अधिकृत संग जनताका काम सहज तरिकारले नभएको कारण लेखा अधिकृतले मार्ग प्रशस्त्र गरिदिन उनले आग्रह गरे।

### सामुदायिक वनको भवन उद्घाटन

कैलाली। रानीजरूवा सामुदायिक वन उपभोक्ता समुह बर्दगोरीया ३ रानीकुण्डाको भवन उद्घाटन भएको छ। एक कार्यक्रमका आयोजना गरी बर्दगोरीया गाउँपालिका वडा नम्बर ३ का वडा अध्यक्ष करने सुनारले गरेका हुन्। समुहका अध्यक्ष लालसिह बिश्वकर्माको सभापतित्व भएको उद्घाटन कार्यक्रमको प्रमुख अतिथी बर्दगोरीया गाउपालिका वडा नम्बर ३ का वडा अध्यक्ष करने सुनार रहेका थिए। उद्घाटन कार्यक्रममा सब डिभिजन रामपुर कैलालीका प्रमुख कृष्ण बोहरा, बर्दगोरिया गाउपालिका कार्यपालिका सदस्य कोकिला खत्री, न्यायिक समितिका सदस्य टंकराज ओली र वडा सदस्य बिरबहादुर बौडेल, बुद्धीसरा बिक बिशिष्ठ अतिथी रहेका थिए। दानुफाटा नमुना समुदायिक वन उपभोक्ता समुहका अध्यक्ष टेकराज जोशी, साइनिङ्ग स्टार युवा क्लबका अध्यक्ष मिलन ओलीले सामुदायिक वनको सफलताको शुभकामना व्यक्त गरेका थिए। आठ लाख लगानीमा निर्मीत समुहको लागनी रहेको भवनको उद्घाटन कार्यक्रममा समुहकी सचिव मनिषरादेबी बिक बिकले गरेरको कार्यक्रमको संचालन आस्मीन कुमार बिकले गरेका थिए।

### मिथिलाञ्चलमा विधिवत् होली सुरू

जनकपुरधाम। मिथिलाञ्चलमा सोमबारदेखि नै विधिवत् होलीको सुरूवात भएको छ। त्रेतायुगमा रामसीताले कञ्चनवन पुगेर रङअबिर खेलेका विश्वासमा यात्रीले फागु पर्वको सुरूवात गर्ने परम्परा छ। हिजो कञ्चनवन आएको परिक्रमाका यात्रीले आज बिहान कञ्चनवनमा स्नान गरेर रङअबिर खेलेसँगै मिथिलाञ्चलमा आजदेखि विधिवत् रूपमा होली सुरू भएको मानिन्छ।
१५ दिने माध्यमिकी परिक्रमाअन्तर्गत सातौं दिनको बासस्थान कञ्चनवनमा भगवान् रामचन्द्र र माता सीताको डोला र मूर्तिलाई एकापसमा रङ र अबीरले होली खेलाइएको छ भने परिक्रमामा सहभागी हजारौं साधुसन्त महात्मा र गृहस्थ परिवार गरी सम्पूर्ण परिक्रमा यात्रीसमेतले एकापसमा रङ अबीर साटासाट गर्दै होली पर्वको सुरूआत गरेको हो। भगवान् तथा साधुसन्त र महात्माले होली पर्वको सुरूआत गरिसकेको कुरालाई लिएर आज बिहानै मिथिलाञ्चलको गाउँगाउँ तथा घरघरमा पनि रङ अबीरको प्रयोग सुरू भएको छ।

### ठूला औपचारिक कार्यक्रम स्थगित

बुटवल। विश्व स्वास्थ्य सङ्गठनले नेपाल पनि कोरोना भाइरसको उच्च जोखिममा रहेको बताएपछि सङ्घीय सरकारदेखि स्थानीय सरकारहरूले यसबारे उच्च सतर्कता अपनाउन सुरू गरेका छन्। प्रदेश ५ सरकारले पनि सङ्क्रमण रोक्न र उच्च सतर्कता अपनाउन विशेष निर्णयहरू गरेको छ प्रदेश सरकारले आफैँले पूर्वनिर्धारण गरेका ठूला औपचारिक सार्वजनिक कार्यक्रमसँगै प्रदेशका १२ वटै जिल्लामा हुने ठूला सार्वजनिक कार्यक्रमहरू स्थगित गर्ने निर्णय गरेको छ। सोमबार बसेको मन्त्री परिषद् बैठकले धेरै जना भेला हुने कार्यक्रममा समेत प्रमुख जिल्ला अधिकारीमार्फत रोक लगाउने निर्णय गरेको छ। मन्त्री परिषद् बैठकले प्रदेश सरकारले वैशाखमा गर्न लागेको लगानी सम्मेलनसमेत कोरोना प्रभावका कारण स्थगित गर्ने निर्णय गरेको सरकारका प्रवक्ता तथा भौतिक पूर्वाधार विकास मन्त्री वैजनाथ चौधरीले जानकारी दिए।

### सरकारले जनमतको दुरूपयोग गर्‍यो : पौडेल

विराटनगर। कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले कम्युनिष्टले पाएको जनमतको दुरूपयोग गरेकाले जनतामा निरासा छाएको बताएका छन्। जनमत दुरूपयोग गर्दा भ्रष्टाचार मौलाएको र जनता निराश भएको उनले आरोप लगाए। विराटनगरमा पिताजी कृष्णप्रसाद कोइराला स्मृति परिषद्को कार्यक्रममा उनले कम्युनिस्टले जनमत दुरूपयोग गर्दा विकल्पमा जनताले कांग्रेसलाई खोजेको बताए। उनले यस्तो बेला कांग्रेस सभापतिले पार्टी बलियो बनाउनुको साटो पद बाँडेर आफू बलियो बन्ने दाउमा लागेको आरोप पनि लगाए। वडा स्तरबाट अधिवेशन गरेर पार्टी संगठन सुदृढ बनाउनु पर्नेमा पद बाँड्दै विभागहरू गठन गर्नु पार्टीको हितमा नभएको उनको भनाइ थियो।

### उखु अभावमा चिनी उद्योग बन्द

रौतहट। उखु अभावमा रौतहटको गरूणस्थित श्रीराम सुगर मिल्स बन्द भएको छ। गत माघ २७ गतेदेखि सञ्चालनमा आएको उद्योगलाई किसानले उखु दिन नमानेपछि बन्द भएको हो। करोडौं रूपैयाँ भुक्तानी दिन बाँकी रहेको उद्योगलाई रोतहटका उखु किसानले नपत्याएपछि सबैन्दा कम क्रसिङ गर्दै उद्योग बन्द भएको उखु उत्पादक संग रौतहटका अध्यक्ष अशोकप्रसाद यादवले बताए। २०५१ देखि उखुको क्रसिङ थालेको उद्योगले चालू आर्थिक वर्षमा १ लाख क्विन्टल पनि पुर्‍याउन सकेन। गत वर्ष करिब १५ लाख क्विन्टल उखु क्रसिङ थालेको चिनी मिलले चालू सिजनमा मुस्किलले ७० हजार क्विन्टल उखु क्रस गरेको छ। अढाइ दशक भन्दा लामो अवधिमा सबैभन्दा कम उखु पाएको वर्ष नै यही भएको संघका अध्यक्ष यादवले बताए। उद्योगले किसानलाई समयमा उखुको मूल्य भुक्तानी गर्दैनन्। हरेक वर्ष भुक्तानी पाउन किसानले झमेला गर्नु परिरहेको थियो।

### किसानलाई प्रोत्साहन गर्न विशेष योजना

बुटवल। प्रदेश ५ का भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री आरती पौडेलले गरिब किसानलाई प्रोत्साहन गर्न प्रदेश सरकारले विषेश कार्यक्रम ल्याएको बताएकी छिन्। कृषि कार्यक्रममा भूमिहिन किसानलाई जोड्न सके गरिब किसान जो खेती गरेर जीविकोपार्जन गर्न आत्मविश्वास राख्छन् ती किसानलाई ठूलो टेवा पुग्ने उनले बताइन्। मन्त्रालयले मङ्गलबार आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा मन्त्री पौडेलले किसानलाई जग्गा दिएर मात्रै उत्पादनको प्रतिफल नआउने रहेछ भन्ने विगतको उदाहरण रहेको बताउँदै त्यसका लागि प्रोत्साहन र अनुगमन जरूरी दखिएको उल्लेख गरिन्।

कला / साहित्य

कमल मण्डल

# सुमधुर आवाजकी धनी गायिका अञ्जली



मलीउड (मैथिली सिने जगत्) गीत संगीतको रंगीन दुनियामा केही समय अगाडि थपिएको नाम हो अञ्जली पटेल । उनले मैथिली तथा भोजपुरी भाषाको विभिन्न एल्बमहरूमा सुमधुर आवाज दिएर निकै चर्चा कमाइसकेकी छन् । उनले आफ्नो पहिलो एकल स्वरमा मैथिली भाषाको एल्बम 'सजनाके अंगना' निकालेकी छन् ।

जम्मा आठ वटा गीत रहेको यस एल्बममा सम्पूर्ण गीतको रचना चर्चित कलाकार बि.एन. पटेलले गरेका थिए । देह छै देहाती हमर, चुल्ही पर करब नै, गे बहिन कोना क, प्रेम करब कोई, हे रौ सबरका, पियवा पढबो नै, दारू नै छोडै पियवा, बन्हकी मे परल छैथ राम लगायतका गीत रहेको यस एल्बमको गीत अहिले स्थानिय रेडियो एफ.एम.हरूमा चर्चित भएका छन् । सयौंको संख्यामा स्टेज कार्यक्रमहरूमा आफ्नो प्रस्तुति देखाएकी अञ्जलीको गीत सामाजिक संजाल तथा यूट्यूबहरूमा लाखौं जनाले हेर्ने गरेका छन् । हाल शास्त्रीय संगीत गुरू गुरूदेव कामतसँग गुरूकुल संगीत विद्यालयमा संगीतको विशेष ज्ञान लिइरहेकी गायिका पटेल साइन्स विषयमा एम.ए.सँगै संगीत विषयमा पनि एम.ए. सम्मको अध्ययन पूरा गरेकी छन् ।

राजधानी काठमाडौंमा बिगत केही वर्षदेखि अध्यापनसँग कला संस्कृति तथा गीत संगीत सम्बन्धी लेख रचनाहरू पनि नियमित रूपमा लेख्दै आएकी छन् । काठमाडौंमा हुने सांस्कृतिक कार्यक्रमहरूमा प्राय: मैथिली र भोजपुरी गीत प्रस्तुत गरेर लाखौंको संखयामा आफ्ना स्रोता तथा दर्शकहरू कमाई सकेकी छन् । काठमाडौंको रेडियो उपत्यकामा गीत संगीत सम्बन्धी कार्यक्रम संचालीकाको रूपमा पनि अनुभव बटुली सकेकी छन् । सामाजिक कार्यमा विशेष रूचि राख्ने गायिका अञ्जली अहिलेसम्म तीन दर्जनभन्दा गीतमा आफ्नो सुमधुर आवाज दिन सफल भएकी छन् । दर्जनौं सम्मान तथा प्रशंसा पत्रहरू पाउन सफल गायिका पटेल काठमाडौंदेखि भारतको मुम्बईसम्मको अनुभव बटुली सकेकी छन् ।

# न्यायिक अधिकारीहरूको भारतमा प्रशिक्षण



काठमाडौं । नेपालको सर्वोच्च अदालतका ३० न्यायिक अधिकारीको पहिलो ब्याचले भारतको जोधपुर राजस्थानस्थित नेशनल ल युनिभर्सिटिमा 'मुद्दा मामिला तथा अदालत व्यवस्थापन' बारे ७ दिने प्रशिक्षण शुरू गरेका छन् ।

नेपाल सरकारको अनुरोधमा तयार पारिएको यो एक विशेष कोर्ष हो । न्यायलयको प्रशासनमा सूचना र सञ्चार प्रविधिको प्रयोग तथा मुद्दा तथा अदालत व्यवस्थापन सम्बन्धि मामिलालाई प्रभावकारी ढङ्गबाट समाधान गर्न यो कोर्षले अधिकारीहरूको क्षमतालाई अभिवृद्धि गर्ने भारत सरकारले जनाएको छ ।

कानून सम्बन्धि सिकाई, बुझाई, अनुसन्धान तथा ज्ञानको विस्तारमा परिचित सो प्रतिष्ठित विश्वविद्यालयमा नेपाली अधिकारीले प्रशिक्षण लिइरहेका छन् । अन्तर्राष्ट्रिय कानून संस्था तथा विज्ञहरूबाट प्रशंसा बटुल्न सफल यस विश्वविद्यालयले कानूनी अनुसन्धान एवं कर्पोरेट कार्य संस्कृतिमा रहेका जटिलतालाई बुझी शैक्षिक/कर्पोरेट विषयमा वैकल्पिक अध्ययनको विकास गर्ने अग्रगामी कार्य गरेको छ ।

भारत सरकारको पूर्ण सहयोगमा सञ्चालित यस कोर्ष भारतीय विदेश मन्त्रालयको प्राविधिक तथा आर्थिक सहयोग कार्यक्रम अन्तर्गत रहेको छ । सर्वोच्च अदालतकै ३० न्यायिक अधिकारीको दोस्रो ब्याचले चैत्र १० देखि १६ गते सम्म सोही विषयमा प्रशिक्षण लिनेछन् ।

नेपालमा क्षमता विकासका लागि भारतको निरन्तर प्रतिबद्धता अनुरूप भारतीय राजदूतावासले चालू आर्थिक वर्षमा २०० भन्दा बढी नेपाली अधिकारीलाई रूड्कीस्थित भारतीय प्रौद्योगिक संस्थान, गान्धीनगरस्थित गुजरात फरेन्सिक साइन्सेस युनिभसिटि, देहरादुनस्थित भारतीय सुदूर संवेदन संस्थान ,नयाँ दिल्लीस्थित भारतीय जन संचार संस्थान, बेङ्गलुरूस्थित भारतीय विज्ञान संस्थान जस्ता विविध भारतका प्रतिष्ठित प्रशिक्षण संस्थामा प्रशिक्षण दिलाएको छ ।

## सीमाको ३७ नाकामा जाँच गरिने

काठमाडौं । कोरोना भाइरसको संक्रमण भित्रिन नदिन नेपाल-भारत ३७ सीमा नाकामा पनि जाँच गरिने भएको छ । उपप्राधन तथा रक्षामन्त्री ईश्वर पोखरेलको नेतृत्वमा रहेको उच्चस्तरीय समितिको बसेको बैठकले त्रिभुवन विमानस्थलमा भइरहेको चेकजाँचलाई अझ व्यवस्थित बनाउने निर्णय गरेको छ । यस्तै आउजाउ हुने नेपाल र भारतका ३७ वटा नाकामा स्वास्थ्य टोली पठाएर चेकजाँच गरिनेछ ।

आर्थिक समाचार

## पुलको रूपमा काम गर्नेछु : ढकाल

काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष चन्द्रप्रसाद ढकालले आफू महासंघको नेतृत्वमा रहेर व्यवसायी, स्थानीय सरकार र केन्द्रबीच पुलको काम गर्ने बताएका छन् । बागलुङ उद्योग वाणिज्य संघको ५६औं वार्षिक साधारणसभामा मंगलबार प्रमुख अतिथिको रूपमा सम्बोधन गर्दै ढकालले महासंघले देशमा तीन तहको सरकार बनेपछि देखिएका द्विविधाका विषयहरूमा सरकारसँग वार्ता र सम्वादमार्फत समाधान खोज्ने बताएका छन् । तीन तहको सरकार बनेपछि नयाँ कानुन बनाउने क्रममा कतिपय नियमकानुनहरू सरोकारवालासँग छलफल नै नगरी आएकाले व्यवसायीहरूमा केही कन्फ्युजन सृजना भएको छ, उनले भने, सरोकारवाला पक्षसँग छलफल नै नगरी, जानकारी नै नदिई आएका यस्ता कानुनहरू व्यावहारिक हुँदैनन् । सरोकारहरूसँग छलफल गरेर मात्र कानुन ल्याउँदा कार्यान्वयनमा सहज हुने उनले बताए । उनले स्थानीय श्रोत साधनको प्रयोग हुने र स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने कुनै न कुनै आयोजना बागलुङमा तत्काल सुरू गर्न बागलुङका स्थानीय व्यवसायीहरूसँग छलफल भइरहेको बताए ।

## टीकापुरमा बैंकिङ्ग साक्षरता

कैलाल । ग्लोबल आइएमई बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सुदूरपश्चिम प्रदेशको कैलाली जल्ला, टिकापुरस्थित बिरेन्द्र विद्या मन्दिर क्याम्पसमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ । क्याम्पसमा अध्ययनरत विद्यार्थी र कार्यरत शिक्षक कर्मचारीहरूलाई लक्षित गरी संचालन गरिएको कार्यक्रममा करिब १०० जनाको उपस्थिति रहेको थियो । कार्यक्रममा निक्षेप, कर्जा लगानी र यसको सदुप्रयोग, आधुनिक बैंकिङ्ग, डिजिटल बैंकिङ्ग तथा मोवाईल बैंकिङ्ग र रेमिट्यान्स कारोबार सम्बन्धी जानकारी उपलब्ध गरिएको थियो । उक्त कार्यक्रममा बिरेन्द्र विद्या मन्दिर क्याम्पसका क्याम्पस प्रमुख हर्क भण्डारी र बैंकको टिकापुर शाखाका शाखा प्रमुख प्रकाशदत्त भट्टको उपस्थिति रहेको थियो ।

## "आइएमई पे" को योजना सार्वजनिक

काठमाडौं । आइएमई ग्रुपद्वारा प्रवर्द्धित 'आइएमई पे' एपले **"नेपालमा पैसा हातैमा पायो, सँगै रू. ५० को बोनस खायो"** योजना ल्याएको छ । योजना अनुसार अब सजिलै जापानको क्योदाईबाट नेपालको 'आइएमई पे'मोबाइल वालेटमा पैसा पठाउन सकिने छ ।यो योजना फ्रेबुअरी २२ देखि अगस्ट २२, २०२०(छमहिना) सम्म लागु गरिएको छ । यो योजना अवधिभर क्योदाईबाट नेपालमा'आइएमई पे'गर्नुहुने सेवाग्राहीहरूले ३ पटकसम्मनिशूल्कसेवाशूल्कमा पैसा पठाउन सक्नुहुनेछ। चाहिएको बेलामा एजेन्टबाट पैसा निकाल्न सकिने र मोबाइल खाताबाट ब्याज पनि पाइने यस योजनाका फाइदाहरू रहेका छन् ।यसका लागि प्राप्तकर्ताले आफ्नो मोबाइलमा ' आइएमई पे 'डाउनलोड गरेको हुनुपर्दछ । जापानस्थित जुनसुकै क्योदाईकाउन्टरमा नेपालमा पठाउनुपर्ने रकम सहित 'आइएमई पे'मोबाइल वालेट खाता भएको वालेट नम्बर (फोन नम्बर) प्रदान गरिनेपालको 'आइएमई पे'मोबाइल वालेट नम्बरमा नि:शुल्क पैसा पठाउनसकिने व्यवस्था कम्पनी व्यवस्थापनले मिलाएको छ ।

## सिटिजन्स र मेदान्तबीच सहकार्य

काठमाडौं । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र भारतस्थित मेदान्त मेडिसिटि अस्पतालबीच सम्झौता भएको छ । सिटिजन्स बैंकका कार्डबाहक ग्राहकरूलाई अस्पतालको सेवा शुल्कमा १५ प्रतिशतसम्म छुट दिने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको हो । उक्त समझदारीपत्रमा बैंककातर्फबाट प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेल तथा मेदान्त अस्पतालका तर्फबाट सेल्स एण्ड मार्केटिङ्गका उपाध्यक्ष सुकेश थरेजाले हस्ताक्षर गरेका हुन् । यस सहकार्यबाट भारतमा स्वास्थ्यउपचार गराउन जाने बैंकका ग्राहकहरूलाई उपचारका क्रममा सहज सेवा प्राप्त हुने विश्वास बैंकले लिएको छ । यो सुविधा सिटिजन्स बैंकका कार्डबाहक ग्राहकहरूले भारतको गुरगाउँ , लखनउ, राँची, इन्दौरलगायतकामेदान्त अस्पतालका सबै शाखाहरूबाट पाउनेछन् ।

## होलीको कार्यक्रममा सहभागी नहुने

नयाँ दिल्ली । कोरोनाको त्रासपछि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी होली पर्वको कुनै कार्यक्रममा सहभागी नहुने भएका छन् । मोदीले बुधबार ट्वीटमार्फत् यस जानकारी दिएका हुन् । भारतमा होली यसै महिनाको मार्च १० मा परेको छ । मोदीले ट्वीटमा भनेका छन्,'विश्वभरका विज्ञले कोरोनाभाइरसको त्रासपछि समूह र भीडको उपस्थितीलाई घटाउन सुझाव दिएका छन् । त्यसैले, मैले होलीको कुनै कार्यक्रममा सहभागी नहुने योजना बनाउको छु ।' भारतमा अहिलेसम्म २८ जनामा कोरोनाभाइरसको संक्रमण पुष्टि भएको छ ।

## अत्यावश्यक औषधीको सूची माग

काठमाडौं । २६ प्रकारका औषधी र तीनका कच्चा पदार्थ निर्यातमा कडाई गरेको भारतले नेपालसँग आत्यावश्यक औषधीको सूची माग गरेको छ । भारतको निर्णयसँगै नेपालमा औषधी अभाव हुने ठानिएको छ । किनकी नेपालमै उत्पादन हुने औषधीका कच्चा पदार्थ पनि भारतबाट आयात गर्ने गरिएको छ । तर भारतले नेपाललाई जरूरी औषधीबारे जानकारी गराए आपूर्तिमा केही सहज बनाउने जानकारी गराएको उपप्रधानमन्त्री एवं कोरोना रोकथामका लागि सरकारले बनाएको उच्चस्तरीय समन्वय समितिका संयोजक ईश्वर पोखरेलले बताए ।

## टीकापुरमा कोरोना जाँच सुरू

कैलाली । कोरोना भाइरस संक्रमण (कोभिड-१९) बाट बच्न उच्च सतर्कता अपनाउँदै टीकापुर नगरपालिका-९ खक्रौला नाकामा हेल्थ डेस्क राखेर जाँच सुरू भएको छ । टीकापुर नगरपालिका जनस्वास्थ्य प्रवर्द्धनशाखाको समन्वय तथा प्रदेश सरकारको सहयोगमा नाकाबाट आउ(जाउ गर्नेमध्ये सम्भावित संक्रमित पत्ता लगाउन स्क्यानर मेसिन राखिएको जनस्वास्थ्य प्रवर्द्धनशाखा संयोजक बलबहादुर रावलले बताए । भारतबाट आउनेहरूलाई लक्षित गर्दै नाकामा जाँच सुरू गरिएको रावलले बताए । खक्रौलाको हेल्थ डेस्कमा जाँच गर्दा शंका लागेका बिरामीलाई राख्न टीकापुर अस्पतालमा छुट्टै आइसोलेसन वार्डको व्यवस्था गरिएको छ । प्रदेशको परिपत्रपछि अस्पतालले दुई वटा बेडसहितको आइसोलेसन वार्ड राखेको अस्पतालका अध्यक्ष दिपक रावलले जानकारी दिए । टीकापुरको उक्त नाकाबाट अहिलेसम्म त्यस्ता बिरामी फेला नपरेको हेल्थ डेस्कमा कार्यरत स्वास्थ्यकर्मी मकेन्द्र रोकायाले बताए ।

## नेपाल-भारत सीमामा कोरोना भित्रिन नदिन सजगता अपनाइने

काठमाडौं । बैतडीमा नेपाल-भारत सीमा बैठक बसेको छ । जिल्ला प्रशासन कार्यालय बैतडीमा बसेको सीमा बैठकमा भारतको पिथौरागढ जिल्ला प्रमुख र बैतडी -दार्चुलाका प्रमुख जिल्ला अधिकारी सहभागी थिए । सीमा बैठकमा कोरोना भाइरस नियन्त्रणमा नेपाल-भारतले सीमानाकामा उच्च सतर्कता अपनाउनेदेखि झुलाघाट मोटरेबल पुल र दुईदेशबीचको सुमधुर सम्बन्ध कायम राख्दै माहाकाली नदीले निम्त्याउने बाढीको जोखिम र सीमा नाकामा हुने अवैधानिक काम नियन्त्रणका विषयमा बैठकमा छलफल हुने बैतडीका प्रमुख जिल्ला अधिकारी आनन्द पौडेलले बताए । बैठकमा दुबै देशका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, वन कार्यालय र स्वास्थ्य संस्थाका प्रमुख सहभागी हुनुहुन्छ । बैठकमा सहभागी स्वास्थ्य प्रमुखहरूले कोरोना भाईरस नियन्त्रणका लागि दुबै देशको सीमा नाकाम कोरोना चेकजाँच सहायता कक्ष स्थापना गरिएको जानकारी दिएका छन् । कोरोना भित्रिन नदिन नेपाल-भारत दुबै देशले स्वास्थ्यकर्मीको टोलीसहित सीमा नाकामा निगरानी बढाएका छन् ।

## निर्यात बढाउन जमिन माग्न आग्रह

काठमाडौं । सरकार स्वदेशी वस्तुहरूको निर्यात बढाउने विषयमा केन्द्रित भएको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ। 'नेपाल बंगलादेश व्यापार प्रबन्ध र कनेक्टिभिटि' सम्बन्धमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रलाय र सावती नामक संस्थाले आयोजना गरेको कार्यक्रममा मन्त्रालयका सचिव बैकुण्ठ अर्यालले व्यापारको सन्दर्भमा उठेका कुराहरूलाई ध्यानमा राखेर कसरी निर्यात गर्ने भन्ने विषयमा मन्त्रालय केन्द्रित भएको बताएका छन् । कार्यक्रममा बंगलादेशका लागि नेपाली राजदूत वंशीधर मिश्रले बंगलादेशसँग व्यापार वृद्धि गर्नका लागि डेडिकेटेड कोरिडोरको विषय उठाउनुपर्ने बताए । उनले भारतलाई गण्डक योजना अन्तर्गत बिसौं किलोमिटर जमिन दिएका छौं त्यसैगरी भारतसँग नेपालले ३७ किलोमिटर जमिन लिएर बंगलादेशसँग डेडिकेटेड कोरिडोरको विकास गर्नुपर्ने र त्यसका लागि कुरा उठाउनुपर्ने बताए । कार्यक्रममा नेपालले बंगलादेशसँग गर्ने व्यापार सहज बनाउन र नेपाली वस्तुहरूमाथि बंगलादेशले लगाएको ट्यारिफको विषयमा पनि छलफल भएको थियो । कार्यक्रममा नेपालले बंगलादेशसँग विद्युत व्यापारका लागि सम्झौता गर्नु सुरूवात भएको र अन्य नेपाली उत्पादनहरूको निर्यातको सम्भावनाका विषयमा समेत समेत छलफल भएको थियो ।

## राजदूत र उपराष्ट्रपतिबीच भेटघाट



काठमाडौं । नेपालका लागि नवनियुक्त भारतीय राजदूत विनयमोहन क्वात्राले उपराष्ट्रपति नन्दबहादुर पुनसँग शिष्टाचार भेटघाट गरेका छन् । राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष ओह्रोदाको प्रमाणपत्र बुझाए लगतै राजदूत क्वात्राले उपराष्ट्रपति पुनसँग भेटघाट गरेका हुन । भेटमा उपराष्ट्रपति पुनले उनको सफल कार्यकालको शुभकामना व्यक्त गरे । यसैगरी राजदूत क्वात्राले उपप्रधान तथा रक्षामन्त्री इश्वर पोखरेलसँग पनि भेट गरेका छन् । उनीहरूबीच नेपाल-भारत सम्बन्धबारे छलफल भएको थियो । त्यस अवसरमा राजदूत क्वात्राले उपप्रधानमन्त्री पोखरेललाई पुस्तक पनि उपहार प्रदान गरे ।

## मेसिन भारतबाट ल्याइने

काठमाडौं। चीनमा कोरोनाको संक्रमण बढेसँगै नेपालमा मास्कको अभाव भएको छ । अभाव हटाउन नेपाल सरकारले मास्क नियमित रूपमा आपूर्ति गर्नका लागि आयात तथा उत्पादन वृद्धि गर्ने निर्णय गरेको छ । मास्क उत्पादनको जिम्मा पाएको नेपाल चेम्बर अफ कमर्सले उद्योगी दिपक मल्होत्राको नेतृत्वमा एक उपसमिति समेत गठन गरेको छ । मास्क उत्पादनका लागि भारतबाट मेसिन तथा आवश्यक कच्चा पदार्थ ल्याउने तयारी भइरहेको मल्होत्राले जानकारी दिए ।५० लाख मूल्य पर्ने उक्त मेसिनले हप्तामा ५ लाख पिस अर्थात दैनिक ७० हजार बढी मास्क उत्पादन गर्न सक्ने उनले जानकारी दिए । यी मास्कलाई उपभोक्ताले ४ देखि ५ रूपैयाँमा पाउन सक्ने मल्होत्राले बताए ।

## भारतीय नागरिकता कानुनको विषयमा भारतीय सांसदद्वारा जेनेभामा छलफल



नयाँ दिल्ली । भारतमा पछिल्लो दुई महिनादेखि जारी नागरिकता कानुनको पक्ष र विपक्षमा विवाद चलिरहँदा भारतीय राज्यसभा सांसद मोबाशेर जावेद अख्तर (एमजे अकबर)ले जेनेभामा युरोपेली सांसदहरूसँग छलफल गरेका छन् । जेनेभामा मानवअधिकार काउन्सिलको बैठकमा सांसद अकबरले भारतीय नागरिकता कानुनको पक्षमा बलियो धारणा राखेका हुन । भारतीय नागरिकता कानुनको समर्थन गर्दै उनले भारतको विशेष र महत्वपूर्ण उपलब्धि उहाँको विविधतायुक्त संस्कृति र संविधानद्वारा प्रदत समानताको अधिकार रहेको उल्लेख गरे । भारतमा कुनै पनि पन्थभन्दा बढी यहाँको लोकतन्त्र प्रभावी रहको पनि उनले स्पष्ट पारे । अकबरले महात्मा गान्धीको भनाइ उद्धृत गर्दैहिन्दू र मुस्लिम सबै एक हुन र सबैलाई ईश्वरले बनाएको चर्चा गरे । छलफलका क्रममा मुस्लिम धर्म नेता मौलाना उमर अहमद इलियासी, युरोपीय सांसद फुल्वियो मार्तुसाइल्लो र पत्रकार आतिका अहमद फारूकी समेतको सहभागिता थियो । युरोपीय सांसद मार्तुसाइल्लोले भारतमा रहेको भाईचारा र शान्तिको प्रशंसा गरे । उनले भारतीय नागरिकता कानुन अल्पसंख्यक समुदायका नागरिकको अधिकार र नागरिकता खोस्न नल्याएको बताउँदै धार्मिक उत्पीड़न भोग्ने र सुखसुविधाबाट वञ्चित नागरिकहरूलाई अधिकार पाउने विश्वास व्यक्त गरे ।

## तराई-मधेश...

कार्यक्रमले ९ कात्तिक २०७५ मै सार्वजनिक सूचना प्रकाशन गरी स्थानीय तहलाई योजना प्रस्ताव गर्न आह्वान गरेको थियो । तर, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहले माग गरेभन्दा फरक योजना स्वीकृत गरेको स्थानीय सरकार प्रमुखहरूको आरोप छ ।

स्थानीय सरकारका प्रमुखहरूले माग नै नभएका योजनामा बजेट पठाएको भन्दै संघीय सरकारको आलोचना गरेका थिए । गौरका मेयर अजयकुमार गुप्ताका अनुसार मन्त्रालयले माग नै नगरिएको वडा नम्बर ४ मा सामुदायिक भवन निर्माणका लागि ४० लाख रूपैयाँको योजनाका लागि बजेट स्वीकृत गरेको छ । उनी भन्छन्, 'हामीले सामुदायिक भवन निर्माणको माग गरेकै छैनौं, भवन निर्माणका लागि जग्गा पनि छैन । अब सामुदायिक भवन कहाँ बनाउने ?'

रौतहटकै गुजरा नगरपालिकामा पनि माग नगरिएको पिपराटोल नजिक लमाहा खोलामा तटबन्धका लागि योजना स्वीकृत भएको छ । मेयर चौधरीका अनुसार नगरपालिकाले मागेका योजना सबै अस्वीकृत भएका छन् तर, नमागेका योजनाका लागि बजेट स्वीकृत भएको छ । यस्तो समस्या कार्यक्रम लागू भएका अधिकांश जिल्लामा छ ।

सरकारले चालु आर्थिक वर्षमा तराई मधेश समृद्धि कार्यक्रमका लागि २ अर्ब ३ करोड रूपैयाँ बजेट छुट्याएको छ । कार्यक्रम सञ्चालन निर्देशिकामा, स्थानीय तहले आवश्यकताको पहिचान गरी कार्यविधिको बजेट सीमाभित्र रही प्रस्तावित योजनाहरू केन्द्रमा माग तथा सिफारिश गर्नुपर्ने उल्लेख छ । ती योजनाको लागत रकमको १० प्रतिशत भने स्थानीय तहले खर्च गर्नुपर्ने व्यवस्था छ ।

स्थानीय तहबाट प्रस्तावित योजना मन्त्रालयले स्वीकृत नगरेको सबैभन्दा ठूलो गुनासो प्रदेश २ मा छ । प्रदेश २ का १३६ स्थानीय सरकारमध्ये ४० वटामा नेपाली कांग्रेसबाट निर्वाचित प्रमुख छन् । २६ वटामा संघीय समाजवादी फोरम, २५ वटामा राजपा, ३९ मा नेकपाबाट निर्वाचित प्रमुख छन् ।

उता संघमा भने नेकपाको सरकार छ । त्यसैले, प्रदेश २ का अधिकांश स्थानीय सरकार प्रमुखहरूले नेकपाले आफ्ना कार्यकर्तालाई खुशी पार्न उनीहरूको माग अनुसार बजेट वितरण गरेको आरोप लगाउँछन् । हुन पनि कार्यपालिकाले निर्णय गरी प्रस्ताव गरेका कैयौं योजना अस्वीकृत भएका छन् तर, तत्कालीन एमाले वा माओवादीबाट निर्वाचित वडाध्यक्षले प्रस्ताव गरेका योजना स्वीकृत भएका छन् । मन्त्रालयले स्वीकृत गरेका योजनाहरू हेर्दा पनि विवादको मुख्य चुरो योजना स्वीकृत गर्दा 'कार्यकर्ताको अनुहार हेर्ने' चाहना नै प्रमुख देखिन्छ । स्थानीय प्रमुखहरू सरकारले यो कार्यक्रम नै कार्यकर्तालाई खुशी पार्न ल्याए जस्तो देखिएको टिप्पणी गर्छन् ।

## को बन्छ...

कलाकार, सामाजिक अभियन्ताजस्ता हुन्छन् । कलासंस्कृति तथा साहित्यको क्षेत्रमा निरन्तर काम गर्दै आइरहेको मिथिला नाट्यकला परिषद (मिनाप) ले २६ फागुनमा 'महामुर्ख' महामूर्ख सम्मेलन गरिरहेको छ । यसपटक 'महामुर्ख सम्मेलन' र होरी महोत्सव जानकी मन्दिर परिसरभित्र आयोजना हुँदैछ । यसवर्षको 'महामुर्ख' खोज्न आयोजक संस्था मिथिला नाट्यकला परिषद् जुटिसक्केको छ । 'महामुर्ख'को उपाधि पाउने व्यक्तिको खोजी कार्य भइरहेको परिषद्का महासचिव शैलेन्द्र मल्लिकले जानकारी दिए । यस वर्ष 'महामुर्ख'को उपाधि पाउनेमा पूर्व प्रदेश प्रमुखदेखि विभिन्न राजनीतिकर्मीहरू सूचीमा छन् । 'महामुर्ख' को उपाधि पाउनेहरूको सूचीमा नेपाली कांग्रेसका उपसभापति विमलेन्द्र निधि, प्रदेश २ का पूर्व प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थ, मुख्यमन्त्री लालबाबु राउतलगायतका नाम रहेको बताइएको छ । 'महामुर्ख सम्मेलन'को अवसरमा मैथिली क्षेत्रका कवि, साहित्यकारहरूले राजनीति, राजनीतिज्ञ, सामाजिक कुरूतीजस्ता विषयहरूमा गर्ने व्यङ्ग्यात्मक प्रहारले छुट्टैखाले मनोरञ्जन दिने गर्दछ । मिथिला २०६१ सालदेखि मिथिला नाट्यकला परिषदले महामूर्ख सम्मेलनको आयोजनालाई निरन्तरता दिँदै आइरहेको छ ।

## प्रदेश २...

सचिवालयका सचिव रंजित यादवका अनुसार प्रदेश सरकारको आग्रहमा सदनले गरेको तयारीमा अपुग भएको भन्दै २२ गते बोलाइएको बैठक ३० गते १ बजे बस्ने र फागुन २३ गते गोप्य मतदान गर्ने प्रक्रियाको मिति सारेर चैत १ गतेका लागि सूचना जारी गरिएको छ । फागुन ३० गते बस्ने प्रदेशसभा बैठकमा नामकरण र स्थायी राजधानी टुंगो लगाउने प्रक्रियाबारे सदनलाई जानकारी गराई त्यसको भोलिपल्ट मतदान गराउने सदन सचिवालयले तयारी रहेको छ । प्रदेश २ को स्थायी राजधानीबारे सबै दल एकमत भए पनि प्रदेशको नाममा सहमति हुनसक्केको छैन । प्रदेशको स्थायी राजधानी र नामाकरण सर्वसम्मतरूपमा राख्न संसदीय दलबीच विवाद देखिएपछि सभामुख यादवको संयोजकत्वमा विशेष समिति गठन गरिएको थियो । सो समितिले प्रदेशको राजधानीको टुङ्गो लगाए पनि प्रदेशको नामकरण भने टुङ्गो लगाउन सक्केको छैन । सत्तारूढ दल समाजवादी पार्टी र राजपाले प्रदेशको नामकरण 'मधेश प्रदेश' प्रस्ताव गरेका छन् भने प्रमुख विपक्षी दल नेकपाले 'जानकी' र नेपाली काँग्रेसले 'मिथिला-भोजपुरा' प्रस्ताव गरेका छन् । प्रदेशको नामकरणबारे सहमति जुटाउन पटक-पटक बसेको समितिको बैठकमा सत्तारूढ दल मधेश प्रदेशबाट पछि हट्न तयार भएन भने विपक्षी दल पनि आफ्ना अडानबाट पछि हट्न तयार नभएपछि सहमति जुट्न नसक्केको हो । मधेश जोड्दै नेकपाले जानकी-मधेश र काँग्रेसले मिथिला-मधेश नामाकरण गर्न सत्तारूढ दललाई सुझाएका थिए । प्रदेश २ मा सत्तारूढ दल समाजवादी पार्टीको ३० र राजपा नेपालको २५ सदस्य छन् भने प्रमुख विपक्षी दल नेकपाका ३२, काँग्रेसको १९ र रिजवान अन्सारी नेतृत्वको संघीय समाजवादी फोरमका एक सदस्य प्रदेशसभामा छन् ।






मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

**मोबाइल** : ९८४३१४६४८८

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं